# पहिलो परिच्छेद

## शोधपत्रको परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **चूडामणि रेग्मीको निबन्धकारिता** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दोस्रो वर्ष (प्राइवेट) को दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.३ समस्याकथन

चूडामणि रेग्मीले कविता, कथा र निबन्ध आदि विधामा कलम चलाएको पाइन्छ । रेग्मीका कथा र कवितामा शोध-अनुसन्धान भएको तर निबन्धकारिता मूल समस्या रहेको हुँदा प्रस्तुत शोधपत्र निम्न समस्यामाथि केन्द्रित रहेको छ :

(१) चूडामणि रेग्मीको जीवनी र व्यक्तित्व केकस्तो छ ?

(२) चूडामणि रेग्मीको निबन्धयात्रा केकस्तो छ ?

(३) चूडामणि रेग्मीका निबन्धहरूको वर्गीकरण केकसरी गर्न सकिन्छ ?

(४) चूडामणि रेग्मीका निबन्धहरूको विश्लेषण केकसरी गर्न सकिन्छ ?

(५) चूडामणि रेग्मीका निबन्धमा पाइने मूलभूत प्रवृत्तिहरू केकस्ता छन् ?

### १.४ शोधपत्रको उद्देश्य

माथिका शोध समस्याहरूमा आधारित भई चूडामणि रेग्मीका निबन्धहरूको विश्लेषण गर्दै तयार पारिएको यस शोधपत्रको उद्देश्य यसप्रकार छ :

(१) चूडामणि रेग्मीको जीवनी र व्यक्तित्व प्रस्तुत गर्ने,

(२) चूडामणि रेग्मीको निबन्धयात्रा केलाउने,

(३) चूडामणि रेग्मीका निबन्धहरूको वर्गीकरण गर्ने,

(४) चूडामणि रेग्मीका निबन्धहरूको विश्लेषण गर्ने,

(५) चूडामणि रेग्मीका निबन्धात्मक प्रवृत्तिहरू केलाउने ।

## १.५ पूर्वकार्यको समीक्षा

चूडामणि रेग्मीका निबन्धका बारेमा फाटफुट रूपमा भएका अध्ययनलाई निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिन्छ :

घनेन्द्रप्रसाद शर्माले **साधना** (२०३०) निबन्धसङ्ग्रहको मन्तव्य भागमा "रेग्मीका रचनाहरू चिप्ला मिठा गफ हुनुको साटो टर्रो देखिने र सेवनगर्दा औषधीको जस्तो काम गर्ने समाजका छर्लङ्ग चित्रहरू चित्रण गरी सबै समस्याहरू सामधान गर्ने बाटो देखाइ दिएको छ" भनेका छन् ।

मोहनराज शर्माले **साधना** (२०३०) निबन्धसङ्ग्रहको मन्तव्यमा "रेग्मी सानो कुरालाई कपासझैँ फड्केर फिजाउँदै लैजान्छन् तर चाख भने कतै दिँदैनन् । यहीँ नै उनको निबन्धलेखनको विशेष पक्ष हो" भन्दछन् ।

राजेन्द्र सुवेदीले **धूनमा घुन** (२०३५) निबन्धसङ्ग्रहमा "निबन्ध र निबन्धकार चूडामणि रेग्मी' शीर्षक लेखमा निबन्धको विषयवस्तु, गठनविधि, प्रस्तुति, बिम्ब र शैलीको चर्चासहित रेग्मी निबन्धको इतिहासका देवकोटा, शङ्कर लामिछाने र कृष्णचन्द्रसिंह प्रधानले बनाएको मार्गका अनुयायी, आत्मपरक र वैचारिक दृष्टिले यथार्थोन्मुख निबन्धकार" भएको विचार व्यक्त गरेका छन् ।

सरोज ओलीले **घुमेका कुरा** (२०५६) निबन्धसङ्ग्रहको 'प्राक्कथन' शीर्षकमा "रेग्मीका यात्रा संस्मरणहरूले समसामयिक समस्याहरू लिएर उठ्दै युगीन चरित्रको उद्घाटन गर्न पुगेका छन्" भनेका छन् ।

अच्युत घिमिरेले **जुहीमा प्रकाशित कथाहरूको अध्ययन** (२०५९) शीर्षकको शोधपत्रमा "चूडामणि रेग्मी पूर्वका मोतीराम हुन्" भनेका छन् ।

मन्दिरा सुवेदीले **जुहीमा प्रकाशित निबन्धहरूको अध्ययन** (२०६२) शीर्षक शोधपत्रमा "रेग्मीले बनारसबाट **छहारी** (२०१५) देखि पत्रिका सम्पादन गर्दै आएका र हालसम्म पनि **जुही** र **यथार्थ कुरा**को सम्पादन-प्रकाशन गर्दै आएको पाइन्छ" भनेका छन् ।

दुर्गादेवी खतिवडाले **'भावना' लघुकाव्यको कृतिपरक अध्ययन** (२०६४) शीर्षक शोधपत्रमा "झापाबाट प्रकाशित अहिलेसम्मका निबन्धसङ्ग्रहलाई हेर्दा आत्मपरक निबन्धतर्फ पहिलो निबन्ध **साधना** नै रहेको देखिन्छ" भनेका छन् ।

यसरी विभिन्न समयमा विभिन्न व्यक्तिहरूले रेग्मीको निबन्धसङ्ग्रहको बारेमा केही मात्रमा खोजखाज गरे पनि उनका ६ वटा निबन्धसङ्ग्रहका निबन्धहरूको वर्गीकरण तथा विश्लेषण नभएकाले यस शोधकार्यमा उनका निबन्धहरूको वर्गीकरण तथा विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

प्रस्तुत शोधपत्रमा चूडामणि रेग्मीको जीवनी, व्यक्तित्व, कृतित्व र निबन्धयात्रका साथै रेग्मीका ६ वटा निबन्धसङ्ग्रहका निबन्धहरूको वर्गीकरण र विश्लेषण गर्ने काम भएकोले सहित्य अनुरागी, अध्येता एवम् वौद्धिक वर्गलाई यसको अध्ययन महत्त्वपूर्ण तथा उपयोगी सिद्ध हुनेछ ।

## १.७ शोधकार्यको सीमाङ्कन

चूडामणि रेग्मीले कथा, कविता, निबन्धजस्ता धेरै विधामा कलम चलाएको भए तापनि प्रस्तुत शोधपत्रमा रेग्मीको जीवनी, व्यक्तित्व, निबन्धयात्रा, विभिन्न ६ वटा निबन्धसङ्ग्रहहरूको वर्गीकरण र विश्लेषण गर्ने काममा मात्र सीमित रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा ऐतिहासिक र विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ । चूडामणि रेग्मीको परिचय, निबन्धयात्रा र निबन्धहरूको वर्गीकरण ऐतिहासिक विधिबाट र निबन्धहरूको अध्ययनमा विश्लेषणात्मकविधिको प्रयोग गरिएको छ ।

## १.९ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा प्राथमिक तथा द्वितीयक दुबै स्रोतबाट सामग्रीहरू लिइएको छ । सामग्रीसङ्कलनको क्रममा मूलतः पुस्तकालीय पद्धतिको उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| (१) पहिलो परिच्छेद | : | **शोधपत्रको परिचय** |
| (२) दोस्रो परिच्छेद | : | **चूडामणि रेग्मीको सङ्क्षिप्त परिचय** |
| (३) तेस्रो परिच्छद | : | **चूडामणि रेग्मीको निबन्धयात्रा** |
| (४) चौथो परिच्छेद | : | **चूडामणि रेग्मीका निबन्धहरूको वर्गीकरण** |
| (५) पाँचौँ परिच्छेद | : | **चूडामणि रेग्मीका निबन्धहरूको विश्लेषण** |
| (६) छैटौँ परिच्छेद | : | **उपसंहार तथा निष्कर्ष** |

# दोस्रो परिच्छेद

## चूडामणि रेग्मीको सङ्क्षिप्त परिचय

### २.१ चूडामणि रेग्मीको जीवनी

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

चूडामणि रेग्मीको जन्म कोसी अञ्चलको संखुवासभा जिल्लाको वाना भन्ने गाउँमा वि. सं. १९९३ साल चैत्र २९ गते आइतबार चैत्र कृष्णपक्ष प्रतिपदा तिथीका दिन पिता डिड्ठा पिताम्बर रेग्मी र माता खिलेश्वरी रेग्मीका एघारौँ सन्तान तथा कान्छो छोराका रूपमा भएको हो ।[१] रेग्मीका दाजु कोशराज रेग्मी र दिदीहरू देवीप्रिया दाहाल र डिम्बप्रिया दाहाल रहेका छन् । शिक्षित र सम्पन्न परिवारमा जन्म लिएका रेग्मीको बाल्यकाल राम्रै लालनपालन र सुखसुविधामा बितेको देखिन्छ । बाबु डिठ्ठामा जागिरे र सम्पन्न एवम् समृद्ध आर्थिक अवस्थाको परिवारमा जन्म भएकाले उनले बाल्यकालमा कुनै प्रकारको अभाव वा असुविधा भोग्नु परेन ।[२] यसरी एउटा समृद्ध आर्थिक अवस्था भएको सम्पन्न परिवारका सन्तानका रूपमा उनले अभावरहित सुख तथा सुविधायुक्त बाल्यजीवन व्यतीत गरेको देखिन्छ ।

### २.१.२ शिक्षादीक्षा

चूडामणि रेग्मीको प्रारम्भिक शिक्षा घरमै लुवाकोट निवासी श्री डम्बरबल्लभ भट्टराई (शास्त्री) गुरुबाट भएको हो ।[३] त्यसपछि तीनचार महिनाजति दिङ्लाका प्रसिद्ध गुरु पं. डिल्लीप्रसाद अधिकारीसँग अध्ययन गरी खाँदबारीमा आधार पाठशालामा पढाउने शिक्षक पं. हरिप्रसाद भण्डारीसँग गुरुकै घरमा बसी दुई वर्षजति **लघुकौमुदी** र **रघुवंश** आदिको अध्ययन

---

१. चूडामणि रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

२. ऐजन ।

३. ऐजन ।

गरेको पाइन्छ । व्याकरणको जग बसाउने काम चाहिँ भण्डारी गुरुबाटै भएको थियो ।[४] त्यसपछि २००९ सालमा काठमाडौँ गई पहिले पं. लोकनाथ ढकालका सहयोगबाट अध्ययन गर्दै रानीपोखरी पाठशालाबाट सस्कृत साहित्यमा सम्पूर्णमध्यमा परीक्षा दिएकोमा उक्त परीक्षामा अनुत्तीर्ण भएपछि दाजु कोषराज रेग्मीको सल्लाहले पिता डिठ्ठा पिताम्बर रेग्मीले बनारसमा अध्ययन गर्न पठाएर सन्यासी संस्कृत कलेजमा भर्ना भई अध्ययन गरेको पाइन्छ । बनारसस्थित वाराणसेय संस्कृत विश्वविद्यालयबाट उनले सन् १९५४ मा सम्पूर्णमध्यमा, १०५६ मा शास्त्री र सन् १९५९ मा साहित्याचार्य उत्तीर्ण गरेको देखिन्छ भने बनारसबाटै उत्तरप्रदेश उच्च माध्यमिक शिक्षापरिषद्बाट ई. १९६३ मा आई. ए. पनि उत्तीर्ण गरेपछि विराटनगर आई मोरङ कलेज ( हाल म. मो. आ. ब. क्याम्पस) मा केही महिना बी. ए.को समेत अध्ययन गरेको बुझिन्छ ।[५]

## २.१.३ दाम्पत्य जीवन र पारिवारिक स्थिति

चूडामणि रेग्मीको विवाह वि. सं. २००६ सालमा १३ वर्षको कलिलो उमेरमा संखुवासभा जिल्लाको मादी भन्ने ठाउँका चन्द्रशेखर दाहालकी ११ वर्षीया एक मात्र छोरी बेदकुमारीसँग सम्पन्न भएको हो ।[६] विवाहपछि रेग्मी पढाइका लागि काठमाडौँ र बनारसतर्फ लागेपछि पनि उनको बसाइँ स्थायी रूपमा वानामा नभई बाना-विराटनगर गर्दै बसेको देखिन्छ ।

रेग्मीका सन्तानहरूमा तीन छोरीहरू क्रमशः रचना (२०११), मालती (२०१४) र कोपिला (२०१९) तथा दुई छोराहरू प्रदीप (२०१६) र हेमन्त (२०२१) रहेका देखिन्छन् । चूडामणि रेग्मीको परिवार छुटफुट हुँदै केही वर्ष वाना-विराटनगर गर्दै वि. सं. २०२१ सालदेखि २०३५ सालसम्म चाहिँ भद्रपुर (झापा) का विभिन्न ठाउँमा डेरा बस्दै २०३६ सालदेखि हालको निजीघर बनाई स्थायी रूपमा बस्दै आएको बुझिन्छ । हालसम्म रेग्मीका तीन छोरीहरू र दुई छोराहरूबाट ११ नातिनातिनीका साथै छोरीतर्फ एउटा पनातिसमेत रहेको देखिन्छ । हाल रेग्मीको परिवार झापा जिल्लाको सदरमुकाम चन्द्रगढीको लेखनाथ चोकस्थित 'झर्रो नेपाली घर'मा बस्दै आएको पाइन्छ ।

## २.१.४ जागिरका विभिन्न क्रम

---

४. **ऐजन** ।

५. दुर्गादेवी खतिवडा, **कवि घिमिरेको 'भावना ' लघुकाव्यको कृतिपरक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, मेची बहुमुखी क्याम्पस, २०६३), पृ. ७ ।

६. **ऐजन** ।

चूडामणि रेग्मीले वि. सं. २०१७ देखि शिक्षण सेवामा चैनपुरस्थित भोला कलेजमा नेपाली विषयको प्रोफेसरबाट जागिरे जीवन सुरु गरेको पाइन्छ भने २०१९-०२० सालमा विराटनगरस्थित जनता हाइस्कुलमा शिक्षण गरेको पाइन्छ । २०२१ सालदेखि झापा भद्रपुरस्थित मेची महाविद्यालयमा नेपाली विषयको प्रोफेसर पदबाट प्राध्यापन सेवा प्रारम्भ गरेपछि भने बल्ल रेग्मीको सेवा स्थिर भएको देखिन्छ । रेग्मीले उक्त महाविद्यालयमा नेपाली विषयको प्राध्यापनका साथै मेची बहुमुखी क्याम्पसमा कार्यरत रहुन्जेल प्रायजसो समय विभागीय प्रमुख पदमा रहेर र मेची क्याम्पसमा नेपाली विषयमा स्नातकोत्तर तहको पठनपाठनको व्यवस्था मिलाउन र स्वीकृतिका लागि धेरै प्रयत्न गरेको देखिन्छ ।

रेग्मी हाल मेची क्याम्पसमा नेपाली विषयको स्नातकोत्तर तहको पठनपाठन गराएर २०५५ साल मङ्सिरबाट उच्च रक्त चापको बिमारीका कारण सहप्राध्यापक पदबाट स्वैच्छिक अवकास लिई सेवानिवृत्त जीवन बिताए पनि नेपाली साहित्यमा साधनारत रहेको देखिन्छ ।

## २.१.५ लेखनको थालनी र प्रकाशित कृतिहरू

चूडामणि रेग्मीले बनारसमा विद्यार्थी जीवनदेखि नै नेपाली साहित्यमा कलम चलाएको देखिन्छ । रेग्मी बनारसमा बस्दा (२०१२) मा **छात्रदूत** पत्रिकामा ‘गोडा भए जुत्ताको के खाँचो’ कथाबाट साहित्यलेखन प्रारम्भ गरी **पहिलो यात्रा** (२०१२) कथासङ्ग्रह लिएर साहित्यमा अघि बढेको देखिन्छ । बनारसमा रहँदा बालकृष्ण पोखरेल, बल्लभमणि दाहाल, तारानाथ शर्मा र आफ्नै दाजु कोशराज रेग्मी आदि धेरै युवालेखक तथा साहित्यकारहरूका समीपमा रहेकाले उनले विभिन्न पत्रपत्रिकासँग सम्बन्ध रही कथा, कविता, निबन्ध, समालोचना आदि प्रकाशित गरेको पाइन्छ । उनको पहिलो कवितासङ्ग्रह **भावना** (२०५०) हो भने पहिलो निबन्धसङ्ग्रह **साधना** (२०३०) हो ।[७] रेग्मीका प्रकाशित कृतिहरू निम्नअनुसार प्रस्तुत गरिन्छ :

### १. कथासङ्ग्रह

(क) **पहिलो यात्रा** (२०१२), **भुमरी** (२०३५), (ग) **चाबी** (२०५६), (घ) **नेपाली कथासाहित्य** (२०१४) भण्डारीसँग सहलेखनमा पहिलो संस्करण, परिवर्द्धित दोस्रो संस्करण, (२०५७) सहलेखन (माधव भण्डारीसँग)

### २. निबन्धसङ्ग्रह, नियात्रा र हास्यव्यङ्ग्य

७. चूडामणि रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

(क) **साधना** (२०३०), (ख) **धूनमा घुन** (२०३५), (ग) **अरे ! उदेकलाग्दा कुराहरू ३, गजवाष्टक १०८** (व्यङ्ग्य, २०५६), (घ) **घुमेका कुरा** (२०५६), (ङ) **गफडीका गफ** (२०६३), (च) **आँखा र मनका पाइलाहरू** (२०६३), (छ) **बितेकाहरूको सम्झना** (२०६३) ।

### ३. कविता/काव्य

(क) **भावना** (२०५०) लघुकाव्यसङ्ग्रह, (ख) **गजवाष्टक** (२०५१) व्यङ्ग्य, सवाई ।

### ४. समालोचना

(क) **पारिजात परिचय र मूल्याङ्कन** (२०५०)

(ख) **कृती र कृति भाग २** (२०५३)

(ग) **कृती र कृति भाग १** (२०५६)

(घ) **बाईस समालोचना**

### ५. भाषाव्याकरण

(क) **नेपाली टुक्काहरूको अध्ययन** (२०४१), दो.सं., (२०५७)

(ख) **नेपाली भाषा र व्याकरणका केही विषय : केही छलफल** (२०४२)

(ग) **तत्सम शब्दको वर्णविन्यास** (२०५३)

यसरी रेग्मीको साहित्यिक जीवन आजसम्म साहित्यलेखनमा निरन्तर अघि बढिरहेको पाइन्छ । उनले साहित्यका क्षेत्रमा आफ्ना विविध छद्म नामहरू पनि प्रयोग गरेका छन् । ती नामहरू क्रमशः व्यङ्ग्यऋषि, आत्माराम शर्मा, आराश, गफडी, चूमरे, रसिक, विलक्षण, ज्ञानी आदि प्रमुख रहेका छन् ।

## २.१.६ सम्मान तथा पुरस्कार

रेग्मीको लगभग चारदशक लामो साहित्यिक शैक्षिक एवम् अन्य क्षेत्रमा गरेको उल्लेखनीय कार्यको कदरस्वरूप विभिन्न सङ्घसंस्थाहरूले सम्मानित एवम् पुरस्कृत गरेका छन् । उनले निम्न सम्मान तथा पुरस्कारहरू प्राप्त गरेको देखिन्छ ।

१. पत्रकारिता पुरस्कार (२०४४), शिक्षामन्त्रालयबाट **जुही** त्रैमासिकका लागि (रु. ५०० नगदसहित) ।

२. राष्ट्रिय शिक्षासमिति पुरस्कार (२०४५) ।

३. त्रिभुवन विश्वविद्यालय सेवा पदक (२०४६) ।

४. महानन्द पुरस्कार (२०४८) (रु. ३००० नगद) ।

५. राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३); समाज कल्याण मन्त्रालयबाट (रु १०००० नगद)

७. गणेश दुवाल+खिलकुमारी प्रतिभा पुरस्कार (२०५३), बनेपा, काभ्रे (रु ५००० नगद)

७. कन्काई प्रतिभा प्रतिष्ठान सम्मान (२०५३), सुरुङ्गा, झापा ।

८. प्रेस काउन्सिल पुरस्कार (२०५४), (रु १०,००० नगदसहित) ।

९. भैरव पुरस्कार (२०५४) गजवाष्टक १०८ का लागि (रु. १०,००० नगदसहित) ।

१०. विर्ता जेसिज, उत्कृष्ट नागरिक सम्मान (२०५४), चन्द्रगढी, झापा (रु ५०० नगद) ।

११. धनश्याम स्मृति प्रतिष्ठान सम्मान (२०५४), चन्द्रगढी, झापा ।

१२. समता साहित्यिक परिवार, इलामद्वारा-अभिनन्दन (२०५४) ।

१३. सिंहदेवी पुस्तकालय, पृथ्वीनगर, झापाद्वारा सम्मान (२०५७) ।

१४. वर्तमान राष्ट्रिय प्रतिष्ठान, चन्द्रगढीद्वारा सम्मान (२०५७) ।

१५. त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारीद्वारा सम्मान (२०५८) ।

१६. महानन्द वाङ्मय मन्दिर, विराटनगरद्वारा अभिनन्दन (२०६०) ।

१७. मदन पुरस्कार, स्वर्ण वर्ष सम्मान (२०६३) ।

१८. हाम्रो सिर्जना त्रैमासिक, चितवन र प्रगतिशील लेखक सङ्घ गोरखाद्वारा 'अथक साहित्य साधक' सम्मान (२०६३) ।

१९. प्र. ले. स. सुनसरी (सदम्पति) (२०६३) ।

२०. लेखनाथ पुस्तकालय संस्थापक सदस्यका रूपमा र कृतिकारका रूपमा सम्मान, (२०६३) ।

२१. महेन्द्रद्वार सहकारी संस्था (२०६४); सदम्पति, (रु. ५००० नगद)

२२. विदुर बोर्डिङ्ग हाइस्कुल, भद्रपुर, रजतमहोत्सव अभिनन्दन (२०६४), सदम्पति ।

२३. सिद्धि सेतुली स्मृति प्रतिष्ठान, पोखराद्वारा आमा सेतुलीमाया शाक्य स्मृति विशेष पुरस्कार,(२०६४), सदम्पति (रु. ५०,००० नगद) ।

२४. अच्छा राई 'रसिक' साहित्य प्रतिष्ठानद्वारा अभिनन्दन (२०६४), (रु. ५००० नगद) ।

२५. डा. नरेन्द्र चापागाइँ स्मृति पुरस्कार, (२०६४), (रु. १०,००० नगद) ।

## २.२ चूडामणि रेग्मीको व्यक्तित्व

चूडामणि रेग्मी नेपाली भाषासाहित्यका साथै सामाजिक व्यवहारका विभिन्न पाटाहरूमा सुपरिचित नाम हो । रेग्मीका खासखास सामाजिक पहिचानका आधारमा उनका विविध व्यक्तित्वलाई निम्नअनुसार चिनाउन सकिन्छ :

### २.२.१ साहित्यिक व्यक्तित्व

चूडामणि रेग्मीको महत्त्वपूर्ण व्यक्तित्व साहित्यिक व्यक्तित्व हो । रेग्मीले बनारस बस्दादेखि नै साहित्यसिर्जना सुरु गरी अद्यापि निरन्तरता दिइरहेको पाइन्छ । बनारस बस्दा **पहिलो यात्रा** (२०१२) कथासङ्ग्रह प्रकाशित गराएको पाइन्छ भने **वर्ष**, **रहर** पत्रिकामा 'हामी युवक बढ्दैछौँ' शीर्षकमा कविता प्रकाशित गराएर काव्य यात्राको थालनी गरेको देखिन्छ । निबन्ध यात्रा भने २०२१ बाटै सुरु गरेको देखिन्छ । साहित्यसिर्जनाका साथै भाषा तथा समालोचनामा समेत रेग्मीले त्यस समयदेखि कमल चलाएको पाइन्छ ।[८] उनको साहित्यसिर्जना साहित्यका विभिन्न फाँटमा छरिएर रहेको पाइन्छ । यसरी उनको साहित्यिक व्यक्तित्वलाई निम्न विविध उपशीर्षकहरूमा देखाउन सकिन्छ :

#### २.२.१.१ कवि व्यक्तित्व

चूडामणि रेग्मीको साहित्यिक सृजना यात्राको महत्त्वपूर्ण एउटा पाटोका रूपमा कवि व्यक्तित्वलाई लिन सकिन्छ । वि. सं. २०१२ देखि नै कवितासिर्जनामा संलग्न रेग्मीका अहिलेसम्ममा **कविताकाव्य** कवितासङ्ग्रह, **भावना** लघुकाव्य र **गजवाष्टक १०८** गरी तीनवटा पुस्तकारकार कृतिहरू प्रकाशित भएका छन् भने थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका अवस्थामा छन् । त्यसरी नै केही कविता तथा काव्यहरू अप्रकाशित अवस्थामा

८. चूडामणि रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

रहेको कुरा पनि स्वयम् चूडामणि रेग्मीको कथनबाट स्पष्ट हुन आउँछ । उनका बनारस प्रवासकालीन कविताहरू **रहर**, **छात्रवाणी**, **नौलो पाइलो**, **उदय**, **उजेली** आदि विभिन्न पत्रपत्रिकाहरूमा रहेका देखिन्छन् ।

### २.२.१.२ कथाकार व्यक्तित्व

चूडामणि रेग्मीको साहित्यसिर्जनाको दोस्रो महत्त्वपूर्ण पाटो कथाकार व्यक्तित्व मान्नुपर्छ । सर्वप्रथम रेग्मीले बनारसमा अध्ययनकै क्रममा **छात्रदूत**मा 'गोडाभए जुत्ताको के खाँचो' कथा र **पहिलो यात्रा** कथासङ्ग्रह (२०१२) प्रकाशित गराएर कथा साहित्यको क्षेत्रमा उदाएको देखिन्छ । २०१२ सालदेखि २०१६ सालसम्म उनका थुप्रै फुटकर कथाहरू पनि प्रकाशित भएको देखिन्छ भने उनले तीनचार वर्ष बिराएर पुनः २०२० सालदेखि कथा लेखेको पाइन्छ । वि. सं. २०२० सालपछि रेग्मीका **भुमरी** (२०३६) र **चाबी** (२०५६) गरी दुई कथासङ्ग्रहहरू प्रकाशित भएका देखिन्छन् भने माधव भण्डारीसँगको सहसङ्कलनमा **नेपाली कथासाहित्य** (२०१४) नामक संयुक्त सँगालो पनि प्रकाशित भएको देखिन्छ ।[९] सोही सङ्ग्रहलाई पुनः २०५९ सालमा परिवर्तनसमेत गरी अर्को संस्करणका रूपमा प्रकाशित गरेको पनि पाइन्छ । विभिन्न कथासङ्ग्रहमा प्रकाशित र फुटकर रूपमा प्रकाशित गरी जम्मा ६० वटा कथाको सूची रेग्मीको कथाकारिताबारेका अनुसन्धाता मातृकाप्रसाद खतिवडाले पनि प्रस्तुत गरेका छन् ।[१०]

### २.२.१.३ निबन्धकार व्यक्तित्व

चूडामणि रेग्मीको साहित्यिक व्यक्तित्वहरूमध्ये निबन्धकार व्यक्तित्व अर्को महत्त्वपूर्ण पाटो मान्न सकिन्छ । बसाइँ तथा रोजगारीका क्रममा २०२१ सालमा झापा आएदेखि नै उनले निबन्धसिर्जनामा पाइला चालेको देखिन्छ भने यसै समयदेखि विभिन्न पत्रपत्रिकामा प्रकाशित विभिन्न निबन्धहरूलाई समेटेर **साधना** (२०३०) र **धूनमा घुन** (२०३५) गरी दुई निबन्धसङ्ग्रह प्रकाशित गराएका छन् । यात्रावृत्तान्त, संस्मरण तथा हास्यव्यङ्ग्य निबन्धरचनालाई **घुमेका कुरा** (२०५६), **आँखा र मनका पाइलाहरू** (२०६३), **बितेकाहरूको सम्झना** (२०६३), **गफडीका गफ** ( २०६३) निबन्धसङ्ग्रहमा समेटेका छन् ।

---

९. **ऐजन** ।

१०. दुर्गादेवी खतिवडा, **पूर्ववत्** ।

यसरी रेग्मीका हालसम्म ७ वटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका छन् भने विभिन्न पत्रपत्रिकामा अझै पनि थुप्रै निबन्धहरू छरिएर रहेका पाइन्छन् । पत्रपत्रिकाको सम्पादन एवम् प्रकाशन गर्ने क्रममा नियमित रूपमा केही न केही लेख्नुपर्ने भएकाले निबन्धलेखनमा संलग्न रहनुपर्ने बाध्यताले पनि निबन्धसिर्जनामा रेग्मीले निकै श्रम खर्चेका देखिन्छन् । खास गरी **युगज्ञान** साप्ताहिक, **जुही** त्रैमासिक र **यथार्थकुरा** पाक्षिकको सम्पादन एवम् प्रकाशनका क्रममा उनले धेरै निबन्धहरूको सिर्जना गरेका छन् । निबन्धकारितमा आत्मसंस्मरण यात्रावृत्तान्त, हास्यव्यङ्ग्य आदि पनि लेखेका छन् । झापाबाट अहिलेसम्ममा प्रकाशित निबन्धलाई हेर्दा आत्मपरक निबन्धतर्फ पहिलो निबन्धसङ्ग्रह चूडामणिकै **साधना** रहेको देखिन्छ ।[११]

उनको निबन्धकारिताको बारेमा समालोचक राजेन्द्र सुवेदीले नेपाली निबन्ध साहित्यको इतिहासका देवकोटा, शङ्कर लामिछाने र कृष्णचन्द्रसिंह प्रधानले निर्माण गरेको मार्गका अनुयायी, आत्मपरक र वैचारिक दृष्टिले यथार्थोन्मुख निबन्धकार हुन् भनी मूल्याङ्कन गरेको देखिन्छ ।

### २.२.१.४ समालोचक व्यक्तित्व

चूडामणि रेग्मीको लेखकीय व्यक्तित्वको अर्को पाटो चाहिँ समालोचना रहेको देखिन्छ । प्रवासी विद्यार्थी जीवन बनारसमा बस्दादेखि नै उनको लेखनी समालोचनामा चल्न थालेको देखिन्छ । रेग्मीका समालोचनाका कृतिहरू पुस्तकाकारका रूपमा प्रकाशित रहेका छन् । बनारसबाट २०१४ सालमा **दीपक** पत्रिकामा प्रकाशित 'ध्वनि : एक छोटकरी हेराइ' शीर्षकको सैद्धान्तिक लेखबाट समालोचना क्षेत्रमा प्रवेश गरेको देखिन्छ भने कवि हरिभक्त कटुवालको 'आकाशका तारा के तारा' **उदय** (२०१९), 'कवि र कविताका बारेमा' **आमा** (२०१९), 'मेची अञ्चलमा नेपालीभाषा र साहित्य : एउटा खस्रो विवेचना' **युगज्ञान** (२०३४) आदि फुटकर समालोचनाहरू सृजना गर्दै **पारिजात : परिचय र मूल्याङ्कन** (२०५०) समालोचना प्रकाशित गरेर समालोचनाका क्षेत्रमा विशिष्ट पहिचान बनाएको देखिन्छ । उनका समालोचनात्मक कृतिहरूमा भने अहिलेसम्म **पारिजात : परिचय र मूल्याङ्कन** (२०५०), **कृती र कृति** (दोस्रो भाग २०५३), **कृती र कृति** (पहिलो भाग २०५६), **बाइस समालोचना** (२०५६), **चिन्तन समालोचना** (२०५९) गरी पाँचवटा समालोचनात्मक ग्रन्थहरू प्रकाशित भएका देखिन्छन् ।

---

११. **ऐजन**, पृ. १३ ।

## २.२.१.५ भाषा तथा वैयाकरण व्यक्तित्व

चूडामणि रेग्मीको व्यक्तित्वको अर्को पक्ष भाषा तथा वैयाकरण व्यक्तित्व रहेको छ । रेग्मीका भाषिक रचनाहरू त्रि. वि. वि. को पाठ्यक्रम विकासकेन्द्रद्वारा आयोजित हुने गरेका नेपाली विषयक अभिमुखीकरण गोष्ठीका सहयात्री तथा विशेषज्ञका रूपमा सहभागी हुन थालेदेखि मात्र प्रकाशित हुन थालेको देखिन्छ । हुन त **युगज्ञान** पत्रिकामा उनको 'नेपाली भाषाका उल्लेखनीय विशेषता' शीर्षक भाषिक लेखजस्ता लेखहरू यस अघि नै प्रकाशित भएको देखिन्छ । त्रि. वि. डिनको कार्यालयबाट लघु परियोजनाअन्तर्गत अध्ययन गरी तयार पारिएको भाषा तथा व्याकरणसम्बन्धी पहिलो पुस्तक **नेपाली टुक्काहरूको अध्ययन** (२०४१) र यसैको परिवर्द्धित दोस्रो संस्करण (२०५७), **नेपाली भाषा र व्याकरण केही विषय : केही छलफल** (२०५२) र **तत्सम शब्दको वर्णविन्यास** त्रि. वि. पाठ्यक्रम विकास केन्द्रले २०४९ मा नेपालगन्जमा आयोजना गरेको अनिवार्य नेपाली विषयको गोष्ठीमा प्रस्तुत गर्नका लागि तयार पारिएको कार्यपत्रको संशोधित एवम् परिमार्जित रूप हो ।[१२] भाषा तथा व्याकरणका क्षेत्रमा रेग्मीको देन निकै उल्लेखनीय रहेको छ । नेपालीलेखनमा उनले नयाँ वर्णविन्यासलाई **प्रस्तावित वर्णविन्यास**का नाममा प्रस्तुत गरेका छन् भने यो प्रस्तावका विषयमा डा. खगेन्द्रप्रसाद लुइटेलले 'यसबाट यिनी प्रशंसित र आलोचित दुबै भएका छन्' भनेका छन् ।[१३] यसरी उक्त प्रस्तावको सकारात्मक र नकारात्मक दुबै खाले टीकाटिप्पणी भएका छन् । रेग्मीले यस प्रस्तावमा विभिन्न भाषा तथा वैयाकरणहरूले प्रस्तुत गरेका प्रस्तावनाहरूलाई पनि समेटेको कुरा ठाउँठाउँमा उनले आफैँ स्विकारेका छन् ।

**रेग्मीद्वारा प्रस्तुत प्रस्तावना :**

(क) स्वरमा पनि मात्राको प्रयोग गर्ने । जस्तै : अ, आ, अि, अी, अु, अू, अे, अै, ओ, औ आदि ।

(ख) र लाई उकार दिँदा तलकुरे र बर्धन्ने उकार नै प्रयोग गर्नुपर्ने, भुँडीमा नझुन्ड्याउने । जस्तै : रु, रू आदि ।

(ग) उच्चारणअनुसार लेख्ने । जस्तै : सम्स्कृत लेख्ने संस्कृत होइन ।

(४) 'ब' र 'व' को साटो 'व' र 'व' लेख्ने ।

---

१२. चूडामणि रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

१३. खगेन्दप्रसाद लुइटेल, 'गोडा भए जुत्ताको के खाँचो' **जुही** स्वर्णाङ्क,( ), पृ. ४१९ ।

(ङ) ऱ्यालल्लाई र्‍याल, प्रकारलाई प्रकार आदि लेख्ने ।

यही प्रस्तावित वर्णविन्यासलाई **जुही** र **यथार्थ कुरा** पत्रिकाका केही अङ्कहरूमा तथा **भावना** लघुकाव्यसङ्ग्रह र **पारिजात : परिचय र मूल्याङ्कन**मा प्रयोग गरेर प्रस्तुत गरेका छन् भने अन्य फुटकर कतिपय लेखहरू पनि यसै वर्णविन्यासअनुसार लेखिएको पाइन्छ । निबन्धसङ्ग्रह **घुमेका कुरा**मा पनि प्रस्तावित वर्णविन्यास प्रस्तुत गरेका छन् ।

यसरी नेपाली भाषा र व्याकरणको लामो अध्यापनको अनुभव र अध्ययनबाट धेरै विद्वान्हरूका विचारहरूलाई समेत समेट्दै प्रस्ताव गरिएको नयाँ वर्णविन्यास रेग्मीको लामो भाषासाहित्यसम्बन्धी साधनाको उपज रहेको देखिन्छ ।

यसबाहेक उनले वाराणसीबाट २०१३ सालमा थालिएको झर्रोवादी आन्दोलनलाई आजसम्म पनि निरन्तरता दिइरहेको पाइन्छ । संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषाको ठाडो प्रभावबाट नेपाली भाषा आज पनि आक्रान्त बन्दै गरेको अनुभव गरी त्यसको दुष्प्रभावबाट नेपाली भाषालाई जोगाउनु पर्ने महसुस गर्दै तत्काल बनारसमा अध्ययन गर्दै गरेका केही युवा विद्यार्थीहरू (तारानाथ शर्मा, बालकृष्ण पोखरेल, बल्लभमणि दाहाल र चूमरे) को समूहले थालेको र रेग्मी झर्रोवादी आन्दोलनका अनुयायी रहेको पाइन्छ । यो अभियान अहिले अरूले त्यति वास्ता गर्न छोडे पनि त्यो समस्या नेपाली भाषामा झनै बढ्दै गएको अनुभूति अझैं पनि रेग्मीलाई छ । त्यसैले उनले आफ्ना लेख तथा रचनामा झर्रो प्रयोग गर्नाका साथै अरूलाई पनि झर्रो भाषाशैलीको प्रयोग गर्न उत्प्रेरित गर्ने गरेको पाइन्छ । उनले नेपाली व्याकरण र वर्णविन्यासमा सुरु गरेको नयाँ लेखनको प्रस्ताव पनि यही झर्रोवादको निरन्तरता हो ।[१४]

## २.२.१.६ सम्पादक-प्रकाशक व्यक्तित्व

सम्पादक-प्रकाशक व्यक्तित्व पनि चूडामणि रेग्मीको एक महत्त्वपूर्ण व्यक्तित्व हो । बनारस बसाइदेखि नै पत्रपत्रिकामा हात हालेका रेग्मीले **छहारी** (२०१५) को सहसम्पादन गर्दै आफ्नो सम्पादकीय व्यक्तित्वको पहिचान दिएको पाइन्छ । यसको दुई अङ्कसम्मको प्रकाशनमा उनको संलग्नता रहेको देखिन्छ । त्यसै गरी बनारसबाट प्रकाशित झर्रोवादी आन्दोलनको सम्बाहक र अभियन्ता भनेर चिनिने **नौलो पाइलो** (२०१३) सँग पनि उनी सम्बद्ध भएको देखिन्छ । सम्बाहक समूहमै रहे पनि पछि तारानाथ शर्मालाई ठाउँ दिन आफूले त्यो ठाउँ छोडी

१४. चूडामणि रेग्मीबाट प्राप्त जानकारीअनुसार ।

दिँदा मात्र आफू त्यस पत्रिकाको सम्पादक समूहबाट अलग रहन पुगेको कुरा रेग्मी बताउँछन् ।[१५]

यस प्रकार बनारसमा हुँदैदेखि पत्रकारितासँग सम्बद्ध रहँदै आएका रेग्मीले झापा आएपछि नेपाली साहित्य परिषद् झापाको प्रकाशन **मोती** (२०२४) का दुई अङ्कसम्म सम्पादन गरेको देखिन्छ । यसपछि २०२५ सालमा **कस्तुरी** पत्रिकाको सहसम्पादन पनि उनले गरेका छन् भने **धारा** (२०२४), **शारदा श्री** (२०२५/०२६), **अध्ययन** (२०२६) जस्ता विभिन्न पत्रिकाहरूको समेत सम्पादन गरेको पाइन्छ । यसरी विभिन्न साहित्यिक पत्रिकाको सम्पादन गर्दै साहित्यिक पत्रकारको रूपमा चिनिँदै आएका रेग्मीले २०२६ साल असोज २४ गते मङ्गलबारदेखि **युगज्ञान** साप्ताहिक अखवारको समेत प्रकाशन गरी अखवारी पत्रकारितामा पनि आफूलाई चिनाएको देखिन्छ । यो अखवार कुनै सङ्घसंस्थाको नभई स्वतन्त्र, निष्पक्ष र तटस्थ रूपमा प्रकाशित हुने गरेको देखिन्छ भने यसले नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । वि. सं. २०३८ सालदेखि रेग्मी **जुही** त्रैमासिक पत्रिकाको प्रकाशन तथा प्रत्यक्षअप्रत्यक्ष रूपमा सम्पादक रहँदै आएको बुझिन्छ । हाल स्वर्णाङ्क प्रकाशित **जुही** निरन्तर अघि बढिरहेको छ । त्यसै गरी रेग्मीको सम्पादकत्वमा २०५२ सालदेखि **यथार्थ कुरा** पाक्षिक विचारप्रधान साहित्यिक पत्रिका प्रकाशन भएको देखिन्छ ।

यस प्रकार सम्पादन तथा प्रकाशक व्यक्तित्वका रूपमा उच्चता प्राप्त गरिसकेका रेग्मीलाई घटराज भट्टराई (२०५४ : २२५), रमेशजङ्ग सिजापति (२०५७, १९३ : ९५), जयदेव भट्टराई (२०५४, १४७), ज्ञान उदास (२०४९) ले आफूद्वारा सम्पादित ठूला खालका पुस्तकहरूमा समेटेको पाइन्छ । रेग्मीले **युगज्ञान**, **जुही** र **यथार्थकुरा** पत्रिकाको माध्यमद्वारा ओझेलमा परेका स्रष्टालाई बाहिर ल्याउनेसमेत महत्त्वपूर्ण कार्य गरेका छन् ।

## २.२.२ साहित्येतर व्यक्तित्व

रेग्मी झट्ट हेर्दा कठोर देखिए पनि कोमल हृदयका निर्भीक, स्पष्टवक्ता र दयालु स्वभावका छन् । आफू राजनीतिक गतिविधिभन्दा साहित्यिक गतिविधिमा सक्रिय भएका बताउने र बामपन्थी विचाराधाराका प्रगतिशील साहित्यकार भन्न रुचाउछन् । अग्लो मोटो शरीर घट्दै गएको भए पनि पुष्ट गाला भएका रेग्मीको उचाइ ५ फुट ६ इन्च र वजन ६२

१५. ऐजन ।

केजीका छन् ।[१६] रेग्मीलाई टोलछिमेकमा बुढापाका विद्वान्, साहित्यकार व्यक्तित्वका रूपमा आदर गरिन्छ । रेग्मी वर्तमानमा रक्तचापको बिमारी र वाथसम्बन्धी बिमारीका कारण औषधी सेवन गर्दै आएको बताउँछन् ।

### २.२.२.१ शिक्षक-प्राध्यापक व्यक्तित्व

रेग्मीलाई प्रथमतः शिक्षक-प्राध्यापक व्यक्तित्वबाटै चिनिन्छ । प्राध्यापकको रूपमा चाहिँ २०१७ सालमा भोला कलेज संखुवासभामा होस् वा विराटनगरको जनता हाइस्कुलमा होस्, संस्कृत र नेपाली विषयक शिक्षकको रूपमा उनले सेवा सुरु गरेको देखिन्छ । यही क्रममा मेची क्याम्पस (तत्कालीन मेची महाविद्यालय) मा नेपाली विषयको प्रोफेसरको रूपमा २०२१ सालमा नियुक्ति भई कार्य सुरु गरेपछि उनको सेवामा स्थिरता र स्थायित्व रहेको देखिन्छ ।

खासगरी मेची क्याम्पसमा प्रवेश गरी प्राध्यापन आरम्भ गरेपश्चात् नै उनको पहिचान पनि क्रमशः बढ्दै गएको पाइन्छ । रेग्मीले पढाएका विद्यार्थीहरू अहिलेका नीतिनिर्माता, मन्त्री, महत्त्वपूर्ण प्रशासनिक तथा गैर प्रशासनिक ओहोदामा पुगेका छन् । चौँतीस वर्षभन्दा बढी मेची क्याम्पसमा प्राध्यापन सेवा गर्दा आर्जन गरेको उनको परिचय महत्त्वपूर्ण र निजी सम्पत्ति मान्न सकिन्छ ।

केवल जिम्मेवारी पूरा गर्ने मात्र होइन, विद्यार्थीले केही सिकोस् भन्ने धारणा राखी पढाउन रुचाउने एक जिम्मेवार र जाँगरिलो नेपाली विषयको प्राध्यापकका रूपमा छात्रहरूले उनलाई चिन्ने गर्दछन् । रेग्मीको यही लगनशीलता, जिम्मेवारीपना तथा दीर्घसेवा र साधनाबाट प्राप्त अनुभव र ज्ञानलाई उपयोग गर्दै त्रिभुवन विश्वविद्यालयले २०५१ साल असार १ गतेबाट नेपाली विषयको समितिको सदस्यमा पनि मनोनयन गरेको थियो । यसरी जुनसुकै उमेरमा पढाउने कार्यमा उत्तिकै उत्साही रेग्मी २०५५ सालबाट सहप्राध्यापक पदमा कार्यरत रहेको अवस्थामा स्वैच्छिक रूपमा सेवाबाट अवकाश लिई स्वतन्त्र भई साहित्यमा साधनारत रहेको देखिन्छ ।

### २.२.२.२ उत्प्रेरक व्यक्तित्व

---

१६. **ऐजन** ।

चूडामणि रेग्मीलाई समीपबाट चिन्नेजान्नेहरूले साहित्यसाधना एवम् लेखनका लागि सबैमा उत्प्रेरणा जगाउने व्यक्तित्वका रूपमा लिने गरेको पाइन्छ । लेखनकार्यमा सामान्य रुचि राख्ने व्यक्तिलाई अध्ययनका लागि सामग्री उपलब्ध गराउनु, लेख्न उत्प्रेरित गर्नु उनको स्वभाव नै भएको कुरा उनलाई चिन्नेजान्ने जोकोही पनि बताउँदछन् । उनकै निरन्तर प्रेरणा र घच्घच्याइबाट केही लेख्ने बानी परेको कुरा कतिपय व्यक्तिहरूले उनका बारेमा लेखिएका लेखहरूबाट र खास गरी 'चूडामणि रेग्मी : झापाका मोतीराम' **जनमत** मासिक पत्रिकाको चूडामणि अङ्क ५४ मा प्रकाशित सामग्री हेर्दा थाहा हुन्छ ।

## २.३ निष्कर्ष

वि. सं. १९९३ साल चैत्र २९ गते पिता डिठ्ठा पीताम्बर तथा माता खिलेश्वरी रेग्मीका एघारौँ पुत्ररत्नका रूपमा संखुवासभा जिल्लाको बाना गाउँमा जन्मेका चूडामणि रेग्मीको शिक्षादीक्षाको प्रारम्भ लुवाकोट निवासी श्री डम्बरबल्लभ शास्त्री गुरुबाट र त्यसपछि चार महिनाजति दिङ्गलाका प्रसिद्ध गुरु पं.. डिल्लीप्रसाद अधिकारीसँग अध्ययन गरी खाँदबारीमा आधार पाठशालामा पढाउने शिक्षक पं. हरिप्रसाद भण्डारीसँग गुरुकै घरमा बसी दुई वर्षजति **लघुकौमुदी** र **रघुवंश** आदिको अध्ययन गरेको देखिन्छ । २००९ सालमा काठमाडौँ गई पं. लोकनाथ ढकालका सहयोगबाट अध्ययन गर्दा रानीपोखरी पाठशालाबाट संस्कृत साहित्य सम्पूर्ण मध्यमा परीक्षामा अनुत्तीर्ण भएपछि दाजु र बुबाको सल्लाहअनुसार बनारस अध्ययन गर्न गई बनारसस्थित वाराणसेय संस्कृत विश्वविद्यालयबाट रेग्मीले सन् १९५४ मा सम्पूर्णमध्यमा, सन् १९५६ मा शास्त्री र सन् १९५९ मा साहित्याचार्य (स्नातकोत्तर) गरेको पाइन्छ ।

चूडामणि रेग्मीको विवाह वि. सं. २००६ सालमा बेदकुमारी दाहालसँग सम्पन्न भई रेग्मीका छोरीहरू रचना, मालती र कोपिला तथा दुई छोरा प्रदीप र हेमन्त रहेका छन् । उनी २०२१ सालदेखि झापाको भद्रपुरमा डेरा बस्दै हाल चाहिँ आफ्नै निजी घर (झर्रो नेपाली घर) चन्द्रगढीमा बस्दै आएका छन् । जागिरका क्रममा वि. सं. २०१७ सालदेखि शिक्षण सेवामा चैनपुरको भोला कलेज, वि. सं. २०१९-२० मा विराटनगरस्थित जनता हाईस्कुलमा र २०२१ सालदेखि २०५५ सालसम्म भद्रपुरस्थित मेची महाविद्यालय (हाल मेची क्याम्पस) नेपाली विषयको प्रोफेसर तथा विभागीय प्रमुख पदमा रही २०५५ मङ्सिरबाट सेवा निवृत्त जीवन बिताइरहेका देखिन्छन् ।

चूडामणि रेग्मीको कलम साहित्यमा बनारसमा छँदैदेखि २०१२ सालमा **छात्रदूत** पत्रिकामा 'गोडा भए जुत्ताको के खाँचो ?' कथाबाट चलेको र कविता, निबन्ध, समालोचना, भाषा र व्याकरणमा समेत पुस्तक प्रकाशित गरिसकेका उनका २१ वटा पुस्तकाकार कृतिहरू रहेका छन् । पत्रपत्रिका पुरस्कार (२०४४) द्वारा सम्मानित रेग्मी राष्ट्रिय शिक्षा समिति पुरस्कार (२०४५), त्रिभुवन विश्वविद्यालय सेवा पदक (२०४६), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), मदन पुरस्कार स्वर्णवर्ष सम्मान (२०६३), डा. नरेन्द्र चापागाईँ स्मृति पुरस्कार (२०६४) आदि गरी २५ वटाभन्दा बढी सम्मान तथा पुरस्कारद्वारा सम्मानित छन् ।

झट्ट हेर्दा कठोरजस्ता देखिने रेग्मी कोमल हृदयका धनी, निर्भीक तथा स्पष्टवक्ता, अग्लो एवम् मोटो शरीरका देखिन्छन् । रेग्मीलाई चिन्नेजान्नेहरू साहित्यलेखनमा उत्प्रेरक व्यक्तित्वका रूपमा उनको प्रशंसा गर्दछन् । कथा, कविता, निबन्ध, समालोचना, भाषा र व्याकरणमा स्थापित रेग्मीको सम्बाहक प्रकाशकको व्यक्तित्व पनि महत्त्वपूर्ण पक्ष रहेको पाइन्छ । विभिन्न पत्रिकाको प्रकाशन गर्दै आएका उनका हालसम्म पनि **जुही** तथा **यथार्थकुरा** पत्रिकाहरू नियमित रूपमा प्रकाशित छन् । जुन पत्रिकाका सम्पादक रेग्मी नै हुन् ।

## तेस्रो परिच्छेद

## चूडामणि रेग्मीको निबन्धयात्रा

### ३.१ पृष्ठभूमि

चूडामणि रेग्मीको साहित्य यात्रा बनारसमा **छात्रदूत** पत्रिकामा 'गोडा भए जुत्ताको के खाँचो ?' शीर्षकको कथाबाट सुरु भएको देखिन्छ । उनको निबन्धयात्राको थालनी भने झापा बसाइपछि २०२२ सालमा 'कस्तो अर्ती खानु?' निबन्धबाट सुरु भएको र उक्त निबन्ध **भानु** पत्रिकामा छापिएको देखिन्छ ।[17] त्यसपछि रेग्मीको लेखनी निबन्धलेखनमा सक्रियतापूर्वक अगाडि बढेको पाइन्छ । सुरुमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका उनका निबन्धहरू **साधना** (२०३०), **धूनमा घुन** (२०३५), **गफाडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३) मा सङ्गृहीत भएका छन् भने त्यस्तै उनका **घुमेका कुरा** (२०५६) र **बितेकाहरूको सम्झना** (२०६३) सङ्ग्रहमा यात्रा संस्मरणात्मक तथा व्यक्ति संस्मरणात्मक निबन्धहरू रहेको पाइन्छ । उनको वि. सं. २०२२ देखि २०६३ सालसम्मको निबन्ध यात्रालाई तीन चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ :

पहिलो चरण : २०२२ सालदेखि २०४६ सालसम्म ।

दोस्रो चरण : २०४७ सालदेखि २०६० सालसम्म ।

तेस्रो चरण २०६१ सालदेखि २०६३ सालसम्म ।

### ३.१.१ पहिलो चरण

चूडामणि रेग्मीको निबन्धलेखन २०२२ सालमा **भानु** पत्रिकामा प्रकाशित 'कस्तो अर्ती खानु' देखि सुरु भई २०४६ सालसम्म आइपुग्दा **साधना** निबन्धसङ्ग्रह (२०३०) **धूनमा घुन** (२०३५), **गफडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३) मा पर्ने ८ वटा निबन्धहरू पहिलो चरणमा लेखिएका देखिन्छन् । २०२२ सालदेखि २०४६ सालसम्म विभिन्न पत्रपत्रिकामा छरिएर रहेका निबन्धहरूलाई सङ्कलन गरी **साधना** (२०३०) मा १२ वटा, **धूनमा घुन** (२०३५) मा एघार वटा, **गफाडीका गफ**मा दुई भागमा १०६ वटा र **आँखा र मनको**

---

[17]. राधिका राय, **मेरा विचारमा आँखा र मनका पाइलाहरू** (चन्द्रगढी : जुही प्रकाशन, २०६३), पृ. १३३ ।

**पाइलाहरू**मा ८ वटा गरी जम्मा ३१ र **गफाडीका गफ** (२०६३) का दुई भागका निबन्धहरू प्रथम चरणमा लेखिएको भए तापनि पछि सँगालोमा सङ्गृहीत भएको कुरा बुझिन्छ ।

रेग्मीको पहिलो चरणको पूर्वार्द्धका **साधना**, **धूनमा घुन** र **आँखा र मनका पाइलाहरू**मा आठवटा निबन्धहरू क्रमशः 'कस्तो अर्ती खानु ?' (२०२२), 'मास्टर चरो' (२०२५), 'व्यङ्ग्य' (२०२६), 'यो भीड यो समुन्द्र !' (२०२८), 'पुरानो मदिरा' (२०२८), 'छुने छिन्' (२०३३), 'अथातो घुमक्कड जिज्ञासा' (२०३४) र 'जुही घरघरका टेबुलमा गमलाझैँ सजियोस्' (२०४६) मध्ये 'जुही घरघरमा सजियोस्' र **साधना** सङ्ग्रहमा सङ्गृहीत १२ वटा निबन्धहरू 'जुवा', 'धूला र शीतका गीतहरू', 'भूत घर', 'बानी', 'तर्साउने त्र', 'जुनकुरा बिर्सिन्न', 'घोरिने बेला आफ्नो साथी आफू', 'मूसाको दुलो', 'झिँगो र मह', 'स्वाँगे नेता', 'सस्तोमा सस्तो' निबन्धहरूमा रेग्मीको निबन्धलेखनमा सिकारुपन झल्किएको, घरायसी पाराको गन्थनजस्तो लाग्ने देखिन्छ भने यस चरणको उत्तरार्द्ध कालका निबन्धहरू केही परिष्कृत र अभ्यस्त भएको पाइन्छ । **धूनमा घुन** (२०३५) का 'साँच्चो कुराको जिलीगाँढी', 'धूनमा घुन', 'आजकाल बजारमा देखिनु हुन्न नि !', 'हिउँदको रमझम' आदि र **आँखा र मनका पाइलाहरू**मा सङ्कलित 'जुही घरघरका टेबुलमा सजियोस्' शीर्षक निबन्ध प्रथम चरणका उत्तरार्धका निबन्ध हुन् भने **गफडीका गफ** (२०६३) भित्रका दुई भागमा सङ्गृहीत (२०३५ सालदेखि २०३९) सालसम्ममा लेखिएका विभिन्न निबन्धहरू पनि उत्तरकालीन निबन्धकोटिमा पर्दछन् ।

२०२२ सालदेखि २०४६ सालसम्मको २४ वर्षको अवधि रेग्मीको मनमा जे लाग्यो, पाइलाहरूले जहाँ जस्तो स्पर्श गरे, विवेकले जे अरायो, त्यो कुरा रेग्मीले निर्भीक भएर निर्भीयतापूर्वक लेख्यो । उनको २९ देखि ५२ वर्षको युवावस्थाको मनमा केके उथलपुथल आए, कहाँकहाँ सल्बलाए, फेरि ३० बर्से निरङ्कुश पञ्चायतका गोमन सर्पजस्ता विषालु फणा भएका अञ्चलाधीश, पञ्च, महापञ्चको प्रचण्ड मानसिक र शारीरिक यातनालाई छल्न विभिन्न छद्मनाम कतै गफडी त कतै व्यङ्ग्यऋषि, कतै ज्ञानी त कतै चङ्खे आदिले लोभी पापी शासकका प्रपञ्च, सामाजिक कुकृत्य, स्वतन्त्रताप्रतिको आक्रमण, स्वार्थ, चाकरी, चाप्लुसी, सत्तामोह आदि प्रवृत्तिलाई व्यङ्ग्यका दह्रा झापड मारिएका हास्य व्यङ्ग्यात्मक निबन्धहरू पर्दछन् । यस चरणका हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा 'झिँगो र मह', 'स्वाँगे नेता', 'सस्तोमा सस्तो', 'आजकल बजारमा देखिनु हुन्न नि !' र **गफडीका गफ**का दुई भागका विभिन्न शीर्षकमा

पर्ने १०६ वटा गफहरू पर्दछन् । उक्त निबन्धमार्फत रेग्मीले व्यक्ति, समाज र व्यवस्थामा रहेका कुनै न कुनै विसङ्गति–विकृतिलाई नङ्ग्याउँदै समाजमा जागरण ल्याई त्यस्ता खालका प्रवृत्तिबाट सुधार र परिष्कारको खाँचो दर्साउन पुग्छन् ।

यस कालका निबन्धहरू चिन्तनका दृष्टिले बौद्धिक, वैचारिक दृष्टिले सामाजिक यथार्थोन्मुख प्रगतिवादी भएको देखिन्छ । यस कालका रेग्मीका निबन्धहरू भावात्मक विषयप्रतिको रागात्मक रम्यता र झर्रो अभिव्यक्ति पाइन्छ । सामाजिक, व्यक्तिगत तथा राष्ट्रिय स्तरका कमीकमजोरीहरूको सुधारसहितको स्वस्थ र स्वच्छ समाजको निर्माणमा अग्रगतिमा मुक्त र स्वच्छन्द गतिले अग्रसर हुँदै तिनलाई सुधार गर्ने सन्देश तथा सुझाउहरू निबन्धमा दिएको पाइन्छ । यसरी यस चरणको रेग्मीको प्रवृत्तिमा केही स्वच्छन्दता बढी यथार्थमा आधारित प्रगतिशील नै रहेको छ ।

## ३.१.२ दोस्रो चरण

रेग्मीले २०५२ सालमा **हारजित र दृष्टिकोण**लगायत **आँखा र मनका पाइलाहरू**मा सङ्गृहीत हुनुपूर्व विभिन्न पत्रपत्रिकामा प्रकाशित अन्य १९ वटा निबन्धहरू र **घुमेका कुरा** निबन्धसङग्रह पर्ने १३ वटा निबन्धहरूलाई यस चरणका प्रतिनिधि निबन्धहरू मान्न सकिन्छ । यस चरणमा देशमा ३० बर्से कालरात्रीको अन्त्य भई केही मात्रामा स्वतन्त्र तथा प्रजातान्त्रिक वातावरण छाएपछि त्यस परिवेशलाई आत्मसात गरी लेखिएका निबन्धहरू 'आँगनमा नहिँड्ने कुरा', 'मेरो अडवार्ड निर्णय', 'निर्भीक भएर लेख्नोस्', 'मुसाको रासलीला', 'काङ्ग्रेसको पुच्छर', 'नकारात्मक आलोचना : सकारात्मक गतिविधि' आदि शीर्षकका निबन्धहरू **घुमेका कुरा**मा सङ्गृहीत निबन्धहरू पर्दछन् ।

२०४६ सालपछि देशमा बुर्जुवा प्रजातान्त्रिक व्यवस्थाले ल्याएको सीमित स्वतन्त्रता र अधिकार नेपाली जनताले सोचेजस्तो परिवर्तन आउन नसक्नु, देशमा सबै क्षेत्रमा विकृति र विसङ्गतिले गाँज्दै जानु, बहुदलीय राजनीतिमा लागेका राजनैतिक दलले र नेतृत्ववर्गले सामाजिक परिवर्तनका ठोस कार्य गर्न नसक्नु, अन्याय, अत्याचार, भ्रष्टाचार, हत्या, हिंशा र प्रतिहिंशाका घटना घट्नु, रातो आतङ्क अगाडि बढ्नु, जनताको निराशा र वितृष्णा सरकार र सत्ताप्रति बढ्दै जानु, सत्ताधारी कुर्सी मोहमा फस्नु आदिले बुद्धिजीवी, शिक्षक, कलाकार, साहित्यकार, तल्लोवर्ग र मध्यमवर्गका मानिस उपेक्षित हुनुजस्ता यस चरणका विशेषताहरू

रेग्मीले २०५२ सालमा आँगनमा नहिँड्ने कुरा नै उनको निबन्धकारितमा देखिएको केन्द्रीय प्रवृत्ति हो । 'मेरो अडवाङे निर्णय' (२०५३), 'निर्भीक भएर लेख्नोस्' (२०५४), 'काङ्ग्रेसको पुच्छर' (२०५५), 'नकारात्मक आलोचना सकारात्मक गतिविधि' (२०५७), 'अचेल रमित हेर्न थालेको छु' (२०५९) 'बितेको समयलाई मिठो सलाम चूडामणि रेग्मीको' (२०६०) आदि यसै चरणका निबन्धहरू हुन् ।

यस कालखण्डमा जुन गर्दिन भन्यो गर्नुपर्ने, जुन कुरा मान्दिन भन्यो मान्नु पर्ने कुरा रेग्मी आत्मा खोलेर यस अवधिका कथ्यमा प्रतिबिम्बन गर्न पुग्छन् । आफ्नो ३४ बर्से प्राध्यापन जीवनबाट सेवानिवृत अवस्थामा फुर्सदिलो तथा रमिते बनी आनन्द लिइरहेको माने पनि उनको परिपक्व र प्रौढ मस्तिष्क प्रगतिशील साहित्यिक चिन्तनमा र साधनामा जुटिरहेको उनी विभिन्न ठाउँमा भ्रमणको सिलसिलामा जाँदा हातमा पत्रिका बोकेर साहित्यकार भाषासेवीसँग भलाकुसारी गर्न पुगेका हुन्छन् । यसरी उनी जहाँजहाँ पुगे पनि उनमा सामाजिक, भौतिक, शैक्षिक विकासको भावना जागृत भएको विपन्न तल्लो वर्गलाई माथि उठाउनु पर्ने सोचाइ निबन्धमार्फत पेस गर्दछन् ।

### ३.१.३ तेस्रो चरण

चूडामणि रेग्मीको ६८-७० वर्षको अवधिको यो कालखण्डभित्र उनको 'मेरो पनि धोको अधुरै रह्यो' (२०६१), 'एउटा कथा भयो एउटा कथा पनि' (२०६१) 'पत्रकारिता गर्दाको अनुभव' (२०६३) आदि निबन्धहरू **आँखा र मनका पाइलाहरू**मा सङ्कलित पाँचवटा निबन्धहरू र **बितेकाहरूको सम्झना** (२०६३) का २१ वटै निबन्धहरू यस चरणका निबन्धहरू हुन् ।

२०४६ पछि आएको परिवर्तनले व्यक्ति, समाज र दलहरूबीच ज्यादै पूर्वाग्रही नकारात्मक स्पर्धाको भावना सिर्जना गरेन बरु मर्दा मलामी र बिहेमा जन्तीसमेत राजनैतिक आस्था र विचारका कारणले पानी बाराबार भएको थियो । आखिरीमा सारमा त्यो बुर्जुवा व्यवस्था र नकारात्मक प्रतिस्पर्धा केवल आफ्नो पार्टी, आफन्त, आफ्नो पेट र स्वार्थको लागि हो भन्ने बुझेपछि केही सभ्य समझदार, सद्भावपूर्ण व्यवहार विकसित हुँदै आयो । यस्तै परिष्कृत र परिमार्जित सामाजिक मूल्य र मान्यताप्रति खिचिएका रेग्मीका यी निबन्धहरूमा दलीय विचार, सैद्धान्तिक फोस्रो ढ्वाङ्ग रित्तिँदै गएर माथि उठेका विचारलाई प्रतिबिम्ब गर्ने खालका देखिन्छन् । चाहे कम्युनिस्ट, काङ्ग्रेस वा पञ्च जेसुकै आस्था र विचारको भए पनि उसका

सकारात्मक, विकासवादी, साहित्यिक, असल व्यवहार, चरित्रको व्यक्तित्वको वर्णन गर्दै **बितेकाहरूको सम्झना** (२०६३) सङ्ग्रहमा सङ्कलित निबन्धहरू लेखिएको पाइन्छ । यस चरणका रेग्मीका निबन्धहरूमा आफ्नो राजनैतिक सिद्धान्त र विचारभन्दा फरक होस् वा एउटै विचारको होस् त्यो दृष्टिकोणले नहेरी स्वच्छ एवम् स्वतन्त्र दृष्टिकोणले मानवतावादी–विकासवादी भएर प्रस्तुत गरिएको देखिन्छ । 'स्वयम्भूलाल श्रेष्ठको सम्झनामा' शीर्षक निबन्धमा स्वयम्भूलाल श्रेष्ठको गुणगान गर्दै उनी अरू पञ्जजस्ता सडल र निम्न स्तरका व्यक्ति थिएनन्[18] भन्ने वाक्यले यही कुरालाई प्रस्ट्याएको छ । त्यस्तै लेखकद्वारा "जीवित अवस्थामा उनी मेरा आलोचक पनि थिए रे, तर यो काव्य लेख्न बसको बेला मलाई त्यतापट्टि ध्याउन्न रहेन । उनको नेपालीवादी दृष्टिकोण मलाई असमर्थनीय लागेन ।"[19] भनेबाट अरू थप सबुत मिलेको छ । यसरी यस चरणका निबन्धमा मानवता, नेपाली जातीयवादी प्रवृत्ति पाइन्छ ।

## ३.२ निष्कर्ष

कथा, कविता हुँदै निबन्धकारितामा प्रवेश गरेका चूडामणि रेग्मीको निबन्धयात्रा तीस वर्षको उमेरमा मात्र सुरु भएको देखिन्छ । २०२२ सालमा **भानु** पत्रिकामा प्रकाशित 'कस्तो अर्ती खानु' शीर्षकको निबन्ध उनको निबन्ध फाँटको पहिलो कोपिला मानिन्छ । त्यसपछि उनका निबन्धहरू नियमित रूपमा विभिन्न पत्रिकामा प्रकाशित हुँदै छरिँदै गएको देखिन्छ । तिनै विभिन्न पत्रिकामा छरिएका निबन्धहरूलाई सङ्ग्रह गरी **साधना** (२०३०), **धूनमा धुन** (२०३५), **गफडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३), **घुमेका कुरा** (२०५६) र **वितेका हरूको सम्झना** (२०६३) गरी २०२२ सालदेखि २०६३ साल चैत्रसम्ममा ६ वटा निबन्धसङ्ग्रहहरू प्रकाशित भएका देखिन्छन् । तिनै निबन्धसङ्ग्रहका विषयवस्तु, शैलीप्रवृत्तिलाई आधारमानी रेग्मीको निबन्धयात्रा तीन चरणमा बाँडेर अध्ययन गरिन्छ :

प्रथम चरण (२०२२ देखि २०४६ सालसम्म) २०२२ सालमा **भानु** पत्रिकामा 'कस्तो अर्ती खानु' निबन्ध प्रकाशित गरेदेखि सुरुमै **साधना** (२०३०), **धूनमा धुन** (२०३५), **गफडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३) का ३३ निबन्धमध्ये सुरुका ८ वटा निबन्धहरू यस चरणका मानिएको छ । यस चरणको सुरुसुरुका निबन्धहरूमा सिकारु घरायसी गन्थनजस्ता लाग्ने निबन्धहरू र उत्तरकालमा परिष्कृत अभ्यस्त भइसकेका तत्कालीन पञ्चायती व्यवस्थाप्रति

---

[18]. चूडामणि रेग्मी 'स्वयम्भूलाल श्रेष्ठको सम्झना' **बितेकाहरूको सम्झना** (चन्द्रगढी : जुही प्रकाशन, २०६४), पृ. ५४ ।

[19]. चूडामणि रेग्मी, 'लेखक्यौली' **आँखा र मनका पाइलाहरू**, (चन्द्रगढी : जुही प्रकाशन, २०६३), पृ.

असन्तुष्ट विचारलाई गफडी, चङ्खे आदि छद्म नामले छलिएर लेखिएका निबन्धहरू, व्यङ्ग्यात्मक तथा विचारमूलक निबन्धहरूमा तत्कालीन स्वार्थी, चाकरी, चाप्लुसी, सत्तामोह आदि विकृतिलाई र विसङ्गतिलाई लक्षित गरी सुधारको अपेक्षा गरिएका सन्देशात्मक निबन्धहरू पर्दछन्। यस चरणका रेग्मीका निबन्धहरू केही स्वच्छन्द र बढी यथार्थवादोन्मुख प्रगतिशील प्रवृत्तिका पाइन्छन् ।

रेग्मीको निबन्धलेखनको दोस्रो चरण २०४६ सालदेखि सुरु भई २०६० सालसम्म मानिन्छ । यस कालखण्डमा पर्ने निबन्धहरू **घुमेका कुरा** (२०५६) र **आँखा र मनका पाइलाहरू** (२०६३) मा २०५१ सालदेखि २०६० सालसम्ममा विभिन्न पत्रिकामा प्रकाशित १९ वटा निबन्धहरू रहेका छन् । जसमा ‘आँगनमा नहिँड्ने कुरा’, ‘मेरो अडवाङे निर्णय’, ‘मुसाको रासलीला’, ‘काङ्ग्रेसको पुच्छर’ आदि र **घुमेका कुरा**मा रहेका १३ वटा निबन्धहरू राखिएको छ । २०४६ सालपछिको प्रजातान्त्रिक व्यवस्था र यसका प्राप्ति तथा अप्राप्तिलाई निबन्धले मुख्य विषयवस्तुको रूपमा प्रस्तुत गरेका पाइन्छ । निबन्धमा परिपक्क, प्रौढ मानसिकता प्रतिबिम्बित भएको, आफूले जे गर्दिन भन्यो त्यो गर्नुपर्ने, जहाँ जान्न भन्यो त्यहाँ जानुपर्ने आदि आँगनमा नहिँड्ने कुरा शीर्षकले उठाएको आधारमा अनि सेवानिवृत्त जीवन आनन्दमय रमिते बनेको कुरा ‘आजकाल आजकल रमित हेर्न थालेको छु’ निबन्धले उठाएको पाइन्छ । यस चरणका विचारप्रधान, संस्मरणात्मक (यात्रा) तथा पत्रात्मक निबन्धले अतिवादी धारणा वा सिद्धान्त र पलायन वा संशोधनवादी धार नफक्रिएर तटस्थ यथार्थवादी, मध्यमार्गी, प्रगतिशील प्रवृत्ति झल्काएको पाइन्छ ।

तेस्रो चरण २०६१ सालदेखि हाल २०६३ सालसम्मको तीन वर्षको अवधिलाई मानिएको छ । यस चरणका चूडामणि रेग्मीका मूल निबन्धहरू **आँखा र मनका पाइलाहरू**मा ‘मेरो पनि धोको अधुरै रह्यो’ (२०६१), ‘गाइघाट जाँदाको सम्झना’ (२०६१), ‘धनकुटामा नयाँ भएर’ (२०६१), ‘एउटा कथा भयो : एउटा कथा पनि’ (२०६१) र ‘पत्रकारिता गर्दाको अनुभव’ (२०६३) शीर्षकका पाँच निबन्ध र **बितेकाहरूको सम्झना** सङ्ग्रहमा सङ्गृहीत विभिन्न शीर्षकका एक्काइसवटा निबन्धहरू पर्दछन् । यस चरणको मूल प्रवृत्ति भनेका दलीय भावनाबाट परिष्कृत, परिमार्जित हुँदै स्वच्छ र स्वतन्त्र भई विकासवादी, मानवतावादी तथा नेपाली जातीयवाद प्रतिबिम्बित भएको पाइन्छ । आफ्नो समर्थक वा विपक्षी भन्ने दृष्टिले कुनै व्यक्ति तथा पक्षलाई नहेरी व्यक्तिका सबल, सकारात्मक, नैतिक, चारित्रिक, साहित्यिक विकासवादी कालका प्रवृत्तिलाई यस कालका निबन्धहरूले प्रतिबिम्बित गरेका छन् । उक्त निबन्धहरूमा प्रायः **बितेका हरूको सम्झनामा** सङ्गृहीत एक्काइस वटा निबन्धलाई लिन सकिन्छ ।

# चौथो परिच्छेद

## चूडामणि रेग्मीका निबन्धहरूको वर्गीकरण

चूडामणि रेग्मीको साहित्य यात्रा कथा र कविताबाट वि. सं. २०१२ सालबाटै भएको भए तापनि निबन्धहरूको फाँटमा भने उनको प्रवेश झापा बसाइ सरेपछि वि. सं. २०२२ सालमा भएको देखिन्छ ।[20] सुरुमा उनका निबन्धहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भएको बुझिन्छ । तिनै निबन्धहरू सङ्गृहीत भएका **साधना** (२०३०), **धूनमा घुन** (२०३५), **घुमेका कुरा** (२०५६), **गफडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३) र **बितेकाहरूको सम्झना** (२०६३) गरी जम्मा ६ वटा निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको विषयवस्तु, भाषाशैली र प्रस्तुतिका आधारमा निम्न बमोजिम वर्गीकरण गरिन्छ :

| क्र. सं. | निबन्धसङग्रह | निबन्धसङ्ख्या | प्रकाशित वर्ष |
|---|---|---|---|
| १ | **साधना** | १२ | २०३० |
| २ | **धूनमा घुन** | ११ | २०३५ |
| ३ | **घुमेका कुरा** | १३ | २०५६ माघ |
| ४ | **गफडीका गफ** | २ (दुई भागमा) | २०६३ भदौ |
| ५ | **आँखा र मनका पाइलाहरू** | ३३ | २०६३ पुष |
| ६ | **बितेकाहरूको सम्झना** | २१ | २०६३ चैत्र |

| निबन्धका प्रकार | निबन्धको शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|
| विचारमूलक | 'जूवा' | **साधना** (२०३०) |
| | 'धुला र शीतका गीतहरू' | **साधना** (२०३०) |
| | 'भूतघर ?' | **साधना** (२०३०) |

[20]. राधिका राय, **पूर्ववत्**, पृ. १३३ ।

| | |
|---|---|
| ‘बानी’ | **साधना** (२०३०) |
| ‘तर्साउने त्र’ | **साधना** (२०३०) |
| ‘जुनकुरा बिर्सिइन्न’ | **साधना** (२०३०) |
| ‘घोरिने बेला’ | **साधना** (२०३०) |
| ‘आफ्नो साथी आफू’ | **साधना** (२०३०) |
| ‘साँचो कुराको जिलीगाँठी’ | **धूनमा घुन** (२०३५) |
| ‘यो उही हो ?’ | **धूनमा घुन** (२०३५) |
| ‘हिउँदको रमझम’ | **धूनमा घुन** (२०३५) |
| ‘धूनमा घुन’ | **धूनमा घुन** (२०३५) |
| ‘ढुङ्गो पनि रसाउँछ’ | **धूनमा घुन** (२०३५) |
| ‘साथको साथी’ | **धूनमा घुन** (२०३५) |
| ‘आजकाल बजारमा देखिनु हुन्न नि !’ | **धूनमा घुन** (२०३५) |
| ‘पैसा हात परेको बेला’ | **धूनमा घुन** (२०३५) |
| ‘कस्तो अर्ती खानु ?’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘मास्टर चरो’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘व्यङ्ग्य’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘यो भीड यो समुद्र !’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘छुने दिन’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘पुरानो मदिरा’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘जुही घरघरका टेबुलका गमालाझैँ सजियोस् !’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘हारजित र दृष्टिकोण’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘आँगनमा नहिँड्ने कुरा’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| ‘मेरो अड्बाङे निर्णय’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |

| | | |
|---|---|---|
| | 'प्राज्ञिक आनन्द' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'निर्भीक भएर लेख्नास् !' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'पुरस्कृत मेरो सानो गन्थन' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'मेरा हस्स परेका बाचाहरू' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'आफ्नै कविता, आफ्नै जीवन आफ्नै विवेचना' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'मेरो खेल रुचि' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'तेन्दुकरले शतक ढोके' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'नकारात्मक आलोचना' 'सकारात्मक गतिविधि' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'हराएको रचना भेट्दा' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'अचेल रमित हेर्न थालेको छु' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'बितेको समयलाई मिठो सलाम छ चूडामणिको' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'एउटा कथा भयो एउटा कथा पनि' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'पत्रकारिता गर्दाको अनुभव' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'गोष्ठी विचारको एउटा कथा' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| व्यक्ति-संस्मरणात्मक | 'म, मेरी दिदी र कमल दीक्षित' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'लक्ष्मण गुरु : सानो सम्झना' | **बितेकाहरूको सम्झना** (२०६३) |
| | 'काशीबहादुर श्रेष्ठलाई सम्झदा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| | 'मेरा मूल प्रेरक बुबा डि. पीताम्बर रेग्मी' | **बितेकाहरूको सम्झना** (२०६३) |
| | 'आमालाई एकैछिन सम्झदा उठेका भावनाका तरङ्ग' | **बितेकाहरूको सम्झना** (२०६३) |

| | |
|---|---|
| 'ठूली दिदी : एक सम्झना' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'भानिज डा. बल्लभमणि दाहालको निधनमा दुई शब्द' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'भानिज लेखनाथ चापागाईँलाई सम्झनु पर्दा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'मैले जानेबुझेका पं नयनराज पन्त' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'झापाली साहित्यिक गतिविधिमा प्रा. डा. नरेन्द्र चापागाईँ' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'साथी हरिश्चन्द्रलाई श्रद्धाञ्जलि' | **बितेकाहरूको सम्झना** (२०६३) |
| '**जुही**का कार्यक्रममा थुन्से बोक्ने कवि नारी जयकला आचार्यको सम्झनामा केही शब्द' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'डिल्लीप्रसाद भट्टराईको कविता 'सानी छोरी हेर्दा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'छोटकरी विचार' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'साथी गणेश भण्डारीलाई सम्झदा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'घनश्याम खनाललाई सम्झदा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'देवीप्रसाद उप्रेती : मेरो सम्झनामा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'स्वयम्भूलाल श्रेष्ठको सम्झना' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'श्यामको सानो सम्झना' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'अन्वेषक तथा सृजनशील पत्रकार एस्. एल्. शर्माको सम्झना गर्दा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'जनकप्रसाद हुमगाईँलाई सम्झदा' | **बितेकाहरूको सम्झना** (२०६३) |
| 'साथी दुर्गाप्रसाद शास्त्रीको | **बितेकाहरूको सम्झना** (२०६३) |

| | | |
|---|---|---|
| | निधनमा दुई शब्द’ | |
| यात्रा-संस्मरणात्मक | ‘मुसाको दुलो’ | **साधना** (२०३०) |
| | ‘दिङ्गला जाँदाको सम्झना’ | **घुमेका कुरा** (२०५६) |
| | ‘विद्वान् बनेर खाँदबारी गएँ ! कवि बनेर चन्द्रगढी फिरे !’ | **घुमेका कुरा** (२०५६) |
| | ‘जानकीको साम्राज्य जनकपुरधाम’ | **घुमेका कुरा** (२०५६) |
| | ‘हजुर ! नेपालगन्ज !’ | **घुमेका कुरा** (२०५६) |
| | ‘दाङ आमाको काखमा दुई दिन विश्राम’ | **घुमेका कुरा** (२०५६) |
| | ‘तानसेन रमाइलो’ | **घुमेका कुरा** (२०५६) |
| | ‘भगवान् बुद्धको जन्मस्थलमा एकदिन’ | **घुमेका कुरा** (२०५६) |
| | ‘चक्रव्यूहको अभिमन्यु: बनेपा’ | **घुमेका कुरा** (२०५६) |
| | ‘विदुरमा चार घण्टा’ | **घुमेका कुरा** (२०५६) |
| | ‘पोखराप्रवास २०५२ को सम्झना’ | **घुमेका कुरा** (२०५६) |
| | ‘इटहरी-धरानका केही सम्झना’ | **घुमेका कुरा** (२०५६) |
| | ‘विराटनगर बसाइ २०५४ को सम्झना’ | **घुमेका कुरा** (२०५६) |
| | ‘आश्चर्यमय दार्जिलिङयात्रा’ | **घुमेका कुरा** (२०५६) |
| | ‘गोष्ठी, वर्षा र अभर’ | **घुमेका कुरा** (२०५६) |
| | ‘इटहरीमा अच्छा राई जयन्ती’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | ‘अथातो घुमक्कड जिज्ञासा’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | ‘गाईघाट जाँदाको सम्झना’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | ‘धनकुटामा नयाँ भएर’ | **आँखा र मनका पाइलाहरू** (२०६३) |

| | | |
|---|---|---|
| हास्य व्यङ्ग्यात्मक | 'झिँगो र मह' | **साधना** (२०३०) |
| | 'स्वाँगे नेता' | **साधना** (२०३०) |
| | 'सस्तोमा सस्तो' | **साधना** (२०३०) |
| | 'छुट्टीका दिन' | **धूनमा घुन** (२०३५) |
| | 'भाग्गे र जुद्धे' | **धूनमा घुन** (२०३५) |
| | 'कुरा गरिन् खानका' | **धूनमा घुन** (२०३५) |
| | 'मुसाको रासलीला' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'काङ्ग्रेसको पुच्छर' | **आँखा र मनका पाइलाहरू** (२०६३) |
| | 'गफ पहिलो भाग (६५) वटा गफ' | **गफडीका गफ** (२०६३) |
| | गफ दोस्रो भाग (३१ वटा गफ) | **गफडीका गफ** (२०६३) |
| पत्रात्मक | 'मेरो पनि धोको अधुरै रह्यो' | **आँखा र मनका पाइलाहरू** (२०६३) |

माथि वर्गीकरण गरिएका विचारमूलक निबन्धहरूमा चूडामणि रेग्मीको आत्माले समाजलाई नियालेर समाजको दुष्प्रवृत्ति, व्यक्तिवादी, स्वार्थ, राजनीतिक विकृति, आत्मबोध र सम्भावनाहरू विषयनिष्ठ र निर्भीक भएर व्यक्त भएका देखिन्छन् । विचारमा आत्मकथ्य बढी झल्किएको खेल खेलाडी, नेता, पुस्तक पुरस्कार, शोषक, शोषित, साहित्य, साहित्यकार, प्राज्ञ प्रतिष्ठान, विद्यार्थी, शोधार्थी, शिक्षक, कर्मचारीआदिजस्ता चरित्रहरूको सकारात्मक र नकारात्मकका साथै सुधारको लागि आवश्यक सन्देश सुझाउसमेत खर्चिएको पाइन्छ ।

चूडामणि रेग्मीका व्यक्ति संस्मरणात्मक निबन्धहरूमा आफ्ना नातेदार, आमाबाबु, दिदी, भान्जाहरूका साथै आफ्ना बाल्यसखा तथा प्रवासमा पढ्न बस्दाका गुरुहरू, सहपाठीहरू आदिको आलो सम्झना गर्दै उनीहरूका प्रेरणा र सहयात्रा अविस्मरणीय रहेका विषयहरू प्रस्तुत गरिएका छन् । उनीहरूको मृत्युले आफूलाई गहिरो चोट परेको र श्रद्धासुमन चढाउन चाहेको विषय अभिव्यक्त भएको पाइन्छ ।

त्यसै गरी यात्रा-संस्मरणात्मक निबन्धहरूमा चूडामणि रेग्मीको सेवानिवृत्त जीवन तथा सेवारत दुबै कालमा चाहे त्रि. वि. वि. को परीक्षामा पर्यवेक्षक भएर होस् वा **जुही**, **यथार्थ**

**कुरा**को पोको बोकी देशदर्शन गर्ने सिलसिलामा होस्, चाहे नातिलाई स्कुल पुऱ्याउन होस् आदि विभिन्न सिलसिलामा नेपालको विभिन्न भागहरूको भ्रमण गरी त्यहाँको भौगोलिक, सांस्कृतिक, धार्मिक दृश्य तथा घुम्दाका घटना, परिघटना दर्साउँदै आफूलाई लागेका अनुभूतिसमेत व्यक्त भएको पाइन्छ ।

हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, क्षेत्रीय र स्थानीय जीवनजगत्को विसङ्गति, विकृति र कमीकमजोरीहरू खोतल्दै यस्ता नराम्रा र दुर्गन्धयुक्त नाली, खोला र खोल्साहरूलाई खोतल्ने र तिनको प्रशोधन एवम् परिष्कार गर्ने खालका अभिव्यक्ति दिने काम गरेका छन् । हास्यभन्दा पनि ज्यादा व्यङ्ग्यात्मक पाराका निबन्धहरू र **गफडीका गफ**मा झिँगो र मह, स्वाँगे नेता, मुसाको रासलीला, 'काङ्ग्रेसको पुच्छर' आदिमा मानिसका स्वार्थी प्रवृत्ति, समाजसेवाको खोक्रो स्वाङ रच्ने नेताको चरित्रलाई पर्दाफास गर्ने काम भएको छ ।

पत्रात्मक शैलीका निबन्धमा पत्रको आदि, मध्य (पेटबोली) र अन्त्यको क्रममा 'मेरो पनि धोको अधुरै रह्यो' शीर्षकमा चूडामणि रेग्मीले चितवनका पत्रकार मित्रहरूसँग समयाभावले विचारको आदानप्रदान गर्ने अधुरो धोकोलाई हार्दिक ढङ्गले व्यक्त गरेको पाइन्छ ।

# पाँचौं परिच्छेद

## चूडामणि रेग्मीको निबन्धसङ्ग्रहहरूको अध्ययन

चूडामणि रेग्मीको निबन्धसाधना २०२२ सालको 'कस्तो अर्ती खानु ?' भन्ने शीर्षकको निबन्धबाट उदाएको पाइन्छ । सुरुमा पत्रपत्रिकामा छरिएका उनका निबन्धहरू पछि सङगृहीत रूपमा प्रकाशन भएको पाइन्छ । चूडामणि रेग्मीको **साधना** निबन्धसङ्ग्रह (२०३०), निबन्धको प्रथम कोपिलाको रूपमा फर्केको पाइन्छ । त्यसपछि **धूनमा घुन** (२०३५), **घुमेका कुरा** (२०५६), **गफडीका गफ** (२०६३, भदौ), **आँखा र मनका पाइलाहरू** (२०६३ पुष) र **बितेकाहरूको सम्झना** (२०६३ चैत्र) रेग्मी ७० वर्ष पुगेको अवसरमा प्रकाशित भएको देखिन्छ । यसरी चूडामणि रेग्मीका २०३० सालदेखि २०६३ सालसम्ममा प्रकाशित ६ वटा निबन्धसङ्ग्रहहरूको विश्लेषण तल गरिन्छ ।

### ५.१ 'साधना' निबन्धसङ्ग्रहको विश्लेषण

### ५.१.१ परिचय

घिउ रङ्गको सेतो पृष्ठ भएको कागजमा उखुजस्तै वनस्पतिको पानीजस्तै छापबुट्टा देखिने **साधना** सङ्ग्रहको आवरण पृष्ठको अघिल्लो भागमा सेतो र कालो रङमा ठाडोमा छड्के पारी **सा-ध-ना** लेखिएको र त्यसै पृष्ठको पुछारमा लेखकको नाम (चूडामणि रेग्मी) उल्लेख गरिएको उक्त पुस्तक डायरी साइजको रहेको छ । निबन्धसङ्ग्रहको दोस्रो पातो खाली रही तेस्रो पातोको पहिलो पृष्ठमा शिरमा 'युगज्ञान पुस्तक माला २', त्यसमुनि **साधना** निबन्धघसङ्ग्रह र पुछारमा दायाँतर्फ लेखक चूडामणि रेग्मी उपप्राध्यापक, मेची क्याम्पस भद्रपुर, झापा अनि त्यस मुनि बायाँतर्फ मूल्य २।५० लेखिएको देखिन्छ । तेस्रो पाताकै शिरमा प्रकाशन, युगज्ञान प्रकाशन, भद्रपुर, बीच कोष्ठमा प्रथमपटक २०३० सालमा र दायाँ पुछारमा मुद्रक मणि प्रिन्टिङ प्रेस, भद्रपुर झापा उल्लेखित छ । सङ्ग्रहको चौथो पातोको प्रथम पृष्ठमा 'लेखक्यौली' र दोस्रो पृष्ठमा विषयसूची खण्डमा १२ वटा निबन्धहरूको शीर्षक र पृष्ठसङ्ख्या उल्लेख गरी पुछारमा मन्तव्य भाग मुनि उक्त १२ निबन्धहरू 'आमा', 'युवक' आदिमा प्रकाशित भएको जानकारी दिएइको छ भने प्रकाशित मिति नहुँदा अन्योल र भ्रम सिर्जना भएको छ । सङ्ग्रहमा पृष्ठ १ देखि ७० सम्ममा १२ वटा निबन्धहरू छोटाछोटा आकारमा रहेका एकै बसाइमा पढी सिध्याउने खालका रहेका छन् । पृष्ठ ७१ देखि ९० सम्म विभिन्न व्यक्तिहरूका मन्तव्यसहित रहेको उक्त सिङ्गो **साधना** निबन्धसङ्ग्रह जम्मा ९० पृष्ठमा रहेको पाइन्छ ।

## ५.१.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'जूवा' | **साधना** निबन्धसङ्ग्रहको प्रथम क्रममा रहेको 'जूवा' शीर्षक निबन्धमा लामाछोटा चौध अनुछेदहरू भएको चार पृष्ठको लघु आकारमा संरचित पाइन्छ । पौराणिक कालदेखि नै समाजमा व्याप्त जुवातासजस्ता खराब खेल खेलिँदै आएको र नल तथा युधिष्ठिर आदि जुवातासकै करण राजवैभव गुमाउन पुगेको विषय निबन्धमा प्रस्तुत गरिएको छ । समाजमा जूवातास जन्य पैसाको हारमार हुने खेल र खराब सङ्गतका कारण वंशाणुगत मात्र होइन गैरजुवाडेका छोरा पनि जुवाडे बन्ने, सज्जन बिग्रने हुदाँ यसको सट्टा स्कुल, पत्रपत्रिका र खेलमैदानको व्यवस्थावाट शारीरिक व्यायाम तथा मनोरञ्जनका साथै साहित्यिक चाख बढाउनु पर्ने विचार निबन्धमा लेखक प्रस्तुत गर्दछन् । जूवा समाजकै देन भएकाले यसको रोकथाम तथा निवारणमा पनि समाज अग्रसर हुनुपर्ने समाज सुधारोन्मुख धारणा नै निबन्धको प्रमुख विषयवस्तु रहेको पाइन्छ । |
| (२) 'धूला र शीतका गीत' | सङ्ग्रहको दोस्रो क्रममा रहेको 'धूला र शीतका गीत' शीर्षकको निबन्ध छोटाछोटा १२ (वाह्र) अनुच्छेदहरू, तीन पृष्ठको कलेवरमा संरचना भएको पाइन्छ । धूले परिवेश, धूलेबाटा, धूले दिन र धूले साथी सबैकुरा कोरा तथा अविकसित रहेका र त्यही धूलोमा लीन कथाव्यथा बोकेर तिरस्कृत एवम् अपहेलित हुँदै शीतरूपी बलिन्द्र आँसुका गीत भएको कुरा निबन्धले प्रस्तुत गरेको छ । आफू तिरस्कृत भएको व्यथा आफूजस्तै धूले साथी भेट्दा ऊसँग बह पोखेर मन हलुङ्गो पार्ने गरेको र दिनभरिको धूलाका गीतका कारण हिउँजस्तै शीत खसिरहने लेखकको धारणा पाइन्छ । यसरी धूलो सबै खाले समस्या जस्तै गरिबी, अशिक्षा, अभाव आदिसँग तुलनीय छ भने शीतचाहिँ तिनै धूले समस्याले निचोरिँदा तेलझैँ झनै आँसुवेदनाका शब्द गीतरूपी चित्कार भएको विषय लेखकले निबन्धमार्फत प्रस्तुत गरेको पाइन्छ । |

| | |
|---|---|
| (३) 'भूत घर' | 'भूतघर' शीर्षकको निबन्ध **साधना** निबन्धसङ्ग्रहको तेस्रो क्रममा रहेको छ । बाह्य रूपाकृतिमा अन्य निबन्धहरूभन्दा बृहत् देखिने यस निबन्धका छोटालामा गरी उनन्तीस अनुच्छेदहरूलाई नौ (९) पृष्ठको आयतनमा रचना गरिएको देखिन्छ । अन्धविश्वास तथा रूढिग्रस्त नेपालीहरूको मनमस्तिष्कमा बाल्यकालदेखि नै भूतप्रेतप्रतिको विश्वासले स्थान लिएका कारण कहिले राँकेभूत त कहिले किचकिन्ने रूपको सन्त्रास फैलिएको विषय निबन्धमा उल्लेखित छ । निबन्धमा लेखक भूतप्रेतजस्तो मानवमनमस्तिष्कमा भय, त्रास सिर्जना गर्न बस्ने सत्यतथ्यहीन भ्रामक मनोवैज्ञानिक समस्या मात्र नभई गलत तथा भ्रामक प्रचारवाचीसमेत भएको र यसले मान्छेको अन्धविश्वास र लाछीपनालाई प्रतिनिधित्व गरेको विषयवस्तुलाई निबन्धले उठाएको पाइन्छ । |
| (४) 'झिँगो र मह' | 'झिँगो र मह' शीर्षक निबन्धको स्थान निबन्धसङ्ग्रह **साधना**मा चौथो रहेको छ । यस निबन्धका सातवटा अनुच्छेदहरूलाई चार पृष्ठ लामो आकारमा रचना गरिएको देखिन्छ । यस निबन्धमार्फत लेखकले झिँगो जातको किराको महप्रतिको मोह बढेझैँ मान्छेको पनि राम्रा र मिठा वस्तुप्रतिको लालचा मात्र होइन झिँगो तातो दूधमा डुबेर मरेझैँ अफिम, चुरोट आदिमा लिप्त भई काल निम्त्याउनुजस्ता झिँगे प्रवृतिप्रति व्यङ्ग्य प्रस्तुत गरेको पाइन्छ । झिंगोजस्तो क्षुद्र जीवलाई त्यागी बन्न आग्रह गर्न नसकिने तर मान्छे विवेकशील प्राणी भएर झिगे प्रवृत्ति त्याग्नु कसो उचित नहोला ? भन्ने सुझावसमेत निबन्धमार्फत लेखकको रहेको पाइन्छ । यस्तै लेखकले मान्छेका आ-आफ्ना स्वाद हुने कवि, कवित्वजगत्को नेता सुखीजगत्को स्वाद पारखी, त्यस्तै राम्रो रूप, मिठो स्वाद, कोमल छुवाइ अझ रन्डी तथा रक्सीले मदमत्त हुनु सबै झिँगे स्वभाव भएकाले चुस्नु, लुटनु, ठग्नु आदि खराब प्रवृतिबाट माथि उठेर त्याग, स्नेह, ममता र सेवाभावले युक्त हुनुपर्ने सुझावसमेत निबन्धमा लेखक पेस गर्दछन् । |

| | |
|---|---|
| (५) 'बानी' | **साधना**मा सङ्गृहीत हुनु अगावै **आदर्श श्री** पत्रिकामा प्रकाशित भैसकेको 'बानी' निबन्ध **साधना** निबन्धसङ्ग्रहमा पाँचौं क्रममा रहेको पाइन्छ । तेर अनुच्छेद र नौ पृष्ठको आयतनमा रचना गरिएको यस निबन्धमा खासगरी मान्छेको बानी राम्रो र नराम्रो गरी दुई प्रकारको रहेको र प्राणीहरूमा जातैपच्छिे आआफ्ना बानी हुने र यो बानी समस्त प्राणीमा अस्तित्वमा रहेको कुरा, बानी व्यक्तिगत हुने हुँदा यो बानी गाई, माहुरीको बानी, स्याल तथा कागमा अपेक्षा गर्न नमिल्ने कुरा हो । मान्छेका नराम्रा बानीलाई ठूलो पानीले मैला लुगा सिनिक्क पारेझैँ नयाँ युगले पुराना, थोत्रा, बानी स्वाहा पार्नु, जसरी चर्को व्याज खान पल्केका महाजनहरूलाई भूमिसुधारले एक प्रकार पखालेको थियो यही नै निबन्धको मुख्य विषय रहेको पाइन्छ । आफ्ना मौलिक बानीहरू लवाइ, खुवाइ, हिँडाइ, बसाइ, बोलाइ, हसाइमा फरकफरक हुने विषयवस्तुका रूपमा उल्लेख भएका छन् भने बानीलाई प्रभाव पार्ने तत्त्वका रूपमा स्थान, भूगोल, संस्कृति विशेषले ठूलो भूमिका खेल्छ । मानिसमा रहेका दुर्गुण र नराम्रा बानीले समाज अगाडि नबढ्ने हुँदा सबै वर्ग र तहतप्काका मान्छेले नराम्रा बानी, दुर्गुण त्यागी सभ्य, सुललित, न्यायी, भ्रष्टाचारविरोधी बानीको अनुसरण तथा विकास गरेर, आमाबुबा, साहित्यकार, नेताहरूका सुबानीलाई समेत अँगाल्नुपर्ने धारणा लेखकले व्यक्त गरेको पाइन्छ । |
| (६) 'स्वाँगेनेता' | लामाछोटा गरी ७ अनुच्छेदहरूमा तथा पाँच पृष्ठको आयतनमा संरचित 'स्वाँगेनेता' शीर्षकको निबन्ध **साधना** निबन्धसङ्ग्रहमा सङ्ग्रहण हुनु पूर्व **पञ्चामृत** पत्रिकामा प्रकाशित भएको पाइन्छ । स्वाँग अथवा ढर्राको अर्थमा निबन्धमा चर्चा भएको यस निबन्धमा मान्छेका देखावटी आडम्बर नै मुख्य विषयवस्तु रहेको पाइन्छ । मान्छेका बाह्य तथा भित्री दुई प्रकारका प्रवृत्तिमध्ये भित्री वा आन्तरिक प्रवृत्ति गुणात्मक हुने र बाह्य प्रवृत्ति देखावटी गुणस्तरहीन हुने कुराको चर्चा पाइन्छ । अस्त्रको तीव्रतर उत्पादन तथा बिक्री गरी साना राष्ट्रलाई कमजोर पार्ने र अझ आफैँ शान्तिवार्ता |

| | |
|---|---|
| | बोलाई हात मिलाउन लगाउने रुस, अमेरिकाजस्ता शक्तिशाली राष्ट्रहरूका नेताहरूको स्वाँगलाई यहाँ राम्ररी झापड हानिएको छ । यो स्वाँग भन्ने कुरा विशेष नेता अनि साहित्य, कला र राजनीति आदि विविध क्षेत्रमा हावी भहेको यसले आफूअघि अरूलाई पछि लगाउने राजनैतिक नेताहरू त एक नम्बर टपरटुइयाँ, व्यापारीका पिठ्ठ, न्यायको बाटो जानेर पनि नदेखाउने झुठ प्रवृत्तिका हुने विषयवस्तु निबन्धले अँगालेको छ । |
| (७) 'मुसाको दुलो' | **साधना**मा समायोजन हुनु पूर्व **युगज्ञान** तथा **विवेचना** पत्रिकामा प्रकाशित 'मुसाको दुलो' शीर्षकको निबन्धक्रम **साधना** सङ्ग्रहमा सातौँ रहेको छ । लामाछोटा तेर अनुच्छेदलाई पाँच पृष्ठको कलेवरमा निबन्ध संरचित भएको पाइन्छ । निबन्धमा लेखकले भद्रपुरदेखि धुलाबारी, टिमाइ हुँदै शान्तिनगरको फँददेखि शान्तिनगर डाँडासम्मको यात्रामा उपलब्ध शान्त, गोप्यबाटो, दृश्य र घटनाको प्रस्तुति गरेको देखिन्छ । शान्तिनगरको फँद (इरौँटार) को नाम एकजना सज्जनले मुसाको दुलो रहेको बताएका र त्यस ठाउँबाट अघि बढ्दाको शान्त, गोपनीय एवम् शीतल शान्तिनगरको (टुप्पा) डाँडासम्मको वातावरण साँच्चिकै मुसाको दुलो नामसँग सार्थक भएको विषय नै निबन्धको मुख्य विषय मान्न सकिन्छ । |
| (८) 'त्रसाउने त्र' | **साधना** निबन्धसङ्ग्रहको आठौँ क्रममा रहेको 'त्रसाउने त्र' शीर्षकको निबन्ध यस निबन्धमा सङ्कलन हुनुपूर्व **इन्द्रधनु** पत्रिकाले प्रकाशित गरेको बुझिन्छ । छोटाछोटा २३ अनुच्छेद र पाँच पृष्ठको कलेवरमा निबन्धको रचना भएको छ । निबन्धमा बालकलाई कखरा सिकाउँदा कपुरी क, खरायो ख, त्रसाउने त्र भन्दै ज्ञानी ज्ञ सम्मको वर्णचिनारी गराइने र ज्ञानी ज्ञ ले सकारात्मक पक्षलाई अँगाले पनि त्रसाउने त्रले बालमस्तिष्कलाई नकारात्मक छाप पार्ने मनोवैज्ञानिक असर नै निबन्धको मुख्य विषय भेटिन्छ । यही मनोवैज्ञानिक छापले बाल मनोविज्ञानदेखि ठूला नेपालीसमेत हरबखत हर कुरामा तर्सिने र त्र हामी नेपालीको पहिचान बनेको कुरा निबन्धमा चर्चा गरिएको पाइन्छ । त्यसैले यहाँ ऋणी, साहुदेखि, कर्मचारी |

| | |
|---|---|
| | कामदेखि, गृहस्थी व्यवहारदेखि, रागी कालदेखि, राजनीतिज्ञ कुटनीतिज्ञदेखि, लेखक सम्पादकदेखि, चिट चोर्ने विद्यार्थी निरीक्षकदेखि, जोइटिङ्ग्रे भए जोइदेखि त्रस्त छन् । हुँदाहुँदा लेखकको सानो छोरो 'त्र'देखि तर्सिएझैँ लेखक स्वयम् पनि अज्ञानतादेखि तर्सिएको विषय निबन्धले उठाएको छ । |
| (९) 'जुनकुरा बिर्सिइन्न' | **कन्तुर** पत्रिकामार्फत **साधना** सङ्ग्रहमा समायोजन हुनुपूर्व पाठक समक्ष आइसकेको 'जुन कुरा बिर्सिइन्न' शीर्षकको निबन्धको क्रम **साधना** निबन्धसङ्ग्रहमा नवौँ स्थानमा रहेको देखिन्छ । दस अनुच्छेदहरूमा र सात पृष्ठमा संरचना गरिएको उक्त निबन्धको मुख्य विषयको रूपमा आफ्नो मनमस्तिष्कमा भिजेको घटना, दृश्य, स्थान तथा खाना आदि बिर्सिन नसक्नु छँदैछैन त फेर दुःखात्मक घटना चाहिँ झन् नबिर्सिइने खालका हुने विचार लेखकले प्रस्तुत गरेका छन् । बाल्यकालीन सम्झनाले आनन्द दिने, शिक्षक, साहित्यकारमा प्रोत्साहनको चाहना, शिक्षित कर्मचारी आफ्नो प्रमोसनको चाहना स्मृतिपटलमा सँगाल्दछन् तर एउटा वर्ग रोग र भोकले ग्रस्त हुँदा अर्को वर्ग फ्रायडीय विश्लेषण (भोकभन्दा कामले पीडित) विषयमा लेख्छन् भनी निबन्धकारले यिनै कुरा दर्साउँदै जनजनका, घरघरका सामाजिक वेदनाबाट विचलित नभएका प्रति क्षोभ प्रकट गरिएको विषय निबन्धाकारले निबन्धमा अभिव्यक्त गरेका छन् । |
| (१०) 'सस्तोमा सस्तो' | **साधना** निबन्धसङ्ग्रहको दसौँ स्थानमा रहेको 'सस्तोमा सस्तो' निबन्ध यस सङ्ग्रहमा समावेश हुनु पूर्व **सिद्धार्थ** पत्रिकामा प्रकाशित भएको देखिन्छ । निबन्धका लामाछोटा चौध अनुच्छेदहरू ६ पृष्ठमा समावेश भएको पाइन्छ । निबन्धले नेपाली उखान सस्तो बेसाहाले पखाला लाग्छको पक्षमा तर्क पेस गरेको देखिन्छ । आजकलका सबै वस्तुहरू मात्र सस्तो नभएर फिल्मी हिरो, हिरोइन, तरूनी-तन्नेरी, लेखक, कवि, गीतकार, सङ्गीतकार, पत्रकार, नेता, हत्या सबै सस्तो भएका हामी यिनै सस्ता वस्तुको फन्दामा परिसकेकोले सस्तोमा सस्तोबनी सस्तै स्तरको भए पनि नवनिर्माणमा जुट्नुपर्ने लेखकको धारणा लेखकको रहेको पाइन्छ । सस्तो तथा गुणस्तरहीनता प्रति यो व्यङ्ग्यात्मक देखिन्छ । |

| | |
|---|---|
| (११) 'घोरिने बेला' | निबन्ध 'घोरिने बेला' को प्रकाशन **साधना** निबन्धसङ्ग्रहमा समावेश हुनुपूर्व **काफल** पत्रिकाले प्रकाशित गरिसकेको र **साधना**मा चाहिँ यसले एघारौँ स्थान ओगटेको छ । बाह्य रूपाकृतिमा लघु लाग्ने यस निबन्ध पन्ध्र अनुच्छेदहरू र छ पृष्ठमा रचना भएको छ । 'त्यक्त लज्ज सुखीभवेत्' अथवा लाज त्यागे सुखी भइन्छ भन्ने लेखकको धारणा रहेको, हगनगौडीमा टट्टी बस्दाको बेला मथिङ्गलमा कुरा खेलाइने उपयुक्त समय भएको विषयवस्तु लेखकले निबन्धमा प्रस्तुत गरेको छ । नेपालका ग्रामीण भेकमा आर्थिक तथा मानसिक दारिद्र्यका कारण पाइखान नबन्दाको समस्या निबन्धमा उल्लेख छ । घरविहीन गरिब खुल्ला आकाशको छानामुनि बस्नेहरूका लागि त पाइखानाको सोचाइ एकादेशको कथा बन्ने कुरा निबन्धमा प्रस्तुत भएको छ । पाइखानामा होस् या गल्ली र खेतमा जहाँतहीँ दिशा गर्न बसे पनि सो बस्दाको समय सबैका साथै लेखकले पनि घोरिनलाई चुन्ने गरेको यथार्थको प्रस्तुति निबन्धले गरेको पाइन्छ । |
| (१२) 'आफ्नो साथी आफू' | **साधना** निबन्धसङ्ग्रहको अन्तिम क्रममा रहेको 'आफ्नो साथी आफू' शीर्षकको निबन्ध यस सङ्ग्रहमा समाविष्ट हुनुपूर्व **पञ्चामृत** पत्रिकाले प्रकाशमा ल्याएको भन्नु बुझिन्छ । उक्त निबन्ध आठवटा अनुच्छेदहरूमा पाँच पृष्ठको लम्बाइमा रचना भएको पाइन्छ । निबन्ध आफ्नो भन्नु आफूभित्रका साहस, धैर्य, दृढता, हिम्मत, आत्मविश्वास तथा स्वावलम्बन आदि निजी तथा व्यक्तिगत कुराहरू नै वास्तवमा आफ्ना अभिन्न तथा आत्मीय साथी भएको विषयवस्तु प्रस्तुत गरेको पाइन्छ । व्यक्तिमा निहीत यस्ता आन्तरिक गुणहरूका कारण आजको यो वैज्ञानिक तथा प्राविधिक युगमा मान्छे अगाडि बढेको विचार निबन्धका लेखकको रहेको छ । यिनै गुणलाई सक्रिय गराएमा समाज र राष्ट्रको मुहार हँसिलो पार्न सकिने विचारसमेत निबन्धले व्यक्त गरेको छ । |

### ५.१.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको **साधना** सङ्ग्रहका निबन्धहरूभित्र सरल, संयुक्त तथा मिश्र तिनै किसिमका वाक्यहरू रहेका छन् । निबन्धसङ्ग्रहमा प्रशस्त झर्रा शब्दहरू, जस्तै : किर्ते (पृ. २), पोचो (पृ. ४), हितु, ठालु, लत, कौडी, बुझक्कड, उभौली (पृ. ६३), भलाकुसारी, परार इत्यादिको सार्थक प्रयोग भएको पाइन्छ ।

निबन्धहरूमा प्रशस्त मात्रामा तत्सम शब्दहरू अनन्त (पृ. ४२), अनुभव, अभ्यास (पृ. २४), कवि, अत्यन्त (पृ. ४७) चीरहरण (पृ. ४०), आनन्द (पृ. १७), ऋतु (पृ. ३८), निरीक्षक (पृ. ४६), शक्ति, साहस, विज्ञान (पृ. ६६, ६७), क्षोभ, क्षुद्र (पृ. २२), आदिको प्रयोग भएको देखिन्छ । आगन्तुक शव्दहरू फेसन, टेलर, होटल, पुलिस स्टार, बियर (पृ. ५५.५६) गुब्बारी ( पृ.६६) कुधुरी ( पृ. ६३) डाइवर कन्सेसन, रिजर्भ (पृ. १५) मोटर , फ्रन्ट सिट (पृ. ५८) हटफेल, टाइम, (पृ. ६१–६२), चान्स, जन्स, कैसा काम होएगा (पृ. १२) इत्यादिको प्रयोग रहेको छ ।

निबन्धहरूमा अनुकरणात्मक शब्दहरू ञा ञा (पृ. ४३), गडडगडड, चुइँ (पृ. ५), झिलिक-मिलिक (पृ. १५), गुटुमुटु, जुरुक्क (पृ. १७), ढ्वाँस-ढ्वास, टुक्रुक्क (पृ. २८), भुतुक्क (पृ. ६३) आदिको प्रशस्त मात्रामा प्रयोगले अभिव्यक्ति प्रभावकारी भएको पाइन्छ भने जानी-जानी (पृ. १), धुरू-धुरू (पृ. २), उकुस-मुकुस (पृ. १३), राति-राति (पृ. १४), बीच-बीच (पृ. ३८), भर्खर-भर्खर, बेग्लै-बेग्लै (पृ. ३९), किनारै-किनार, अलि-अलि (पृ. ४०), जहाँ-जहाँ (पृ. ४७), माथि-माथि (पृ. ४८), विचित्र-विचित्र (पृ. ६३) आदि द्वित्व र चालामाला (पृ. ३७), भातसात (पृ. ३८), चाट-चटनी (पृ. ६२) आदिको प्रयोगले थप झरिलो मिठासपूर्ण भएको छ ।

निबन्धसङ्ग्रहभित्र बानी नानीदेखि लाग्छ (पृ. २४), सस्तो बेसाहाले पखाला चलाउँछ (पृ. ५४), हिँड्दैछ पाइला मेट्दैछ (पृ. ३०), लाहुरेको रेलीमाई फेसनै राम्रो (पृ. २६) आदि उखान तथा लोकोक्ति तथा गीतका फाँकाहरूले थप रसिलो र झरिलो अभिव्यक्ति बनाएको पाइन्छ ।

निबन्धको भाषा सरल, सुबोध, स्वादिलो, रुचिपूर्ण हुनाका साथै सामान्य बोलीचाली रूपको भाषाप्रयोग हुनाका साथै सामान्य शैलीको प्रयोग भएको पाइन्छ ।

## ५.१.४ निष्कर्ष

सारांशमा **साधना** निबन्धसङ्ग्रहका बारवटा निबन्धहरू ९० पृष्ठको लघु आकारमा रचना भएका एकै बसाइमा बिना पट्यार पढेर सिध्याउने खालका रहेका छन् । प्रशस्त मात्रामा ठेट झर्राशब्दहरूको सार्थक र सुन्दर प्रयोग भएको पाइन्छ । सबै साधारण जोकोहीले पनि बुझ्न सकिने सरल र तरल भाषाको प्रयोग भएको देखिन्छ । चूडामणि रेग्मीको निबन्धयात्रामा बामेसर्दै गरेको अवस्थाका भएर होला त्यति सङ्गठित र कसिलो विचारको अभिव्यक्ति यस सङ्ग्रहका निबन्धहरूमा पाइँदैन तापनि समाज तथा व्यक्तिका राम्रानराम्रा चित्रहरू चित्रण गरेर यथार्थको प्रस्तुति गर्ने कोसिस भएको पाइन्छ । चूडामणि रेग्मी धेरै ठाउँहरू घुमेर नेपाली दाजुभाइ, दिदीबहिनीहरूको सुख, दुःख, शिक्षा, अन्धपरम्परा आदिबाट प्रत्यक्ष परिचित बहुसङ्ख्यक तल्लो वर्गका मान्छेहरूको समस्यालाई नजिकबाट नियाल्न सफल भई ती वर्गको उन्नति गरी राष्ट्रोन्नतिमा समर्पित हुन निबन्धमार्फत आग्रह गर्दछन् । देश जनताको प्रगति र उन्नतिमा उनको कलम प्रगतिशील बाटो भएर सलल बगेको छ ।

## ५.२ 'धूनमा घुन' निबन्धसङ्ग्रहको विश्लेषण

## ५.२.१ परिचय

**धूनमा घुन** निबन्धसङ्ग्रह चूडामणि रेग्मीको निबन्धसङ्ग्रहमध्ये दोस्रो हो । सङ्ग्रहका रूपमा एकै पुस्तकमा आउनु अगाडि यसभित्रका निबन्धहरूमध्येको दसौँ क्रममा रहेको 'कुरा गरिन् खानका' निबन्धचाहिँ **सिद्धार्थ** पत्रिकामा प्रकाशित भएको र अन्य दसवटा निबन्धहरू भने **युगज्ञान** साप्ताहिक पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित भएका थिए भन्ने बुझिन्छ । प्रत्येक मानिसमा एक न एक लक्ष्य अथवा धून हुन्छ तर ती धुन अन्तसम्म पुऱ्याउन नसक्नुचाहिँ धूनमा घुन लाग्नु हो । रेग्मी घुन लाग्ने पक्का भएर पनि धुनचाहिँ उठ्न छाड्दो रहेनछ भन्दछन् ।[२१]

---

२१ चूडामणि रेग्मी, **धूनमा घुन**, लेखक्यौली, (भद्रपुर : युगज्ञान प्रकाशन, २०३५), पृ. ख ।

## ५.२.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'साँचो कुराको जिलीगाँठी' | **धूनमा घुन** निबन्धसङ्ग्रहको पहिलो निबन्ध 'साँचो कुराको जिलीगाँठी' शीर्षकको निबन्धको मुख्य विषयवस्तु लेख, कविता आदि जस्तो देखिन्छ । त्यसको समालोचना पनि त्यस्तै यथार्थपरक हुनुपर्ने केवल आदर्श, औपचारिक र देखावटी, शिष्टता व्यक्त हुनु साँचो कुरा नभएको विचार लेखकद्वारा प्रस्तुत भएको छ । यो दुनियाँको विकृत रूपलाई खोल ओढेर वा ओढाएर मायाप्रीति, राजनीति, नाताकुटुम्बमा जति नै सत्यम् शिवम् सुन्दरको स्वाङ रचे पनि ती केवल देखावटी आदर्श र स्वार्थ भूगोल परिवारको सदस्य बनेको विचार निबन्धमार्फत लेखकले अभिव्यक्त गरेको पाइन्छ । |
| (२) 'यो उही हो' | निबन्धसङ्ग्रह **धूनमा घुन**मा सङ्गृहीत दोस्रो निबन्ध 'यो उही हो'ले यस परिवर्तनशील संसारको परिवर्तनशील दुनियाँमा मान्छे परिवर्तनशील छ । हिजो एक रूपको मान्छे आज अर्कै रूपमा पाउँदा के यो उही हो ? भन्ने प्रश्न मगजमा उब्जने गरेको कुरा निबन्धमा प्रस्तुत भएको देखिन्छ । निबन्धमा अर्काको गाईगोठालो, हली घुमबहादुर पुलिस विभागमा जागिर खाई हबल्दार श्री धर्मबहादुर भुजेल नाउँले प्रसिद्धि पाएको, एउटै बाबुआमाले पाएका छोरा पछि कोही डाक्टर, इन्जिनियर, मन्त्री त कुनै हलीगोठाला देख्दा के यो उही हो ? भन्ने प्रश्न उठ्ने प्रसङ्ग उठाउँदै यो प्रश्न मान्छेमा मात्र होइन ठाउँसँग पनि आउने देखिन्छ । अगि जङ्गलामुलुक रहेको स्थान भौतिक सुविधायुक्त सहर बनेको देख्दा यो उही हो ? प्रश्नको आउने अपत्यारिलो कौतुहल नै निबन्धको मुख्य विषय रहेको पाइन्छ । |
| (३) 'हिउँदको रमझम' | 'हिउँदको रमजम' शीर्षक निबन्ध **धूनको घुन** सङ्ग्रहमा तेस्रो क्रममा रहेको छ । निबन्धले हिउँदको समय हर्ष, उमङ्ग र उन्मुक्तताको प्रतीकका रूपमा प्रतिपादित भएको विषय उठाएको पाइन्छ । वर्षा कालपछि आउने |

| | |
|---|---|
| | हिउँदको समय रमाइलो र चित्ताकर्षक हुने, किसान अन्न भण्डार गरी घुमफिर गर्ने, साहु धेरै गैँडा बटुल्ने, युवायुवती बिहेबन्धनमा बाँधिने कुराको चर्चा पाइन्छ । गरिबदेखि साहुमहाजन सबैका लागि रमझमयुक्त यो समय मिठो निन्द्रामा सुखमय सपना देखिने हुँदा सदासदा विपनामा पनि सुखमय भई आइरहोस् भन्ने लेखकको विचार निबन्धमा मुखरित भएको पाइन्छ । |
| (४) 'धूनमा घुन' | निबन्धसङ्ग्रहको चौथो क्रममा पर्ने **धूनमा घुन** निबन्धसङ्ग्रहको केन्द्रीय निबन्ध जसको नामबाट सङ्ग्रहको नामकरण गरिएको देखिन्छ । धुन मान्छेमा रहने सर्वदेशीय र सर्वकालीन आश्चर्य नै हो । मानिस कसैलाई पत्रकार, कसैलाई गायक, त्यसै गरी कसैलाई पत्रकार त कसैलाई लेखक, लखपति आदि हुने धुन चढ्ने तर त धुनमा कति पूरा भए पनि कतिमा घुन लागी भुसुक्कै हुने विषय प्रस्तुत भएको पाइन्छ । निबन्धमा लेखक पनि बाबुको **रामायण** तथा **महाभारत** वाचनबाट कथाका युधिष्ठिर तथा रामजस्तै सत्यवादी तथा आदर्शवादी बनी स्वर्ग जाने धुनमा लठ्ठिएको तर कैयौँपटक झुठो बोली बोल्नु परेकाले धुनमा घुन लागि मक्किएको विचार निबन्धमा प्रस्तुत गर्दछन् । |
| (५) 'छुट्टीका दिन' | निबन्धसङ्ग्रहको पाँचौँ क्रमको 'छुट्टीका दिन' शीर्षकको निबन्धमा गधालाई भारी र कर्मचारीलाई काम चाहिन्छ भन्ने उखान भए पनि छुट्टीका दिन काम चाहिने कर्मकारी छुट्टीमा किन रिसाउँछन् भन्ने प्रश्नको उत्तर नै विषयवस्तु रहेको देखिन्छ । स्वास्नीमान्छे माइत जाँदा घरको धाक लाउँछन् र घर आउँदा माइतको । त्यस्तै कार्यालयमा उङ्ने कर्मचारी घरमा छुट्टी मनाउँदा कार्यालयमा भए कति पेन्डिङ काम खतम गरिन्थ्यो भन्नु सबै अल्छेका बात हुन् । अवसरको उपयोग गर्न नजानेमा निष्प्रयोजन समय बित्न सक्ने कुरा निबन्धमा प्रस्तुत भएको पाइन्छ । कर्तव्यविमुख कर्मचारी, सेवक तथा गृहिणीलाई समेत अपत्यारिलो पाराले व्यङ्ग्य प्रहार गर्नु निबन्धको उद्देश्य रहेको देखिन्छ । |

| | |
|---|---|
| (६) 'ढुङ्गो पनि रसाउँछ' | निबन्धसङ्ग्रह **धूनमा धून** सङ्ग्रहको छैटौ क्रमको 'ढुङ्गो पनि रसाउँछ' शीर्षक निबन्धमा लोकोक्ति 'ढुङ्गो पनि रसाउँछ' मा आधारित रहेर मानवीय कठोरता, निर्दयीपन, असहयोग, अनुदारता एवम् स्वार्थीपनले मान्छे टुङ्गिएकाले रसाउन नसकेको विषय प्रस्तुत भएको पाइन्छ । प्रकृतिका कतिपय चीजहरू जटिलताबाट सरलतर्फ लाग्छन् तर जब्बरपनले टेक लिइरहन्छ अनि कठोर बन्छ । यही सेरोफेरोको विषय नै निबन्धको प्रस्तुति रहेको देखिन्छ । |
| (७) 'भाग्ने र जुद्धे' | **धूनमा घुन** निबन्धसङ्ग्रहको सातौ क्रममा रहेको 'भाग्गे र जुद्धे' शीर्षक निबन्धले भाग्यवादी नेपाली समाजमा भाग्यकै खेलका रूपमा जागिर, जमिन, मानप्रतिष्ठा हुँदै पत्नीसमेत पनि भाग्यकै देन मानिने गरिएको तर हामीलाई कुनदिन भाग्यले स्वात्तै माथि पुऱ्याएर तपस्या फलिफाप हुने व्यङ्ग्योक्ति प्रस्तुत गरेको छ । लेखक ईश्वरले सुन्ने भए र भाग्यको कुरा सदर भए आफूलाई सद्दे मान्छे हुने भाग्गे अनि पशुत्वबाट बचाउने खालको भाग्यमानी बनाऊ भनी प्रार्थना गर्ने विचार निबन्धमार्फत पेस गर्दै भाग्यवादीप्रति धारिलो वाण प्रहार गर्दछन् । यही व्यङ्ग्यविषय निबन्धले प्रस्तुत गरेको देखिन्छ । |
| (८) 'साथीको साथी' | निबन्धसङ्ग्रह **धूनमा घुन**को आठौं क्रममा राखिएको 'साथीको साथी' शीर्षक निबन्धमा हामी मान्छे सहयोग र हिम्मतकै लागि साथी बनाउन हिरिक्क लाग्छौं । सानैदेखि साथी भने पछि हुरूक्क हुने हाम्रा साथीको क्रम पनि फेरिँदै जान्छन् । सानो छदाँ आमा, जवानमा प्रेमिका र बुढो भएपछि लठ्ठी आदिका साथीको क्रम रहेको पाइन्छ । लेखक चाहिँ साथीबाट सद्भाव नपाएकोमा दुर्नियति भाग्नुपरेको दुखेसो पाइन्छन् । साथीग्रन्थी दमितवासना वा कुण्ठा नभएर एउटा आदत मात्र भएको ठहर लेखक बताउँछन् । स्वाङे, चिप्ले र स्वार्थी साथी ठीक नभई उदात्त, कञ्चन साथी हार्दिक तथा स्नेहात्मक हुने खालको हुन्छ भन्ने धारणा निबन्धले पेस गरेको पाइन्छ । वास्तविक साथीले आफूमा अन्तर्निहित |

| | |
|---|---|
| | हिम्मत, साहसजस्ता उदात्त र कञ्चन वस्तुलाई मान्नुपर्ने जसले देश र समाजप्रति निस्वार्थ त्याग देओस् । यस्तै हामीमा रहने साथकै साथी वास्तविक साथी भएको विषयवस्तु निबन्धमा प्रस्तुत भएको पाइन्छ । |
| (९) 'आजकल बजारमा देखिनु हुन्न नि !' | सङ्ग्रहको नवौँ क्रममा पर्ने 'आजकल बजारमा देखिनु हुन्न नि ! शीर्षकको निबन्धमा बजारमा आजकल देखिनु हुन्न नि ? भन्ने हितैषी मित्रको सोधाइभित्र लेखाजोखा गर्न नसकिने प्रकारहरू रहेको यद्यपि प्रश्न जति सलक्क र सग्लो देखिन्छ त्यति नै जटिल र संवेदनशील छ भन्ने लेखकको विचार निबन्धले प्रस्तुत गरेको छ । बजार भनेको भ्रष्ट र लुटाहाहरूको अवैधधन्दा प्रदर्शन गर्ने थलो भएको र आफू देखिनु कालाधन्दा देख्नु पनि हो तसर्थ पटक्क सुन्दर नदेखिने बजार, कालाबजारी, भ्रष्टाचारी, खुरापाती देखिने र तिनलाई सुनिने हुँदा लेखकको मन हुँडलिएको विषयवस्तु नै निबन्धमार्फत प्रस्तुत भएको पाइन्छ । |
| (१०) 'कुरा गरिन् खानका' | **धूनमा घुन** निबन्धसङ्ग्रहको दसौँ क्रमको 'कुरा गरिन् खानका' शीर्षकको निबन्धले खानु प्राकृतिक र वास्तविक कुरा हो । बालदेखि बुढासम्म चराचर जीवजन्तु प्राणीका लागि आवश्यक खाना खाने क्रममा मान्छेले खान नहुने जमीन, जङ्गल, बजेटसमेत खाई पचाएको विषय रमाइलो ढङ्गले निबन्धले उठाएको छ । खानमा सबैको ध्यानाकर्षण हुने, खान पाउँदाको दाताको प्रशंसा हुने गर्दछ । जतिसुकै दर्शन र सिद्धान्तका कुरा गरे पनि सिताको गीता गाउनुपर्ने विषय निबन्धले अँगालेको पाइन्छ । मान्छेसँगै पेट अगाडि लाग्ने तिनै लोकका तिनै देवता पनि खानबाट अलग नरहेको तथ्यवस्तु निबन्धमार्फत प्रस्तुत गरिएको देखिन्छ । |
| (११) 'पैसा हात परेको बेला' | निबन्धसङ्ग्रह **धूनमा घुन**को एघारौँ तथा अन्तिम क्रमको 'पैसा हात परेको बेला' शीर्षकको निबन्धको मुख्य विषय पैसा पाउँदाको हर्षित मोड रहेको छ । विभिन्न पेसामा आश्रित विविध पदका मान्छेलाई पैसा हात पर्दा आनन्द प्राप्त भई सम्पूर्ण आवश्यकता पूरा गर्ने विश्वास सुरुमा भए |

| | |
|---|---|
| | पनि चुहुने भाँडोरूपी अधारो तिर्दातिर्दै शून्य हुँदा पुलाउमा दर्शनढुङ्गा लागेझैँ हुने गरेको अघिको हर्ष र आनन्द झरिमा भिजेको स्थलझैँ धुम्ममा परिणत हुने कटु तर यथार्थ विषयवस्तु उठाइएको पाइन्छ । लेखक स्वयम् पनि पैसा पर्दा जेट विमान चढूँ गर्ने तर पेस्की तिर्दै जाँदा घर पुगेन्जेलमा रित्तो गोजी पाउँदा खरङ्ग हुन पुगेको विचार निबन्धमार्फत व्यक्त गर्दछन् । |

## ५.२.३ भाषाशैली

आत्मपरक शैलीमा लेखिएको **धूनमा घुन** निबन्धसङ्ग्रहका निबन्धहरूमा सरल, मिश्र तथा संयुक्त तिनै प्रकारका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । निबन्धभित्र प्रशस्त मात्रामा झर्रा नेपाली शब्दका अतिरिक्त तत्सम शब्दहरू दोष (पृ. ५), आदर्श (पृ. ६), पत्रकार (पृ. ३४), सत्यम शिवम् सुन्दरम् (पृ. ७), आडम्बर (पृ. ६), ईश्वर, पशु, यावत्, प्रार्थना (पृ. ३२-३६), नवबधु (पृ. ५२), देवदूत, परीक्षाफल, गद्य, आनन्द (पृ. ३२-३६) आदिको प्रयोग गरिएको पाइन्छ । त्यस्तै गरी आगन्तुक शब्दहरूमा सेक्सन अफिसर, इन्जिनियर, हबल्दार, प्रहरी, डाक्टर, कम्पाउन्डर (पृ. ३४), सर, फेल (पृ. ३५), मुन्सी (पृ. ५१), हेलिकोप्टर (पृ. ५३), एकाउन्टेन्ट, जम्बोजेट, ब्ल्याकमेलिङ (पृ. ५३) आदि जस्ता शब्दहरूको र अनुकरणात्मक चुर्लुम्म (पृ. ८), थुरथुर (पृ. ८), कड्याक्क (पृ. ५२), स्वात्तै, तिरीमिरी झ्याइँ (पृ. ३७-३९), डिस्स (पृ. ३३), टरटर, टमटम, लठ्ठ, छर्लङ्ग, घुलुक्क आदि शब्दहरू प्रयोग भएको पाइन्छ ।

निबन्धमा द्वित्वहरू कोहीकोही, अनेकअनेक, केके (पृ. ३६), कतिकति (पृ. ३६) र द्विरुक्ति उफ्रिपाफ्री, भोजमोज (पृ. ८), नाचगान, जालझेल (पृ. ८), इष्टमित्र, बन्धुबान्धव (पृ. ९), उकालो-ओरालो (पृ. ५०), मरीतरी (पृ. ५१), कुम्लो कुटुरो (पृ. ३२) जस्ता शब्दहरूको प्रयोग देखिन्छ । त्यसै गरी उखानटुक्काहरू सुइँकुच्चा ठोक्यो (पृ. ३३), सिल्टिम्मुर खाँदा (पृ. ३३) आदिको पनि प्रयोग गरिएको पाइन्छ ।

निबन्धहरूमा सरल, सुबोध भाषा र सामान्य शैलीको प्रयोग गरिएको पाइन्छ ।

## ५.२.४ निष्कर्ष

चूडामणि रेग्मीको निबन्धयात्रामा दोस्रो पाइलोको रूपमा प्रकाशित **धूनमा घुन** (२०३५) निबन्धसङ्ग्रहमा सङ्कलित एघारवटा निबन्धहरू सङ्ग्रहमा सङगृहीत हुनुपूर्व एउटा 'कुरा गरिन्

खानका' शीर्षकको निबन्ध **सिद्धार्थ** पत्रिकामा प्रकाशित भएको र बाँकी दसवटा निबन्धहरू भने **युगज्ञान** पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित भएको पाइन्छ । यस सङ्ग्रहमा रहेका एघारवटा निबन्धहरू 'साँचो कुराको जिलीगाँठी', 'यो उही हो', 'हिउँदको रमझम', 'धूनमा घुन', छुट्टीका दिन', 'ढुङगो पनि रसाउँछ', 'भाग्गे र जुद्धे', 'साथीको साथी', 'आजकाल बजारमा देखिनु हुन्न नि !', 'कुरा गरिन् खानका' र 'पैसा हात परेको बेला' आदि निबन्धहरूको विषयवस्तु क्रमशः कालो वस्तुलाई काटौ र सेतोलाई सेतै रूपमा हेरिनुपर्ने स्पष्ट उक्ति, मान्छेको अतीतको भुलाइप्रति व्यङ्ग्य, हिउँदकाल चित्ताकर्षक हुने धारणा, मान्छेमा धुन चढ्दा महत्त्वाकाङ्क्षा बढ्ने भए पनि ती इच्छामा तुषारापात हुने र विगत बेहोर्नुपर्ने यथार्थता, कामभन्दा कुराको हिङ हाँक्ने प्रवृत्तिप्रति व्यङ्ग्य, प्रकृतिप्रति जटिलबाट सरलतर्फ उन्मुख हुने हुँदा मान्छेमा पनि दुःखी, गरिबी, असहाय व्यक्तिप्रति पग्लनुपर्ने आग्रह हाम्रो भाग्यवादी नेपाली समाजप्रतिको व्यङ्ग्य, साहस, हिम्ममजस्ता भावात्मक कुरा मान्छेका साथी रहेको विचार, बजारको कृत्रिमता र ठगाहहरूको अखडा भएको विचार, खानेक्रममा मान्छेले जङ्गल, जमिन, बजेट पचाएको प्रति व्यङ्ग्य र पैसा हातपर्दा आनन्दको क्षणमा हवाइजहाज किन्ने इच्छा व्यक्त गरे पनि तल्लो वर्गका मान्छेको चुँहुने भाँडो टाल्दाटाल्दै अन्त्यमा ती इच्छा चकनाचुर भएको यथार्थ अभिव्यक्ति भएको पाइन्छ ।

निबन्धहरू आत्मपरक शैलीमा सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग गरी लेखिएको पाइन्छ । निबन्धहरूमा झर्रा नेपाली शब्दहरू, तत्सम शब्दहरू, आगन्तुक शब्दहरू, अनुकरणात्मक शब्दहरू, द्वित्व तथा द्विरुक्तिहरू र उखानटुक्काको प्रयोग गरी प्रभावकारी अभिव्यक्ति गरिएको पाइन्छ । निबन्धहरूको भाषा सरल हुनाका साथै सामान्य शैलीको प्रयोग पाइन्छ ।

## ५.३ 'घुमेका कुरा' निबन्धसङ्ग्रहको विश्लेषण

चूडामणि रेग्मीको उपन्यासलेखन यात्राको तेस्रो पाइलोको रूपमा देखिएको **घुमको कुरा** (२०५६) निबन्धसङ्ग्रहमा रेग्मीले नेपालका विभिन्न स्थानहरू पूर्वमा इटहरी, धरान, खाँदबारी हुँदै मध्यमा जनकपुर, विदुर पोखरा र पश्चिममा तानसेन, दाङ, नेपालगन्जसम्म र केही त्रि. वि. वि.का परीक्षाको पर्यवेक्षक त केही पत्रिका बेच्दै घुमक्कड जिज्ञासा मेटाउन घुम्दाका कुराहरूलाई समेटेर त्यहाँको दृश्य, घटना, परिवेश, शैक्षिक, सांस्कृतिक विकासनिर्माणका आदि पक्षहरूलाई आफ्नो दृष्टिकोणबाट वर्णन गरिएको यात्रा संस्मरण (वि. सं. २०४२ देखि २०५४ सम्मका) १३ वटा निबन्धहरू रहेको पाइन्छ । रेग्मी दम्पतिको दाम्पत्य जीवनको पचासौं

वर्षगाँठको अवसरमा प्रकाशित यो निबन्धसङ्ग्रह अथातो घुमक्कड जिज्ञासा राहुल साङ्कृत्यायनको प्रेरणा हो ।[२२]

## ५.३.१ परिचय

**घुमेका कुरा** निबन्धसङ्ग्रहको बाह्‌य आवरण सुन्तला रङको पृष्ठभूमिमा बीचमा रेग्मीको अर्धकदको फोटो तलमाथि उनले घुमेका नेपालका विभिन्न ठाउँ भएका तस्बिर अङ्कित, शिरमा निबन्धसङ्ग्रहको नाम **घुमेका कुरा** ठूला अक्षरमा र पुछारमा दायाँपट्टि लेखकको नाम उल्लेख गरिएको छ । सङ्ग्रहको दास्रो पातोको प्रथम पृष्ठमा दायाँ शिरमा 'जुही प्रकाशन पुस्तक माला-९', त्यसपछि ठूला अक्षरमा **घुमेका कुरा** र मुनि यात्रावृत्तान्त लेखिएको छ भने त्यसमुनि लघकाव्य भावना, मेरी दिदी, यक्षको पोखरा प्रवास र अन्तर्वाता आदि भएको विस्तृत परिशिष्टसहितलाई कोष्ठमा राखिएको तल चूडामणि रेग्मी र पुछारमा भूमिका सरोज ओली उल्लेख गरिएको छ । दास्रो पातोकै अर्को पृष्ठमा प्रकाशिका, संस्करण, मूल्य रु., कम्प्युटर सेटिङ, मुद्रक आदिको विवरण दिइएको छ । तेस्रो पातोको प्रथम पृष्ठमा चूडामणि रेग्मीमा समर्पण वाक्य समाविष्ट छ भने दास्रो पृष्ठमा विषयक्रममा १३ वटा निबन्ध र परिशिष्टमा १८ वटा सामग्री उल्लेख गरिएको छ । चौथो पातो 'लेखक्यौली' र पाँचौंदेखि बारौं पातोसम्म 'क'-'त' पृष्ठमा सरोज ओलीको भूमिका रहेको छ । उक्त सङ्ग्रहमा पृष्ठ १ देखि पृष्ठ ७३ सम्म तेरवटा यात्रा संस्मरणात्मक निबन्धहरू र पृष्ठ ७४ देखि ११३ सम्म १८ वटा परिशिष्ट सामग्री समावेश भएको देखिन्छ । आवरण पृष्ठको पछिल्लो भागमा चूडामणि रेग्मीको प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरूको सूची पाइन्छ । यसरी जम्मा ११३ पृष्ठको आकारका उक्त सङ्ग्रह संरचित भएको छ ।

## ५.३.२ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'दिङ्गला जाँदाको सम्झना' | **घुमेका कुरा** निबन्धसङ्ग्रहको प्रथम निबन्ध 'दिङ्गला जाँदाको सम्झना' शीर्षकमा रहको छ । उक्त निबन्ध अठार अनुच्छेद र पाँच पृष्ठमा संरचित भएको छ । रेग्मीले ३० वर्ष अगाडि आफूले पढेको ठाउँ दिङ्गला ६ जना छोराछोरी र ६ जना नातिनातिनाका बाबु-बाजे भएर जाँदा त्यस ठाउँको |

२२. चूडामणि रेग्मी, **घुमेका कुरा** (चन्द्रगढी : जुही प्रकाशन, ०५६), पृ. १०७ ।

| | |
|---|---|
| | पहिले र अहिलेको बीचको तुलनात्मक अनुभव नै निबन्धको मुख्य विषय रहेको छ । विद्वान्हरूको गाउँबाट पलायन हुने प्रवृत्तिले गाउँ शून्य उदासी भएकोमा लेखक भावविह्वल भएका झनै आफ्नो जन्मस्थललाई तुम्लिङ्टारबाट नजर गर्दा अँध्यारो र निन्याउरो देखिएकोमा आफू मर्माहत भएको भाव निबन्धमा प्रस्तुत भएको पाइन्छ । |
| (२) 'विद्वान् बनेर खाँदबारी गएँ ! कवि बनेर चन्द्रगढी फिरेँ !' | **घुमेका कुरा** निबन्धसङ्ग्रहमा रहेको दास्रो निबन्ध 'विद्वान् बनेर खाँदबारी गएँ ! कवि बनेर चन्द्रगढी फिरेँ !' शीर्षकको रहेको छ । उक्त निबन्ध लामाछोटा गरी १५ वटा अनुच्छेदहरू ४ पृष्ठमा समेटिएको देखिन्छ । निबन्धमा लेखक पञ्चायत रजत जयन्तीका अवसरमा संखुवासभामा हुने जिल्ला स्तरीय विद्वान् विचार गोष्ठीमा भाग लिन खाँदबारी गई ३ दिन तीन रात बस्दा त्यहाँ दिदी (मामाकी छोरी) र आफ्ना परिचित व्यक्तिहरूसँगको भलाकुसारीबाट उत्पन्न हर्ष, आनन्द तथा खाँदबारीको बजारभाउको चर्कोस्थिति रहेको विचार प्रस्तुत भएको पाइन्छ । लेखकको आफ्नो जन्मथलो 'वाना' को मुहार केवल कवितामा मात्र सीमित भएको तर यथार्थमा आफूजस्ता पढेलेखेका पलायन भएकोमा अँध्यारो र निन्याउरो भएको अनुभूतिलाई समेत निबन्धकारले यस निबन्धमा प्रस्तुत गरेका छन् । |
| (३) 'जानकीको साम्राज्य र जनकपुरधाम' | **घुमेका कुरा** निबन्धसङ्ग्रको तेस्रो निबन्ध 'जानकीको साम्राज्य र जनकपुरधाम' शीर्षकको रहेको छ । उक्त निबन्ध तेर अनुच्छेद तथा तीन पृष्ठमा संरचित रहेका छ । लेखक चार सदस्यीय टोली (श्रीमती, छोरी र नाती) मा जनकपुर घुम्न गएका तर आफ्ना तीन सदस्य आफूसँग एक रात बसेपछि फिर्दा आफू चिन्तित भई उनीहरू र पानीधारा, गाईग्वालीको स्मरण गर्दै कविता अंशमा गुन्गुनाएको विषयका साथै लेखकले जनकपुर घुम्दा त्यहाँको जानकीको मन्दिरको विशालतालाई देखेर जानकीको साम्राज्यलाई शब्दभावपूर्ण ढङ्गले ओकल्न पुगेको देखिन्छ । जनकपुरको विशालताभित्र त्यहाँको तलाउ, जनकपुर चुरोट कारखाना, जलेश्वर, जनकपुर क्याम्पसको बारेमा चर्चा गरिएको छ । यसरी जनकुपर घुम्दा लेखकको छाती ठूलो भएको र जानकीको साम्राज्य भन्ने अभिव्यक्ति दिएको विषय नै निबन्धको प्रमुख विषय मान्न सकिन्छ । |

| | |
|---|---|
| (४) 'हजुर ! नेपालगन्ज' | निबन्धसङ्ग्रहमा चौथो क्रममा रहेको 'हजुर ! नेपालगन्ज' शीर्षकको निबन्ध सोह्र अनुच्छेद र पाँच पृष्ठमा तयार भएको देखिन्छ । लेखकको नेपालगन्ज भ्रमण घुमक्कडीको दोस्रो अध्याय भए पनि अघि ३०-३१ सालतिर त्रि. वि. वि. पदाधिकारीबाट आफू नेपालगन्ज लखेटिएकोमा त्यस घटनाको स्मरण गर्दै विधिको शासन हुनुपर्ने कुरामा जोड दिएको विचार पाइन्छ । यात्राका क्रममा जनकपुरबाट नारायणगढ बुटवल हुँदै जानेक्रमका घटनाहरू चित्रण भएको छ । नेपालगन्ज पुगेपछि क्याम्पस पुगी प्रा दुर्गाप्रसाद सिंह, दिलेन्द्रप्रसाद बडु (क्याम्पसप्रमुख) आदिसँग भेटघाट भएको, बजारमा साहित्यकार नन्दराम लम्साल, सनत रेग्मीसँग भेट भएको, पुराना विद्यार्थी पदम खड्काले ठूलो आदर गरेको, कसैले खाना खुवाएको, कसैले रिक्सा चढाएको र **जुही**का अङ्क बेचेको आदि घटना निबन्धमा प्रस्तुत भएका छन् । |
| (५) 'दाङ आमाको काखमा' | **घुमेका कुरा** निबन्धसङ्ग्रहको पाँचौँ क्रममा सङ्गृहीत 'दाङ आमाको काखमा' शीर्षकको निबन्ध २० अनुच्छेद र चार पृष्ठको आयतनमा संरचित भएको छ । निबन्धको मुख्य विषयका रूपमा लेखक नेपालगन्जबाट धूलेबाटैबाट ट्रकमा सवार भई धूलाम्य शरीर लिएर दाङ पुगी आफ्ना पोकापत्यौरा ट्राफिकमा सुरक्षित गरी क्याम्पसतर्फ गएको र केही **जुही** पत्रिका क्याम्पस प्रमुख देवमणि देवकोटालाई हस्तान्तरण गर्दै केही क्षण साहित्यिक गफगाफ र भानिज तुलसीपुरमा बास बस्न गएको, भोलिपल्ट महेन्द्रसंस्कृत विश्वविद्यालय र स्थानीय मा. वि. मा घुमी त्यहाँका शिक्षक, प्राध्यापकलाई **जुही** बेच्दै केहीक्षण शैक्षिक, व्यवस्थापकीय गफ गरेको घटनाको प्रस्तुति रहेको छ । दाङ भाषिक तथा साहित्यिक पक्षमा असफल रहेको दाङेलीहरू सोझा-बाङ्गा, शिक्षित-अशिक्षित तथा शोषित रहेको लेखकको मूल्याङ्कन रहेको पाइन्छ । लेखकलाई त्यहाँ शोषण, उत्पीडन र दमन देखेर दाङ आमा रोइरहेको महसुसलाई कविताका पङ्क्तिहरूमा अभिव्यक्त गरिएको छ । |

| | |
|---|---|
| (६) 'तानसेन रमाइलो' | **घुमेका कुरा** निबन्धसङ्ग्रहमा छैटौँ क्रममा रहेको 'तानसेन रमाइलो' शीर्षकको निबन्ध तेईस अनुच्छेद र ६ पृष्ठमा आबद्ध छ । निबन्धमा लेखकलाई पाल्पा पुग्दा जाडो याममा पनि सो ठाउँ घमाइलो लागेको अनुभव, त्यहाँका कवि, साहित्यकार प्रं. माधवसाद देवकोटा, हीरामणि शर्मा, कुलमणि देवकोटाहरू स्मरणीय व्यक्तित्वका रूपमा स्मरण भएको, रिडीमा आफू सुन्दरताले भावुक बनी सुन्दरी, तीर्थस्थली पुकार्न पुगेको वृत्तान्त प्रस्तुत भएको पाइन्छ । नेपाली भाषासाहित्यको प्रचारप्रसारमा लेखक आफूभैँ अरूको पनि कर्तव्य परायणता झल्किनुपर्ने विचारसमेत निबन्धको विषयवस्तु रहेको छ । यसरी पाल्पा, रिडी, घमाइलो, रमाइलो र सुन्दर भएको आदि यात्रा जीवनका स्मरणीय क्षणका रूपमा रहेको विचार पाइन्छ । |
| (७) 'भगवान बुद्धको जन्मस्थलमा एक छिन' | **घुमेका कुरा** निबन्धसङ्ग्रहको सातौँ निबन्ध 'भगवान बुद्धको जन्मस्थलमा एक छिन' शीर्षकको रहेको छ । सिद्धार्थको जन्मथलो लुम्बिनी पुगेपछि पहिल्यै सारनाथ, बौद्ध, गया पुगेका लेखक हर्स्याङ्ग हुन पुगेका छन् । त्यहाँ अशोक स्तम्भबाहेक अरू केही देख्न नपाउँदा पनि एकदिन पैसाको सदुपयोग भएर लुम्बिनी बन्ला भन्ने राष्ट्रवादी र आशावादी विचार व्यक्त भएको पाइन्छ । फिर्ने क्रममा भैरहवा आएर कवि बुँद रानाका कविता र नेपालगन्जका नन्दलाल लम्सालालाई सम्झँदै त्यस्ता इमान्दार व्यक्तिलाई राष्ट्रले बेवास्ता गरेको, उचित स्थान र अवसर नदिएकोमा भावविभोर बनी काँधमा झोला बोकेर बस स्ट्यान्ड आएसम्मको वृत्तान्त समेटिएको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (८) 'चक्रव्यूहभित्र अभिमन्यू बनेपा' | **घुमेका कुरा** निबन्धसङ्ग्रहभित्रको आठौँ निबन्ध 'चक्रव्यूहभित्र अभिमन्यू बनेपा' शीर्षकमा रहेको छ । यो निबन्ध छत्तीसवटा अनुच्छेद र सात पृष्ठमा संरचित छ । स्वदेशभ्रमणमा **जुही** पत्रिकाको फायल बोकी निस्केका लखेक केही दिनको काठमाडौँ घुमाइपछि मिनीबस चढी मुस्किलले बनेपा पुगेको त्यहाँको क्याम्पसमा मोहन दुवाललाई भेटी **जुही** र **जनमत** आदानप्रदान भएको घटना उल्लेख गरिएको छ । लेखकको विचारमा पुरानो बनेपा पस्न |

| | |
|---|---|
| | गारो, पसेपछि निस्कन गारो, चक्रव्यूहमा झैँ अभिमन्यूलाई मार्ने द्रोणाचार्य र जयद्रथ नभएर दुवालजस्ता असल साहित्यकार आफ्नै कुटीमा साधनारत रहेको विचार प्रस्तुत भएको पाइन्छ । |
| (९) 'विदूरमा चार घण्टा' | **घुमेका कुरा** यात्रासंस्मरणात्मक सङ्ग्रहमा सङ्गृहीत नवौँ क्रमको निबन्ध 'विदूरमा चार घण्टा' शीर्षकको रहेको छ । उक्त निबन्ध दसवटा अनुच्छेद र तीन पृष्ठमा संरचित छ । लेखक विदूर जाने सिलसिलामा नुवाकोट जाने बस चढी फेदीमा विदूर पर्दछ भनी ठानेको हुँदा नगरपालिका भएको ठाउँमा ओर्लिन पुग्दा त्यस दिनको जाडो मौसम र शारीरिक गडबडीबाट आजित भएको दुखेसो निबन्धले प्रस्तुत गरेको देखिन्छ । त्यहाँ न. पा. मा रु. ९३ को **जुही** बेचेको, त्यहीँ एउटा होटलमा उब्रेको खाना खाई निस्केर पुस्तक पसलमा प्रा. होमनाथ गृहस्थीलाई भेटी गफ गरेको, नुवाकोट आदर्श क्याम्पसका प्रा. रामेश्वर उपाध्याय, किरणकुमार ढुङ्गाना, तिलाराम पौडेल, अम्बिकाप्रसाद निरौलासँग भेटी गफगाफ भएको, अन्त्यमा क्याम्पस प्रमुखलाई रु. ९३ का **जुही** बेची ३:३० तिर काठमाडौँ फिरेका घटनाहरू उल्लेख भएका छन् । काठमाडौँकै छेउको विदूरमा विजुली, यातायात, क्याम्पस, पानी भए तापनि शिक्षा र अन्य धेरै कुरामा पछि रहेको विचार लेखकले यस निबन्धमा अभिव्यक्त गरेको पाइन्छ । यिनै घटना र विचार नै निबन्धको प्रमुख विषयवस्तु बनेको देखिन्छ । |
| (१०) 'पोखरा प्रवास' | **घुमेका कुरा** निबन्धसङ्ग्रहको दसौँ निबन्ध 'पोखरा प्रवास' रहेको छ । उक्त निबन्ध पचपन्न अनुच्छेद र एघार पृष्ठमा संरचित भएको छ । २०५२ साल साउन १ गते पृथ्वीनारायण क्याम्पसमा हुने त्रि.वि.वि. परीक्षाको पर्यवेक्षक भएर खटिई चन्द्रगढीबाट पोखरासम्ममा पर्ने बाटाको घटना र दृश्यले उठेका मनका भाव नै निबन्धको मुख्य विषयका रूपमा रहेको पाइन्छ । निबन्धमा लेखकले पोखराको प्राकृतिक सौन्दर्य, मानवीय स्वभाव, शैक्षिक अवस्थाको रोचक ढङ्गले अभिव्यक्ति दिएका छन् । भ्रमणका क्रममा विभिन्न विद्वान्हरू शेषराज आचार्य, चोलाकान्त उपाध्याय, विश्व शाक्य, प्रा. चूडामणि वशिष्ठ आदिसँगको भलाकुसारीको स्मरण पनि निबन्धको विषयवस्तु बनेको पाइन्छ |

| | |
|---|---|
| (११) 'इटहरी–धरान' | **घुमेका कुरा** सङ्ग्रहको एघारौँ क्रमको 'इटहरी धरान' शीर्षक निबन्धका ३६ वटा अनुच्छेदहरूलाई सात पृष्ठमा समेटेर तयार पारिएको यस निबन्धमा लेखक धरानस्थित हात्तीसार क्याम्पसको जाँचमा पर्यवेक्षक खटिई जाँदा घुमफिर गर्दाको क्षणको घटना र अनुभव प्रस्तुत गर्दछन् । धरान र विराटनगरका बीचमा पर्ने इटहरीमा बसी धरान आउनेजाने क्रममा लेखकले साहित्यकार कृष्णप्रसाद श्रेष्ठ, प्रा. पोषराज निरौला, भरत पोखरेल, कुन्ता शर्मा, भीष्म काफ्ले आदिसँग खाईपिई बसउठ गरेका रमाइला अनुभवका घटनाहरू प्रस्तुत भएको पाइन्छ । भ्रमणका यस्तै अनुभव तथा घटना नै निबन्धका प्रमुख विषयवस्तु रहेका छन् । |
| (१२) 'विराटनगर बसाइ' | **घुमेका कुरा** निबन्धसङ्ग्रहको बारौँ क्रममा रहेको 'विराटनगर बसाइ' शीर्षक निबन्धका लामाछोटा सत्चालीस वटा अनुच्छेदहरूलाई दस पृष्ठमा राखी तयार पारिएको देखिन्छ । लेखक मोरङ क्याम्पस विराटनगरको परीक्षा पर्यवक्षेण जाँदा आफू पहिले बसेको विराटनगरको घरको बास बिर्सेको पाठ सम्झैभ्रैँ भएको र विराटनगरको गर्मीले बनारसलाई सम्झाएको धारणा अभिव्यक्त गर्न पुग्छन् । विराटनगर बसाइमा बालसखा देवीप्रसाद निरौला, भानिज लेखनाथ चापागाईं, भतिज केदारनाथ रेग्मी, नातिनी आदिसँगको भेटघाटले बाना बसेको अनुभव भएको विचार पोखिएको छ । विराटनगर बसाइमा पुराना साथी भक्तराज आचार्य, देवकुमारी थापा (कथाकार) सँग भेट भएको स्नातकोत्तर क्याम्पस भ्रमण गरी हरिप्रसाद बराल, महेन्द्रनारायण यादव, योगेन्द्र दाहाल आदिसँग भेटघाट गरेको; झापाली हास्यव्यङ्ग्यकार डम्बर घिमिरे, राजकुमार पोखरेल आदिसँग भेटघाट, साहित्यिक शोधखोज, कोशी क्याम्पस, साइन्स क्याम्पस भ्रमण गरेको कुरा प्रस्तुत छ । अन्तमा अन्य धेरैलाई भेटन चाहँदाचाहँदै गर्मीको कारण फिर्न लाग्दा टी. भी. ले लेखक विषयक कार्यक्रम हर्षित भएको विषय निबन्धले वर्णन गरेको छ । यसरी विराटनगर बसाइमा लेखकले अनुभव गरेका कुराहरू व्यक्तिसँगको भेटघाट, त्यहाँको शैक्षिक, सामाजिक, बौद्धिक र वातारणीय पक्षको प्रस्तुति नै निबन्ध विषयवस्तु बनेको पाइन्छ । |

| | |
|---|---|
| (१३) 'आश्चर्यमय दार्जिलिङ' | **घुमेका कुरा**को अन्तिम तेरौँ क्रममा रहेको निबन्ध 'आश्चर्य दार्जिलिङ' शीर्षकको रहेको छ । यो निबन्ध सत्र अनुच्छेदमा विस्तारित रहेको छ । लेखक नातिहरू पढ्न पुऱ्याउन जाँदाको दार्जिलिङको रमणीय प्राकृतिक दृश्य, चौरस्ता, धुपीका बोट आदिको वर्णन गर्छन् । लेखकको विचारमा दार्जिलिङ यात्रा उनको साहित्यिक तीर्थयात्रा भएकाले भेटीस्वरूप **जुही** र **यथार्थ कुरा**का ८/१० प्रति चढाएको र प्रसादस्वरूप रु. २०० का केही साहित्यिक पत्रिका किनेको धारणा व्यक्त गर्दछन् । लेखकको विचारमा नेपाली साहित्यकारहरूका साधनालाई वास्ता नगर्ने प्रज्ञाप्रतिष्ठानले जस्ता कुर्सीवालाहरूलाई ज्यादा महत्त्व दिने देशी एवम् विदेशी चलन रहेको, दार्जिलिङ, सिक्किमतिर नेपालतिरका साधनारत साहित्यकारहरूलाई वास्ता नगर्ने परम्परा रहेको आरोप लगाउँछन् । २०२१ सालदेखि झापा बस्तै आएका लेखकलाई लामो अवधिसम्म पनि दार्जिलिङ थुप्रै साहित्यिक सभा, अभिनन्दन सभा हुँदा कसैले नसम्झेको त्यहाँ जाँदा कसैलाई नभेटेको, उनलाई माया मार्ने दार्जिलिङलाई उनले नसम्झने विचार गर्दागर्दै पनि आफ्नो साहित्यिक हृदयले लख्खीदेवी सुन्दास, जगत क्षत्री, इन्द्रबहादुर राई आदिलाई मनमनै सम्झेको भनाइ निबन्धमार्फत प्रस्तुत भएको छ । |

## ५.३.३ भाषाशैली

आत्मपरक तथा वस्तुपरक दुबै शैलीमा लेखिएका यस निबन्धसङ्ग्रहभित्र सरल, मिश्र तथा संयुक्त तिनै प्रकारका वाक्यहरूको प्रयोग पाइन्छ । प्रशस्त झर्रा शब्दहरूको प्रयोग र चूडामणि रेग्मीको प्रस्तावित वर्णविन्यासको प्रयोग निबन्धको भाषाशैलीगत विशेषत रहेको देखिन्छ ।

निबन्धसङ्ग्रहमा अभिमुखीकरण, अध्ययन, प्रकृति, प्राध्यापक, यत्किञ्चित, सज्जन (पृ. ११-१३), अनुभव, अध्यापन प्रमुख (पृ. १९-२२), प्रसिद्ध, सम्पादक (पृ. ५३-५९) अनुदार प्रस्ताव, दृश्य (पृ. ६१-६९) तत्सम शब्दहरू पाइन्छन् भने आगन्तुक शब्दहरू जहाज, रेडियो (पृ. १-५), होटल, ड्राइभर (पृ. ७०-७२) आदि पाइन्छन् ।

निबन्धहरूमा अनुकरणात्मक लमतन्न, भुतुक्क (पृ. १-५), झलमल्ल (पृ. १-६) खुइय, छर्लङ्ग (पृ. ४०-४२), स्वाँ स्वाँ, हस्याङ फस्याङ (पृ. ४२-४५), मुसुमुसु (पृ. ६१), झनक्क (पृ. ६७) आदि शब्दहरू पाइन्छन् भने सङ्क्षिप्त शब्दहरू मा. वि., प्र. जि. अ., पं., प्रा. (पृ. १-५), त्रि. वि. वि., डा., न.पा., जि. वि. स. (पृ. ६१-६८), क्षे. शि. नि. (पृ. ४४), रा.प्र.पा. (पृ. ५७) आदिको प्रयोग भएको छ ।

निबन्धहरूमा बीचबीचमा कविताांशहरू पनि रहेका देखिन्छन् । निबन्धमा प्रयोग भएको भाषा सरल, सुबोध हुनुका साथै सामान्य शैलीको प्रयोग पाइन्छ । निबन्धमा रेग्मीको प्रस्तावित वर्णविन्यासको प्रयोगले नबुझ्नेलाई केही अप्ठ्यारो भएको छ ।

## ५.३.४ निष्कर्ष

सङ्क्षेपमा **घुमेका कुरा** सङ्ग्रह चूडामणि रेग्मीको देशदर्शनको सार सङ्क्षेप हो । दिङ्ला जाँदाको सम्झनाले बीस वर्षपछि रेग्मीको आफ्नो जन्मथलो छेउको दिङला भ्रमण गर्दा देखिने उकालीओराली सेउतीको तिर आदिको वर्णन, आवाल, ब्रह्मचारी गुरु षडानन्द, सोमराज अभयजस्ता व्यक्तिको संस्मरण पाइन्छ भने खाँदबारी पुग्दा प्र.जि.अ.को आतिथ्य त्यागेर आफ्नी मामाकी छोरी दिदीका घरमा पुगी उनको कविहृदय पग्लिएको छ । जनकपुर पुगी जानकीको भव्यतालाई जानकी साम्राज्य भनी छाती फुलाउँछन् भने नेपालगन्जमा नयाँ शिक्षा योजनाले दिएको दुःख सरकारी पक्षले प्रोफेसरलाई दिएको दुःख आफूलाई यहाँ सरुवा गराएको स्मरण गर्न पुग्छन् । 'दाङ आमाको काखमा'ले शोषित, पीडित दमित नेपालको समस्त व्यथाको पोको खोलेको छ भने तानसेन रमाइला गीत गायक मित्रसेनको ब्यक्तिएको र पं. माधव देवकोटा, हीरामणि भेटेको वर्णन 'तानसेन रमाइलो'मा पाइन्छ । केके नै होला भनी लुम्बिनी पुगेका रेग्मी अशोक स्तम्भमात्र देखी एक दिन विकास हुने आशामा फर्कन्छन् । चक्रव्यूहको अभिमन्यु बनेपामा रेग्मी मुस्किलले पुगी पुरानो बनेपा साँच्चैको चक्रव्यूह भएको ठान्दछन् । विदूर जाने क्रममा रेग्मीले नुवाकोटलाई विदुर ठानेका त्यहाँ पनि केही नपाएको अनुभव 'विदूरमा चार घण्टा' निबन्धमा प्रस्तुत भएको छ । पोखरा प्रवासमा रेग्मी पोखिएर यक्षको 'पोखरा प्रवास' काव्य लेख्न पुगेको, पोखराको प्राकृतिक सौन्दर्य, मानवीय स्वभाव, शिक्षा आदिको रोचक प्रस्तुति गरिएको पाइन्छ । 'इटहरी–धरान केही सम्झना'मा धरानले निबन्धकारलाई नचिनेको ठानेर पिरोलिन पुग्छन् भने विराटनगर बसाइमा कोशराज रेग्मी, कोशराज रेग्मी, राजकुमार पोखरेल,

विश्वराज पाण्डे आदिका बारेमा महत्त्वपूर्ण अभिव्यक्ति दिँदै नेपालमा प्राज्ञले बोलेको कुरा खोलाको पानीसरह भएको छ भन्ने निडर अभिव्यक्ति पाइन्छ । आश्चर्यमय 'दार्जिलिङ यात्रा' मा नातिहरू पुऱ्याउन जाँदाको पशुपतिनगरदेखि दार्जिलिङ चौरास्तासम्मको दृश्य, त्यहाँको सुन्दरता वर्णन पाइन्छ साथै दार्जिलिङका नेपाली साहित्यकार लखीदेवी सुन्दास, जगत क्षेत्री, इन्द्रबहादुर राई, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारशमणि प्रधानको नाम संस्मरण गरेका पाइन्छ ।

यसरी **घुमेका कुरा**मा चूडामणि रेग्मीका भवनाहरू प्रतिबिम्बित हुनाका साथै विभिन्न ठाउँको धारापाटी, पौवा, मन्दिर, पोखरी, मालअमाल, हिमाल, वन, नदी, विद्यालय आदिको वर्णन र आफूसँग भेटेका र सम्झेका व्यक्तिको चरित्रसमेत चित्रण गरेको देखिन्छ ।

## ५.४. 'गफडीका गफ' निबन्धसङग्रहको विश्लेषण

## ५.४.१ पृष्ठभूमि

**गफडीका गफ** निबन्धसङग्रहमा सङगृहीत हुनुपूर्व लेखकद्वारा सम्पादित **युगज्ञान** साप्ताहिक पत्रिकाका विभिन्न अङ्कहरूमा गफडीको पातो स्तम्भमा प्रकाशित हास्यव्यङ्ग्य निबन्धहरूलाई २०६३ मा सिङ्गो सङग्रहमा सङ्गृहीत गरिएको पाइन्छ । चुटकिला र गफजस्ता देखिने तर हास्यव्यङग्य मिश्रित यस सङ्ग्रहमा सङ्कलित जम्मा १०६ वटा गफ शैलीका गफले देश र स्थानीय क्षेत्रका कटु सत्यलाई, समाजका विभिन्न अमिल्दा पक्षलाई र पेट र घर भर्न अग्रसर रहे पनि समाजसेवा, देश र समाजको खोक्रो ढ्वाङ् फुक्ने नेताका चरित्रलाई निबन्धहरूको विषयवस्तु रहेको छ । यस स्तम्मका निबन्धकारको विशेषता नै व्यङ्ग्यवाण हान्नुमा रहेको पाइन्छ ।

## ५.४.२ परिचय

फिका निलो रङको पृष्ठभूमि भएको **गफडीका गफ** निबन्धसङ्ग्रह डायरी साइजमा रहेका छ । उक्त पुस्तकको बाहिरी आवरणमा शिरमा ठूला काला अक्षरमा **गफडीका गफ** र त्यसमुनि पाँचवटा श्रोताजस्ता देखिने टाउका अगाडि कलम बिसाएर पूर्णकदको तस्बिर भएको गफडीका गफका तानाबाना बुनिरहेको देखिन्छ भने पुछारमा गफडी लेखिएको र कोष्ठकमा चूडामणि रेग्मी उल्लेख भएको छ । पुस्तकको दोस्रो पातोको प्रथम पृष्ठको शिरमा 'जुही

प्रकाशन पुस्तकमाला –२८' र त्यसमुनि बडेबडे अक्षरमा **गफडीका गफ** र त्यसमुनि **युगज्ञान** साप्ताहिकको गफडीको पातो स्तम्भमा प्रकाशित निबन्धहरूको सँगालो र पुछारमा कोष्ठभित्र गफडी चूडामणि रेग्मी लेखिएको छ । दोस्रो पातोको दोस्रो पृष्ठमा भने पुस्तक, विधा, लेखक, प्रकाशक, प्रवन्धक, प्रकाशन मिति, संस्करण, छापिएको स्थान, मोल रु, आवरण, कम्प्युटर सेटिङ र छाप्ने आदिको विवरण उल्लेख गरिएको छ । निबन्धसङ्ग्रहको तेस्रो पातोको दुई पृष्ठमा 'लेखक्यौली' रहेको पाइन्छ भने चौथो पाताको प्रथम पृष्ठको शिरमा दायाँपट्टि चूडामणि रेग्मीको पासपोर्ट साइजको तस्बिर संलग्न गरी क्रमशः जन्मसम्बत्, जन्मेको ठाउँ, स्थायी बसोबास, पेसा, संलग्नता, पत्रकारिता/सम्पादन, प्रकाशित कृतिहरूको विवरण र सूची आदि उल्लेख गरिएको पाइन्छ । चौथो पातोकै दोस्रो पृष्ठमा र पाँचौं पातोको दुबै पृष्ठमा सामग्री विवरण र सूची दुई भागमा विभक्त भएको, पहिलो भागमा गफका नम्बर शीर्षक १ देखि ७७ सम्मको क्रम भए पनि गफ शीर्षक नम्बर २६ र ३७ छुट्न गई जम्मा ७५ शीर्षक मात्र पाइन्छ भने दोस्रो भागमा ७८ देखि १०८ नम्बर शीर्षकका वर्णचिनारी गफ राखी जम्मा १०८ भनिए पनि १०६ वटा गफशीर्षक पाइन्छन् । यसरी निबन्धसङ्ग्रह पृष्ठ १ देखि १७१ सम्म; पहिलो भागमा निबन्ध भन्न पनि नसुहाउने ७५ वटा गफहरू र १७२ देखि पृष्ठदेखि २३२ सम्म ३१ गफ गरी जम्मा १०६ निबन्धगफ रहेका छन् । बाह्य आवरणको पछिल्लो पृष्ठमा फिका नीलो रङकै पृष्ठभूमिमा प्रकाशक र प्रबन्धक क्रमशः वेदकुमारी रेग्मी तथा रोसन रेग्मीका पासपोर्ट साइजका फोटा, शिरमा दायाँबायाँ राखी त्यसैको तल १३ हरफमा कमल गुरागाईंद्वारा सिङ्गो निबन्धको बारेमा दिएको विचारलाई समावेश गरी सङ्ग्रह तयार भएको पाइन्छ ।

## ५.४.३ विषयवस्तु

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'केराका पातमा पात ! कुरौटेका वातमा वात' | निबन्धसङ्ग्रह **गफडीका गफ**को पहिलो निबन्ध 'केराका पातमा पात !' भित्र 'नामकरणको भूमिका नाना लाञ्छना', 'नाना व्याक्ति', 'शिशुपालको क्रोध', 'गाली मास्टर र गफडी' र 'अन्त्यमा पातमा पात ! वात' उपशीर्षकहरू रहेका छन् । निबन्ध दुई पृष्ठमा आबद्ध रहेको छ । मुख्य विषय गफ आचार हो । यदि काम नभए गफडी गफ गर्नेगर्छ रहेको पाइन्छ । |

| | |
|---|---|
| (२) 'केराको पातमा पात ! कुरौटेको वातमा वात' | निबन्धसङ्ग्रको दोस्रो निबन्ध 'केराको पातमा पात ! कुरौटेको वातमा वात' शीर्षकअन्तर्गत 'पन्ध्र दिनको मौन गाली', 'गाली ! गाली ! गाली !', 'खबरखाबर' तथा 'पातमा पात वातमा वात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध तीन पृष्ठमा आबद्ध रहेको छ । उक्त निबन्धको मुख्य विषयका रूपमा अठार पुराण रच्ने व्यासले गाली नरचेको हुँदा व्यासको बुद्धिमा शङ्का ? कामरेड ज्योतिष, ढेकापट्टा ज्योतिष, काला विकेन्द्री ज्योतिष भएको गफ रहेको छ । |
| (३) 'मेची देउनियाँ नयाँ संस्करण १' | निबन्धसङ्ग्रहको तेस्रो निबन्ध 'मेची देउनियाँ संस्करण १' शीर्षकभित्र 'सत्य कटु हुन्छ', 'पेटका खातिर', 'कुवाको भ्यागुत्तो' र 'पातमा पात' उपशीर्षक रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा संरचित रहेको देखिन्छ । निबन्धको मुख्य विषय पेटका कारण पर्मिट, जग्गाकर उडायनम्, सस्तो चामल र लकडी हरणम् र कुवाका सोभ्का भ्यागुत्ता सर्पको फन्दामा परेको प्रसङ्ग रहेको देखिन्छ । |
| (४) 'मेची देउनियाँ संस्करण २ ' | **गफडीका गफ** निबन्धसङ्ग्रहको चौथो निबन्ध 'मेची देउनियाँ संस्करण २' रहेको छ । यस निबन्धमा 'कठिन काम', 'सजिलो काम', 'गाली', 'फ्याक्ट्री', 'पातमा पात' र 'निष्कर्ष' उपशीर्षक रहेका छन् भने दुई पृष्ठमा उक्त निबन्ध रचित छ । इमान्दर बन्न गारो भए गफडी र कल गर्न सजिलो भएको कुरा नै उक्त निबन्धको मुख्य विषय रहेको छ । |
| (५) 'खेस्रा संस्करण' | **गफडीका गफ** निबन्धसङ्ग्रहको पाँचौं निबन्ध 'खेस्रा संस्करण' रहेको छ । यस निबन्धमा 'ख्याउँख्याउँ', 'देख् तमासा !', 'भित्रभित्र आस्था बाहिरबाहिर फुइँ' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा संरचित रहेको छ । सित्तैमा पाउँदा अलकत्र खानेहरू, अर्काले तेल हाल्दा मोटर चढ्ने र अर्कोको पुच्छर बन्नेहरूप्रति व्यङ्ग्यस्वरूप निबन्धको मुख्य विषयवस्तु रहेको देखिन्छ । |

| | |
|---|---|
| (६) 'फोस्रा गफहरूको सङ्कलन' | **गफडीका गफ** निबन्धसङ्ग्रहको छैटौँ निबन्ध 'फोस्रा गफहरूको सङ्कलन' रहेको छ । यस निबन्धमा 'खाल्टोको कुरा', 'गफको जुग', 'तिन पाता गाली', 'घुँडाबाट आँसु' र 'पातमा पात ! वातमा वात' उपशीर्षक रहेका छन् । प्रस्तुत निबन्ध दुई पृष्ठमा संरचित रहेको छ । मेची देउनियाँ खाल्टोमा र नेपाल खाल्टो सबैमा टेलिफोन, बिल्डिङ, राम्रा लुगा र अघि बढ्ने धुनप्रति व्यङ्ग्य नै प्रस्तुत निबन्धको मुख्य विषयवस्तु रहेको छ । |
| (७) 'कुराका मात्र खात' | **गफडीका गफ** सङ्ग्रहको अर्को निबन्ध 'कुराका मात्र खात' रहेको छ । यस शीर्षकअन्तर्गत 'कुरा ! कुरा ! कुरा !', 'काग र कोइली', 'बकुल्लो भक्ति' र 'पातमा पात ! वातमा वात !' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध रहेको छ । कुरौटे जन्तु मान्छे भएको, रामभक्ति, कृष्णभक्ति, देशभक्ति सबै बकुल्लो भक्ति भएको व्यङ्ग्योक्ति नै उक्त निबन्धको मुख्य विषयवस्तु रहेको छ । |
| (८) 'जहाँ छन् गफैगफ !' | **गफडीका गफ** निबन्धसङ्ग्रहको अर्को निबन्ध 'जहाँछन् गफैगफ !' रहेको छ । यस निबन्धमा 'माटोको महिमा', 'रनभुल्ल मार्ग', 'जति र जसरी बाँधे पनि उहीँ गाँठो' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरू रहेका छन् । माटाका लाउके, आफ्नै दूनो सोझ्याउने ठूलाबडाको गोडामा नौनी दलेर मल्नेप्रति सङ्केत गर्दै माटाकै गफ गरौँ, खूब गफ गरौँ भन्ने व्यङ्ग्यपूर्ण विचार उक्त निबन्धमा पोखिएको छ । |
| (९) 'गफडीका अन्तरको ड्याङ' | **गफडीका गफ** सङ्ग्रहको नवौँ निबन्ध 'गफडीका अन्तरको ड्याङ' शीर्षक अन्तर्गत 'खलको पतन', 'गफडी के सोफिस्त हो ?', 'पालन र पालन' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । गफ गुदे, भाट, बुद्धि प्रदर्शनका लागि नभई नहुने विचारलाई मुख्य विषयवस्तु बनाइएको छ । |
| (१०) 'गफडीको खसखस' | **गफडीका गफ** सङ्ग्रहको दसौँ निबन्ध 'गफडीको खसखस' शीर्षकको रहेको छ । उक्त निबन्धका 'घुर्कीवाद !, 'धामी पनि झाँक्री पनि', |

| | |
|---|---|
| | 'बेहुलाले लग्यो जन्ती परे छक्क' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरू रहेका छन् । शास्त्रमा वादको सूचीभित्र घुर्कीवाद प्रमुख भएको, धामी पनि झाँक्री पनि हुने, बेपिँधेका लोटा आफै ठग आफै इमान्दार हुनेलाई लक्षित गरी व्यङ्ग्यात्मक रूपमा उक्त निबन्धको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (११) 'विषयले खानुहुन्न हार !' | निबन्धसङ्ग्रहको एघारौं क्रममा 'विषयले खानुहुन्न हार !' शीर्षकको निबन्ध रहेको छ । उक्त शीर्षकअन्तर्गत 'तपस्या र तपस्वी' 'जी', 'पद', 'मूर्खताको ओखती छैन', 'सब ठीक' र 'पातमा पात !' उपशीर्षकहरूमा तपस्या भन्ने व्यस्त कारमा कुहुने र जहाजमा उडेर बोतलमा उड्नेहरूलाई कताकता पत्र बटुल्दा सुनेझैं लाग्ला, जीको महत्त्व घटे पनि राष्ट्रभाषाको रमझम बढेको, तपस्वीलाई स्वर्गको लोभझैं अचेल पद, शक्ति र धनलोभ बढेको आदि विषयवस्तु प्रस्तुत गरिएको छ । |
| १२) 'गफको शीर्षक बार भए गफको शीर्षक तेर' | **गफडीका गफ** निबन्धको गफ नम्बर बारअन्तर्गत 'गफको नम्बर बार भए गफको नम्बर तेर' शीर्षकभित्र 'लासा कुत्तीको बाटो', 'कालिदासको कथा', 'मुर्खताको ओखती छैन', र 'सब ठीक' उपशीर्षकभित्र क्रमशः विदेशी नेताको वक्तव्यमा नेपालमा छात्रहरूले हडताल गरेको, सुखले मात्तिएर आफै बसेको हाँगो काट्ने कालिदासझैं यहाँ एकअर्कामा गाली गरागर, पक्षपात, नातावाद आदिले आफूलाई बिगारेको, राष्ट्रका इच्छा नबुझेका मूर्खप्रतिको व्यङ्ग्य सबै बेठीक भएकोमा सबैतिर ठीक गर्नुपर्ने आदि विषयवस्तुहरू पाइन्छन् । |
| (१३) 'अबेर भयो' | 'अबेर भयो' शीर्षकको निबन्धअन्तर्गत 'गुनिउँ र उनिउँ !', 'के चालले कमाउँ धन', 'बाउको बिहे कि छोरीको बिहे ?', 'धन ! धन ! धन !', र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । गुनिउँ माग्ने श्रीमतीदेखि लेखक उनिउँ भएका, छोरीको बिहे प्रसङ्ग्रले बाउले बिहे देख्ने गरेको सत्य व्यङ्ग्योक्ति उक्त निबन्धको मुख्य विषयवस्तु रहेको छ । |

| | |
|---|---|
| (१४) 'गफ जब्बर' | **गफडीका गफ**को तेह्रौ निबन्ध 'गफ जब्बर' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'यो हल्लैहल्लाको देश हो !', 'रङ्ग नफेर्ने लाछी !', 'जनता ! जनता ! जनता !', 'जनसेवा युगधर्म', 'भएन ! केही भएन !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यो निबन्ध तीन पृष्ठमा आबद्ध भएको छ । हल्लैहल्लाको देशमा हल्ला नसुन्ने लाछी हुन्छ, जमानाअनुसार रङ्ग नफेर्नेको खैरियत नभएको, जनताको जुग सबै वादमा भएको, जनसेवा युगको ढाँटको धर्म हो आदि कुरालाई प्रस्तुत निबन्धको विषयवस्तु बनाइएको छ । |
| (१५) 'गफ सुप्रबन्ध' | **गफडीका गफ** सङ्ग्रहको पन्ध्रौँ निबन्ध 'गफ सुप्रबन्ध' हो । यस निबन्धमा 'कलिको प्रवेश', 'गाली र बोली हड्ताल हरिताल !' 'गाईगोरु चोरी', 'कुरा बालकका ! गफ गफडीका !' र 'पातमा पात !' उपशीर्षक राखिएको छ भने यो निबन्ध दुई पृष्ठमा संरचित भएको छ । प्रस्तुत निबन्धभित्र जनहितु भन्ने शोषकका कुरामा कलि पसेको, हड्तालमा गालीको रन्को र हरिताल, गोरुगाई हराए भेटिने भारतको गोरुसिङे भिट्टा, जहाँ आफ्नो धन ठसठसी कन आदि विषयवस्तु समेटिएको । |
| (१६) 'जसरी हुन्छ सोहोर !' | **गफडीका गफ**को सोरौँ क्रममा 'जसरी हुन्छ सोहोर !' शीर्षकमा 'आँपझार आपै झार', 'मौकावाद जिन्दावाद', 'भाषणको खेती', 'जनताका कुरा' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् भने प्रस्तुत निबन्ध तीन पृष्ठमा संरचित रहेको छ । प्रस्तुत निबन्धमा मौकामा जसरी सोहोर्नुपर्ने, कृषिप्रधान देशमा भाषण खेती, जनता भोक र जाडो जान्ने पी. एच्. डी. भालुभुत्ते हो आदि विषयहरू समेटिएको छ । |
| (१७) 'गफडी पऱ्यो अलपत्र' | निबन्धसङ्ग्रहको सत्रौँ निबन्ध 'गफडी पऱ्यो अलपत्र' शीर्षकमा रहेको छ । यस निबन्धभित्र 'हावा र कावा', 'सत्र र अलपत्र', 'वंशीलालका कुरा', 'शोषण ! शोषण !' र 'पातमा पात !' उपशीर्षकहरू रहेका छन् । निबन्धको विषय कसैलाई सत्र त कसैको अलपत्र, वंशीलाल मण्डले, |

| | |
|---|---|
| | भारेभुरे आलु, भन्सारमा ठूला व्यापारी ठालु भएका विषयहरू रहेका छन् । |
| (१८) 'अठार कसार बटार' | निबन्धसङ्ग्रहको अठार नम्बरमा 'अठार कसार बटार' शीर्षकको निबन्ध रहेको छ । प्रस्तुत निबन्धमा 'भक्कानो फुटेर आउँछ', 'मिठो खान र राम्रो लाउन को चाहँदैन ?', 'दोषी को ?', 'दोष के ?' र 'पातमा पात !' उपशीर्षकहरू रहेका छन् । मिठो खानलाउन तै राँड मै राँड देशै भाँड, धनीका विभिन्न गफ सुन्दा गफडीको भक्कानो फुटेर आएको आदि विषयवस्तु उक्त निबन्धमा रहेको पाइन्छ । |
| (१९) 'उन्नाइस् कुरा बनाइस्' | उन्नाइसौँ क्रममा 'उन्नाइस् कुरा बनाइस्' निबन्ध रहेको छ । यस निबन्धभित्र 'बनौटी कुरा', 'नक्कली काम', 'लाख्खेको जस्तो स्वाङ !', 'टाट पल्टँदा पनि धाक !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । कुरा बनौटी भए कि व्यापार कि राजनीति हुने, नुन खान नपाउने राष्ट्रमा राष्ट्र बनाउने स्वाङ, रिनै लागे पनि घिउ खानुपर्ने आदि व्यङ्ग्यात्मक विषयवस्तु निबन्धमा प्रस्तुत भएको छ । |
| (२०) 'कुरा गरिस् कि बितिस्' | **गफडीका गफ** निबन्धसङ्ग्रहको बीसौँ निबन्ध 'कुरा गरिस् कि बितिस्' शीर्षकमा रहेको छ । उक्त निबन्धभित्र 'भजौँला भन्दैमा आखिर मरिलानु के छ र ?', 'नहुने बिरुवाका खस्रा पात' र 'पातमा पात...'उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा संरचित रहेको छ । प्रस्तुत निबन्धको विषयवस्तु समयको भेलमा नबग्नु, अप्राकृतिकता भएकाले खस्रोपात, गफडीले केही नसकेकोमा श्री र बाबु त परै जाओस् जी पनि नहुने, पुच्छर नलाग्ने न निर्दल प्रिय न बहुदल प्रिय त्यसैले बेकार छ आदि विषयवस्तुलाई व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ । |
| (२१) 'गफडी काम गर्ने भइस् !' | **गफडीका गफ**को एक्काईसौँ क्रममा 'गफडी काम गर्ने भइस् !' निबन्ध रहेको छ । उक्त निबन्धभित्र 'पुङमाङ कवि : गफडी', 'लौँ काम भेट्टाइस् !', 'गफडी अब गर्ने भइस'़, 'गरिखाने महानुभावहरू !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्धको मुख्य विषयवस्तु |

| | |
|---|---|
| | हजुरले गजुर लगाउँदै चाप्लुसी गर्ने भाग्यमानी, कविता गरिखाने पेसा भन्नु प्रजातन्त्र भएको, कोही बस्तीमा कोही मस्तीमा आदि रहेको छ । |
| (२२) 'खोइ टेरिस्' | **गफडीका गफ**को बाईसौँ निबन्ध 'खोइ टेरिस्' शीर्षकमा रहेको छ । उक्त शीर्षकभित्र 'टेर पुच्छर', 'हाँसीहाँसी', 'के के टेर्ने' र 'पातमा पात' आदि उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध भएको छ । निबन्धमा टेरिनेहरू पेलिएका, हाँसीहाँसी केके खाने सुर भएका प्रति टेर्न छाडेको, अहिले ग्वागा पनि बाठा भएकाले गफडीमा पनि चेतना पसेको अर्कै जन्तु भएको आदि विषयवस्तुहरू समेटिएको छ । |
| (२३) 'रहस्य खोइ बुझिस् !' | निबन्धसङ्ग्रहको तेईसौ क्रममा 'रहस्य खोइ बुझिस् !' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धभित्र 'संसार अति रहस्यमय छ', 'रहस्य नम्बर एक, दुई, तीन र चार' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्धको विषयवस्तु रहस्यमय संसार बुझ्नै गारो, शिक्षा क्षेत्रमा ठूलो विकास, राष्ट्रवादी उदारको ताण्डव नृत्यप्रति व्यङ्ग्य र आदर्शको मुखुन्डो फाली यथार्थमा हिँडे लाइन क्लियर हुन्छ आदि रहेको पाइन्छ । |
| (२५) 'पच्चीस चम्किस् कि थच्चिस्' | निबन्धसङ्ग्रहभित्र अर्को निबन्ध 'पच्चीस चम्किस् कि थच्चिस्' शीर्षकको रहेको छ । उक्त निबन्धभित्र 'पराइसँग कुम जोड्नु हुँदैन', 'यहाँ यस्तै हुन्छ', 'यसपाली' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा संरचित रहेको छ । उक्त निबन्धमा हातमा नाना प्रकारका अधिकार धारण गर्नेहरू पहरा हुन् । तिनीसँग कुम जोड्न कसैको पिताम् छैन, चम्कने थच्चिन्छ । यो गजडी संसारमा सत्य घाम असत्य अँध्यारो विषयवस्तुहरू समेटिएको छ । |
| (२७) 'बाह्र सत्ताइसे गफ' | **गफडीका गफ** भित्रको अर्को निबन्ध 'बाह्र सत्ताइसे गफ' शीर्षकमा रहेको छ । उक्त निबन्धमा 'बाह्र सत्ताइस कुरा', 'सस्तो राजनीति', 'कूटनीति !', 'फुटनीति !', 'छुटनीति !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यहाँ अविदेशी, राष्ट्रवादी जसले झोडा, कोटा, सिमन्टी जमिन खाएर नातावादी कृपापात्र बने अनि कुटनीति गरी लुटनीति गरे भन्ने मुख्य विषयवस्तु व्यङ्ग्य पारामा प्रस्तुत गरिएको छ । |

| | |
|---|---|
| (२८) 'तैँले यहाँ के पाइस् !' | निबन्धसङ्ग्रहभित्र समेटिएको अर्को निबन्ध 'तैँले यहाँ के पाइस्' शीर्षकको रहेको छ । यस निबन्धभित्र 'यहाँको प्राप्ति', 'मास्टरी अनि पप्लु मास्टरी' र पातमा पात उपशीर्षकहरू रहेका छन् । उक्त निबन्ध दुई पृष्ठमा संरचित छ । यहाँको प्राप्ति हातलाग्यो शून्य, पप्लु खोलेर मास्टर बिग्रेको, मन्त्री, प्रधानमन्त्री बिग्रेको आदि विषयवस्तु यस निबन्धमा समेटिएको छ । |
| (२९) 'भमरा कालका मुखमा परिस्' | **गफडीका गफ**को उन्नीतीसौ क्रममा 'भमरा कालका मुखमा परिस्' शीर्षकको निबन्ध रहेको छ । यो निबन्ध दुई पृष्ठमा संरचित छ । उक्त शीर्षकभित्र 'रात बित्नेछ', 'बिहान हुनेछ', 'झलमल्ल घाम लाग्नेछ', 'कोपिलामा बन्द छ', 'हात्तीले बितायो' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफडीभन्दा पनि सयौँ गुना राम्रा उत्तम भमरा रहेका तिनले कालो रात बिताएका; उज्यालोमा हिमालसँगै हाँस्ने कोपिलाबाट उज्यालो संसार आउने आशा आदि विषयवस्तु रहेको पाइन्छ । |
| (३०) 'मुखले खाइस्' | **गफडीका गफ**भित्रको तीसौँ निबन्ध 'गफले खाइस्' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'मुखका कुरा', 'काम र कुरा', 'अरिँगालको गोलामा हात', 'औँसीपुर्ने' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध दुई पृष्ठमा समेटिएको छ । गफडी मान्छे अवसरवादी हुन्छ । वातावरण औँसीपुर्ने, अँध्यारोउज्यालो, छुट्टै संसारमा हल्ला गर्नु र अरिँगालका गोलामा हात हाल्नु सरह भएको आदि विषयवस्तु प्रस्तुत भएको देखिन्छ । |
| (३१) 'गफ मात्रै गरिस्' | निबन्धसङ्ग्रहको एकतीसौँ क्रममा 'गफ मात्रै गरिस्' शीर्षकमा 'गफ ! गफ ! गफ !', 'गजब छ ! सारै गजब !', 'स्यालको हुइयाँ !', 'एक सुईमा सुई' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध रहेको पाइन्छ । गफको विषय फोस्रा गफले केही नभएझैँ गोष्ठी, सेमिनारबाट पनि केही नभएको, हल्लाको पछि पर्दा समाज पिछडिएको विचार व्यक्तिएको पाइन्छ । |

| | |
|---|---|
| (३२) 'बत्तिएकै बत्तीस' | **गफाडीका गफ**भित्र बत्तीसौँ क्रममा 'बत्तिएकै बत्तीस' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धमा 'हाउ ! हाउ ! हाउ !', 'हल्ला ! हल्ला ! हल्ला !', 'सिन्को भाँचिदैन' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्धभित्र देशको हाउ र हल्लाबीच सिन्को नभाँचिएको राजनीति, नेतागिरीप्रतिको व्यङ्ग्य विषयलाई प्रस्तुत गरिएको पाइन्छ । |
| (३३) 'तीन न तेह्रको जीवन अलपत्रिस !' | **गफडीका गफ** निबन्धसङ्ग्रहको तेत्तीसौँ निबन्ध 'तीन न तेह्रको जीवन अलपत्रिस !' शीर्षकको रहेको छ । यस निबन्धभित्र 'सारै तितो जीवन', 'बिडम्बना ! बिडम्बना ! बिडम्बना !', 'खेलोफड्को गर्नेले दहीचिउरा खान्छ' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धमा जीवन तितो, कसैलाई झापा पापा भएको तर कसैको लागि आथ्था ! बाबा ! भएको विषय उद्धृत गरिएको छ । |
| (३४) 'गफहीन भव्य गफ' | **गफडीका गफ**भित्रको चौतीसौँ निबन्ध 'गफहीन भव्य गफ' शीर्षकको रहेको छ । यस निबन्धभित्र 'सिरकभित्र काममा', 'भेला, गोष्ठी र सेमिनार' र 'पातमा पात ! बातमा बात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धको मुख्य विषय कोही सिरकभित्र त कोही डुगडुग, काम नगर्नेको चैन, बेमतलबका गोष्ठी र सेमिनारप्रति व्यङ्ग्य गरिएको छ । |
| (३५) 'गुद्रुके गफ' | 'गुद्रुके गफ'का 'साग, सिस्नो र गुद्रुक', 'एक दिन त !', 'भव्यका अधिकारी को ?' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्ध दुई पृष्ठमा आबद्ध रहेको पाइन्छ । गफको सार ठूलो पदवालाको चैन र गफडीचाँहि साग र सिस्नु खाएको बेस आनन्द मनले गुन्द्रुक खाई घोतल्नु परेको; एक दिन त! भन्दाभन्दै सुइकिने, गुन्द्रुके गुद्रुकमा; भव्य अधिकारी रुख पचाउने, पद बचाउने नगरप्रति शिक्षा अधिकारी रहेको पाइन्छ । |
| (३६) 'शब्दसित खेलबाड गरका पोचा गफ' | 'शब्दसित खेलबाड गरेका पोचा गफ' निबन्धअन्तर्गत 'देखासिकी किन ?', 'शब्दसँग खेलबाड' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् |

| | |
|---|---|
| | भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध रहेको छ । यहाँ राजनीति, अर्थनीति, साहित्य कला सबै भित्रिएको, आयातीत रहेको शब्दसँग खेलवाड गर्ने डाक्टर भएकाप्रति व्यङ्ग्य बिषयवस्तु प्रस्तुत गरेको पाइन्छ । |
| (३८) 'महत्त्वा–काङ्क्षी गफ' | **गफडीका गफ**को अड्तीसौँ निबन्ध 'महत्त्वाकाङ्क्षी गफ' शीर्षकको रहेको छ । यस निबन्धअन्तर्गत 'मुखिया नेता हुँदा', 'महत्त्वाकाङ्क्षाको रोग', 'लिडरका कुरा' र 'पातमा पात' उपशीर्षकहरू छन् । जसको मुख्य विषय सबैलाई कमाउने, बिल्डिङ ठड्याउने, पद पाउने महत्त्वाकाङ्क्षा भए पनि योग्यताको कदर नहुने चाकरी, नातेदारी हुनेले मात्र सबै पाउने अरू दबिने कुराप्रति व्यङ्ग्य प्रस्तुत भएको पाइन्छ । |
| (३९) 'चरित्र गफ' | 'चरित्र गफ' शीर्षक निबन्धसङ्ग्रहभित्र 'व्यक्ति र अनेक मार्ग', 'बराल सिँगेहरू', 'चारित्रिक दृढता' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यस निबन्धको सार ठग चरित्र, बरालसिँगे व्यक्तित्वको बिगबिगी भए रक्सी, जुवा आदि व्यसन नराम्रा सङ्गतबाट बच्ने चरित्रको अभाव रहेको पाइन्छ । |
| (४०) 'मुक्की खाने गफ' | **गफडीका गफ** सङ्ग्रहको चालीसौँ निबन्ध 'मुक्की खाने गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमामा 'मुक्की ! मुक्की ! मुक्की !', 'स्वार्थ ! स्वार्थ ! स्वार्थ !', 'दुहोल ! दुहाले ! दुहाले !' र 'पातमा पात' उपशीर्षकहरू छन् । उक्त निबन्धको मुख्य विषय मुक्की खाई बाबुआमा गएका, स्वार्थले रजाइँ गरेको अनि यस्तो तमासा र दुहोल हेर्नेको लहडले दुरावस्थापूर्ण भएको विचार पाइन्छ । |
| (४१) 'जालीका जाली गफ' | **गफडीका गफ**भित्र एकचालीसौँ निबन्ध 'जालीका जाली गफ' शीर्षकको रहेको छ । उक्त निबन्धअर्न्तगत 'जाल ! जाल ! जाल !', 'जालीका विराट रूप !', 'धूर्तता ! धूर्तता ! धूर्तता !' र अन्त्यमा 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धभित्रको गफको निष्कर्षमा जालीफटाहाको जालझेलले कैयौँ जेल बस्नु परेको कैरन प्रस्तुत भएको पाइन्छ । |

| | |
|---|---|
| (४२) 'दुविधे महाभारत गफ' | **गफडीका गफ** निबन्धसङ्ग्रहको बयालीसौँ निबन्ध 'दुविधे महाभारत गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'महाभारत भ्रष्टचार', 'महाभारत गफ', 'श्रम बगाउनेका कथाव्यथा', 'ठग सकेसम्म ठग !' र 'पातमा पात' उपशीर्षकहरू पाइन्छन् । दुविदे गफको मुख्य विषय भ्रष्टचार गरेर धन कमाएकाहरू जी, ज्यू र बाबु हुन पाएका, समाज बिरोधी श्रमजीवी ठग ढाडिएका र अठग तल परेको यर्थाथ प्रस्तुत भएको पाइन्छ । |
| (४३) 'अनुसन्धान प्रस्तावका गफ' | निबन्धसङ्ग्रहको त्रिचालीसौँ गफ 'अनुसन्धान प्रस्ताव गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'चरित्रअनुसन्धान', 'कुट र फुटानुसन्धान', 'अनुशासनानुसन्धान' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्ध दुई पृष्ठमा आबद्ध भएको छ । चरित्रहीन राजनीतिज्ञ, फटाउ र शासन गर, अनुशासनहीनता अनुसन्धेय भएको विषय गफमा उठाइएको छ । |
| (४४) 'मपाइँ गफ' | गफ क्रमको चवालीसौँ गफ 'मपाइँ गफ' शीर्षकमा रहेको छ भने उक्त गफमा 'राम्रो म', 'सर्वव्यापी म', 'मपाइँ एक रोग' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् भने उक्त निबन्ध एक पृष्ठमा आबद्ध रहेको छ । यहाँ देशभक्ति, राष्ट्रसेवा मपाइँले ढाकेको, यो अहम् सर्वव्यापी भ्रष्टचारी र दुराचारी भएको कुरा उक्त निबन्धको विषयवस्तु रहेको छ । |
| (४५) 'खोलाको पानि जस्तो गफ' | **गफडीका गफ** निबन्धको पैतालीसौँ निबन्ध 'खोलाको पानी जस्तो' शीर्षकको निबन्ध रहेको छ । यस निबन्धमा 'पानी, बानी र गफ', 'यो जीवन कस्तो', 'जीवन, समय, धन र बलको वृथा खर्च' र 'पातमा पात' उपशीर्षक छन् । गफको विषयवस्तु नसा, गाँजा, रक्सी, गफ पनि बानी परेको, शोषणमय, अन्याय विपरीत, दमनमा मग्न विचित्रमय जीवन भेला, मेला, पर्चापोस्टर, गुन्डागर्दी सबमा समय, धन र बल खर्चिएको व्यङ्ग्य रहेको पाइन्छ । |
| (४६) 'चित्र विचित्रका गफ' | **गफडीका गफ** निबन्धसङ्ग्रहको छयालीसौँ निबन्ध 'चित्रविचित्रका गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'कागे अक्षर', 'चित्रविचित्रका कुरा', |

| | |
|---|---|
| | 'डुक्र ! बेस्सरी डुक्र' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धमा चरित्रहीनले चरित्रका, सञ्चयकोष नचाहनेले हजारौँ सञ्जय, नहुने भन्नेको बैङ्कमा माल, देश बचाउँ भन्ने आफन्त बचाउँमा लागेका कुरा मुख्य विषयवस्तु बनाइएको छ । |
| (४७) 'कमाउने र गुमाउने गफ' | यस सङ्ग्रहको सतचालीसौँ निबन्ध 'कमाउने र गुमाउने गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'कमाऊ ! जसरी हुन्छ कमाऊ !', 'गुमाउने कुमान्छे हो !', 'अचुक मन्त्र ! अचुक ओखती !' र 'पातमा पात !' उपशीर्षकहरू छन् । यस निबन्धमा जसरी कमाउनु नै आजको सिद्धान्त, गुमाउने पशुको पति हुने, चाकरी, चुक्ली, चियो, चुम्बन जसरी कमाउनु नै अचुक मन्त्र भएको विषयवस्तु रहेको छ । |
| (४८) 'मनमोजी गफ' | **गफडीका गफ** निबन्धसङ्ग्रहको अठ्चालीसौँ निबन्ध 'मनमोजी गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'मनमोजी गफ नम्बर १, २, ३' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध छ । यस निबन्धमा मनमोजीहरूले बोलेजति प्रजातन्त्र गरेजति विकासको कार्य हो । जस्तै : झोडा, हदबन्दी जग्गा, बचत, विकेन्द्रीकरण, गोष्ठी, भेला, सेमिनार आदि मनमोजी कार्य भएको कुरा बताइएको छ । |
| (४९) 'अग्निपरीक्षा गफ' | गफ नम्बर उनन्पचासमा 'अग्निपरीक्षा गफ' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धमा 'धामी–झाँक्री–बोक्सी–डाइनी होइन गफडी', 'कस्तो अग्निपरीक्षा हुँदैछ', 'सस्तो धाक–धम्की र घुर्की' तथा 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । निबन्धको मुख्य विषय जङ्गलमा मङ्गल गर्ने १९ वर्ष घुस खाएर पारी थोपर्नेले शिक्षक, श्रमिक, मजदुर र किसानको बाँदरे घुर्कीलाई अग्निपरीक्षाले नटेरेझैँ चप्पलसिङको धामी, झाक्री रहेको कुरा प्रस्तुत गरिएको छ । |
| (५०) 'आफ्नो मुख आफै हेर्ने सुझाउ' | गफ नम्बर पचासमा 'आफ्नो मुख आफै हेर्ने सुझाउ' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धका 'ऐना हेर !', 'भ्रष्टाचारैभ्रष्टाचार !', 'कसले कसलाई भन्ने ?' र 'पातमा पात' उपशीर्षकहरू छन् । धनका लागि |

| | |
|---|---|
| | मरिमेट्ने नवधनाढ्य मात्र हैन; थुप्रै नवयुवकले ऐना हेर्नुपर्ने अनि मात्र अर्ती, उपदेश र गाली गर्नुपर्ने आवश्यकता औँल्याइएको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (५१) 'असाहित्यिक गफले छुटाउन खोज्ने भाउन्न !' | निबन्धसङ्ग्रहको एकाउन्नौँ निबन्ध 'असाहित्यिक गफले छुटाउन खोज्ने भाउन्न!' शीर्षकको रहेको छ भने उक्त निबन्धमा 'कविताका कुरा !', 'साहित्यका कुरा !', 'असाहित्यिक गफ !', 'साहित्य छाँट्ने भाग्यमानीहरू !' र 'पातमा पात' उपशीर्षकहरू छन् । यस निबन्धमा परायलाई काम लगाएर गधा बनाइन्छ, आफन्त गधालाई काम हटाएर गाई बनाइन्छ, लटरपटर कवितामा युगकवि बाह्रवर्ष कलम बिसाई बैरागी हुने आदि विषयवस्तुलाई व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ । |
| (५२) 'चरित्र प्रकरण' | **गफडीका गफ**को बाउन्न निबन्ध 'चरित्र प्रकरण' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धमा 'दत्तात्रेयका चौबीस गुरु', 'जीवनबाट शिक्षा', 'चरित्र सुधार्ने कुरा' र 'पातमा पात' उपशीर्षकभित्र मुख्य विषयका रूपमा जति पढे पनि बुद्धिभ्रष्ट, कपि कवि, विषय र चरित्र सुधार्न जुवा–तास खेल्नुपर्ने, ठेकापट्टामा पटु हुनुपर्ने, मुख र कलमले क्रान्ति गर्नुपर्ने, कवि होइन लेखक हुनुपर्ने, बोतल र घुस लिनुपर्ने आदि कुराहरू व्यङ्ग्यभावमा प्रस्तुत गरिएको छ । |
| (५३) 'नानाथरी गफ' | **गफडीका गफ** सङ्ग्रहको त्रिपन्नौँ निबन्ध 'नानाथरी गफ' शीर्षकको रहेको छ । उक्त निबन्ध 'गोलका कुरा !', 'पैसा भए ऐसा', 'पेटतन्त्र' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत निबन्धको मुख्य विषय यहाँ पञ्च र बहुदलवादीमा फरक नभएको, पैसा चटक भएको, पेटका लागि नानाकाण्ड भएको आदि रहेको छ । |
| (५४) 'भलाद्मी गुरु' | **गफडीका गफ** सङ्ग्रहको चौवन्नौँ निबन्ध 'भलाद्मी गुरु' शीर्षकको रहेको छ । उक्त निबन्ध 'भलो+आद्मी = भलाद्मी', 'कुराको जिली–गाँठी !' र 'पातमा पात !' उपशीर्षकहरूमा विभाजन गरिएको छ । उक्त |

| | |
|---|---|
| | निबन्धमा पद, पैसा र शोषण, दमनका भलाद्मी प्रतिम्बिम्बित भएको, शुम्भनिशुम्भ, कुम्भकर्ण र हनुमानको भलाद्मीपनको जिलीगाँठी, जनता चुँस्ने प्रवृत्तिप्रति व्यङ्ग्य आदि विषयवस्तु रहेको छ । |
| (५५) 'अन्योल परेका गफ' | **गफडीका गफ** सङ्ग्रहको पचपन्नौं निबन्ध 'अन्योल परेका गफ' शीर्षकको रहेको छ । उक्त निबन्धलाई पनि 'कुहिराको काग', 'कागजको गति', 'यस्तो छ यहाँ दुर्गति !', 'अन्योल ! अन्योल ! अन्योल' र 'पातमा पात' उपशीर्षकहरूमा बाँडिएको छ भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध रहेको छ । लाटा अन्योलमा परेका; बाठा अन्योलमुक्त, अड्डा तथा अदालतमा कागज मिलाउँदाको गति, तल्लोस्तरका जनतालाई आश्वासन र तारिखप्रतिको व्यङ्ग्य विषय प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । |
| (५६) 'मौके गफ' | **गफडीका गफ** सङ्ग्रहको छपन्नसौं निबन्ध 'मौके गफ' शीर्षकको रहेको छ । उक्त निबन्धका 'बाबुको होटेल', 'सजिलो कुरा', 'अर्को सजिलो कुरा–मौका', 'जे हुन्छ हुँदै गरोस्' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । जागिर, व्यापार, पत्रकारिताभन्दा सजिलो बाबुको होटल हुने, मौकाले स्वर्ग, अप्सरा आदिसँग भेट गरिने आदि प्रवृत्ति र स्वभावलाई नै यस गफभित्र विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । |
| (५७) 'सहुलियत प्रकरण' | **गफडीका गफ** सङ्ग्रहको सन्ताउन्न निबन्ध 'सहुलियत प्रकरण' शीर्षकको रहेको छ । यस निबन्धका पनि 'उसका तीन सहुलियत !', 'गफडीका तीन सहुलियत !', 'तेस्राका तीन सहुलियत !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यस निबन्धमा लकडी, घुसखोरी, कन्डमको प्रथमपटक चियापसलेले गफ गर्नु, सिन्को नभाँच्नु, आत्मप्रशंसक बन्नु, दोस्रो र आश्वासन, तारेख र नावाताद, तेस्रो सहुलियत आदि विषयवस्तुलाई प्रस्तुत गरिएको छ । |
| (५८) 'कार्यक्रम गफ' | सङ्ग्रहको अन्ठाउन्न निबन्ध 'कार्यक्रम गफ' शीर्षकको रहेको छ । यस निबन्धका 'कसैलाई के ?' 'कसैलाई कै ?', 'साँच्चै सन्सार परिवर्तनशील |

| | |
|---|---|
| | छ', 'कार्यक्रमका नाना रूप' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यस निबन्धमा कार्यक्रम बिल्डिङ ठड्याउने, लाटा फसाउने, ठिटी पट्याउने, टिए, डिए पड्काउने आदि कार्यक्रमका नाना रूप हुने आदि विषयवस्तुलाई प्रस्तुत गरिएको छ । |
| (५९) 'दुई कुरा !' | **गफडीका गफ** सङ्ग्रहको उनन्साठीऔँ निबन्ध 'दुई कुरा !' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'दुई कुरा ! दुई कुरा ! दुई कुरा !', 'भाग्यं फलति सर्वत्र' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । पातमा पात उपशीर्षकभित्र पुनः 'शिक्षा क्षेत्रमा', 'प्राविधिक क्षेत्रमा' र 'वात' उपउपशीर्षक रहेका छन् । दुई कुरा कमाउने र उडाउने, सम्पन्न र विपन्न, चुस्ने र चुसाउने, श्रमगर्ने र ठग्ने, सर्वज्ञ र सर्वभक्षी आदि विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (६०) 'सयौँ लठ्ठी खाएका गफ' | सङ्ग्रहको साठीऔँ निबन्ध 'सयौँ लठ्ठी खाएका गफ' शीर्षकमा रहेको छ । यस शीर्षकअन्तर्गत 'लठ्ठी कम रुचाउने गधा !', 'घाइतेयुग', 'बिरामी मान्छे !', 'व्यङ्ग्य न स्यङ्ग्य', 'आचार संहिताको युग' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध भएको छ । निबन्धमा गधालाई लठ्ठी बजार्ने धोवीलाई परमेश्वर मान्ने, इतिहासकार इतिहास मेट्न क्रममा, यहाँ छ्यास्सै भए आचारसंहिताको प्रश्न ठडिने, यहाँ सबै क्षेत्र, तह र तप्का मर्माहत भएको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (६१) 'कविता गफ' | **गफडीका गफ** सङ्ग्रहको एकसठ्ठीऔँ निबन्ध 'कविता गफ' शीर्षकको रहेको छ । उक्त निबन्धमा 'एउटा अभिव्यक्ति प्रमोसन नहुनेको', 'जिल्लाका शिक्षकबारे एक अभिव्यक्ति', 'निम्न कर्मचारी–एक अभिव्यक्ति', 'सर्वसाधारण एक अभिव्यक्ति' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध पाँच पृष्ठमा आबद्ध रहेको छ । निबन्धमा सोर्सफोर्समा बढुवा हुनेलाई बिल्डिङ ठड्याउन दिएको शुभकामना, जिल्लामा सुविधा अभाव विद्यालयका सरुवा र निलम्बन पीडित |

| | |
|---|---|
| | शिक्षकको महँगीपीडित कर्मचारीको र दैनिक उपभोग्य सामान चलाउन धौँधौँ परेको सर्वसाधारणको आवाज बुलन्द भएको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (६२) 'ग्रामोन्मुख बजेट, प्लेटो र अन्य गफ' | **गफडीका गफ** सङ्ग्रहभित्रको बैसठ्ठीऔँ निबन्ध 'ग्रामोन्मुख बजेट, प्लेटो र अन्यगफ' शीर्षकको रहेको छ । यस निबन्धमा 'प्लेटोको गफडी चेताउनी !', 'एउटा डार्र ! एउटा डर्र', 'नानीको सनई !', 'श्रीमतीको बच्चा !' र 'पातमा पात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धमा भुँडीसुधार, कुर्सीविकास, बचतपचत अन्तशुल्क, आफन्त पल्क भएको प्लेटोगफ, पद र पैसा पचाउनमा डार्र–डुर्र भएको गफ, महँगीमा छोराछोरीको भागको सनई र श्रीमतीको सारीको बाजा बनेका आदि व्यङ्ग्यभाव नै विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । |
| (६३) 'प्यारोडी पाराका गफ' | **गफडीका गफ** सङ्ग्रहभित्रको त्रिसठ्ठीऔँ निबन्ध 'प्यारोडी पाराका गफ' शीर्षकमा रहेको छ । यस शीर्षकअन्तर्गत 'अब जसले जे भनोस् !', 'म खाऊँ मै लाऊँ', 'कुन मन्दिरमा जान्छौ साथी !', 'छोरीलाई मानचित्र पढाउँदा !', 'पहाड जो मरिसकेको छ' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । चाकरी, ठगी, घुसखोरी आदिले जसरी भए पनि मै खानेलाउने हुन्छु, चाकरीमा जान्छु आदि विषयवस्तुलाई व्यङ्ग्य पारामा प्रस्तुत निबन्धमा राखिएको छ । |
| (६४) 'यो झापा हो' | यस सङ्ग्रहको चौसठ्ठीऔँ निबन्ध 'यो झापा हो' शीर्षकमा रहेको छ । यस निबन्धका पनि 'गफ पिचैपिच', 'बिचैबीच', 'पहिलो घाम झुल्कने जिल्ला', 'यो झापा हो !', 'झापा के होइन लाटाको पापा' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । झापामा मिलबाला, जङ्गल हडप्ने उदात्त भएका, मेचीमा पुल नभए पनि पिचैपिचबीच धान लहराउने र पहिला घाम झल्कने जिल्लामा विकासको यस्तै झिल्का रहेको आदि विषयवस्तुलाई व्यङ्ग्य पारामा यस निबन्धमा प्रस्तुत गरिएको छ । |

| | |
|---|---|
| (६५) 'बाँच्ने गफ' | **गफडीका गफ** सङ्ग्रहको पैसठ्ठीऔँ निबन्ध 'बाँच्ने गफ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'ऐना हेर्दा', 'बाँच्ने कुरा' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । बाँच्नेले बाँच्नेलाई प्रजातन्त्र, प्रगति वा अगति नहेरी साम, दाम, दण्ड र भेद प्रयोग गर्छ भन्ने विषयवस्तु प्रस्तुत निबन्धमा व्यक्त भएको छ । |
| (६६) 'चिया एक सङ्क्षिप्त चर्चा, एक गफ' | सङ्ग्रहको छैसठ्ठीऔँ निबन्ध 'चिया एक सङ्क्षिप्त चर्चा, एक गफ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'चियाबारे पहिले एक कविता', 'अथ गद्यमा चिया गफ प्रारभ्यते', 'चिया गफ चियाव्रती जिन्दावाद !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । चिया खान पाए सबै लठ्ठ हुने, धानबारी मासेर चियाबारी बनेको, चिनीको अभाव कृत्रिम भएको, सिमन्टी, पेट्रोल ब्ल्याक भएको आदि विषयवस्तुलाई यस निबन्धमा उठाइएको छ । |
| (६७) 'सजिलो गफ' | सङ्ग्रहको सतसठ्ठीऔँ निबन्ध 'सजिलो गफ' शीर्षकअन्तर्गत 'सजिलो गफ नम्बर एक', 'दुई र तीन' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । निबन्धमा गफैको भरमा दार्शनिक, नेता र मन्त्री बन्न सकिने सजिलो गफ नै मुख्य विषयवस्तु रहेको पाइन्छ । |
| (६८) 'लुकाउनुको मजा : एक दृष्टि, एक गफ !' | निबन्धसङ्ग्रहको अड्सठ्ठीऔँ निबन्ध 'लुकाउनुको मजा : एक दृष्टि एक गफ !' शीर्षकअन्तर्गत 'कुरा लुकाउनु', 'पुच्छर लुकाउनु', 'मुन्टो लुकाउनु', 'बल लुकाउनु' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध तीन पृष्ठमा संरचित छ । बन्द, हड्ताल, नाराबाजी सबै फुटाउ र मोज गरका कुरा लुकाइएका, महँगी बढेपछि घुस बढेको, पुच्छर लुकाइ बल नै नभएकाले बल लुकाउनु आदि हास्यव्यङ्ग्य विषयवस्तु यस निबन्धमा प्रस्तुत गरिएको छ । |
| (६९) 'घुर्कीवादको व्यापकता : एक गफ' | 'घुर्कीवादको व्यापकता : गए गफ' शीर्षकअन्तर्गत 'वादमा एक वाद घुर्कीवाद !', 'परालको आगो !', 'बन्द र घुर्की', 'इन्क्लावी घुर्की' र 'पातमा पात' उपशीर्षकहरू छन् । आदिम साम्यवाददेखि मुर्दावाद हुँदै |

| | |
|---|---|
| | घुर्कीवाद पनि एक वाद रहेको, बन्द र घुर्की रोटी स्याउमा खुलेको, जेल र नेल बसेको भन्दै भागमा चोक्टा खन्याउने इन्क्लाबी घुर्कीप्रति व्यङ्ग्य गरिएको विषयवस्तु नै प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । |
| (७०) 'दशा कि दशैँ' | **गफडीका गफ** सङ्ग्रहभित्रको सत्तरीऔँ निबन्ध 'दशा कि दशैँ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'दशै आयो कि दशा आयो ?', 'खाने किन ?', 'किन दशा ?' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । भुकम्प, बाढी, पैरोजस्तो दसैं ९५ प्रतिशत नेपालीले मिठो खान र राम्रो लाउने अवसर हो । त्यसैले दशा नसम्झी दसैँमा खानुलाउनुपर्ने कुरा प्रस्तुत निबन्धको मुख्य विषयवस्तु रहेको छ । |
| (७१) 'चाकरी गफ !' | 'चाकरी गफ'भित्र 'धिन्ताङ र मादल आफव !', 'मास्टरी अफाव !', 'ठेकेदारी पनि अफाव', 'युवा–कर्मठ–भेला अफाव', 'विषय परिचय', 'आऊ चाकरी गरौँ !', 'सिरिफ चाकरी गरौँ !', 'सर्वविद्या उत्तम चाकरी विद्या', 'अभागीको खप्पर चाकरी पनि अफाव !' र 'पातमा पात' उपशीर्षकहरू रहेको उक्त निबन्ध चार पृष्ठमा संरचित रहेको छ । चाकरीको अर्थ चिप्लो घस्नु, झिँगा हम्कनु, पाउ मोल्नु आदि रहेको र गफडीले नसकेको, धिन्ताङले लिखुरीलाई कुखुरी बनाई आफू भाले भएको, मास्टरीले मुखमा माड नपुगेको, ठेकेदारी नसुँहाएको, युवा कर्मठ भेलामा पुच्छर हुन नसकेको आदि चाकडीरूपी गफ नै प्रस्तुत निबन्धको विषयवस्तु रहेको देखिन्छ । |
| (७२) 'विरोधाभासे गफ' | सङ्ग्रहको बहत्तरौँ निबन्ध 'विरोधाभासे गफ' शीर्षकको रहेको छ । यो शीर्षकअन्तर्गत 'विरोधाभास !', 'कस्को जिम्मेवारी ?', 'परिवर्तन आश्वासन ! कुरा गर्न छाड्नुहुन्न !' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धको मुख्य विषयवस्तु सुतन्ताम, अल्छ्याइँ, कमाउँ आदि प्रवृत्ति उच्च र उठन्ताम मरु, जाँगर मरु छ । बोल्न पाए फत्फताउन नपाए चूँ गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । |

| | |
|---|---|
| (७३) 'केही तालगाँठीका कुरा !' | 'केही ताल गाँठीका कुरा' शीर्षकअन्तर्गत 'दत्तात्रेयका जस्ता गफडीका केही गुरुहरू !' र 'पातमा पात' उपशीर्षकहरू छन् । जसको मुख्य विषयवस्तु धर्मपत्नी हुनेले जे गरे पनि अधर्म नहुने, असल शिक्षक चिट चोर्न दिने, सच्चा विद्यार्थी चिट चोर्ने, पत्रकार मन्त्री रिझाउने, योजना आफन्त छिराउने, लठुवा बसमा पूराभाडा तिर्ने, मूर्ख इमान्दार, भाषण नक्कली, सृजना गर्ने मूर्खतापूर्ण कार्य र अनुसन्धान, माल कमाउने धन्दा आदि कुराहरू हास्यव्यङ्ग्य रूपमा राखिएको छ । |
| (७४) 'बोलेको थाहा नपाउने रोग' | **गफडीका गफ** सङ्ग्रहको चौहत्तरौं निबन्ध 'बोलेको थाहा नपाउने गफ' शीर्षकको रहेको छ भने यस शीर्षकअन्तर्गत 'हुस्सु को हो ?', 'कुरा उगेलाई किन ?', 'कृपया एकछिन् सुन्नोस् !', 'यो महामारी हो' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्धमा यथार्थ कुरा गर्ने गफडी हुस्सु, यहाँ सबै बोल्ने; काम केही नगर्ने, शिक्षा परिवर्तन, बालक भुइँमा अभिभावक रिनमा, कवि जनकवि बुढा गिद्दझैँ सिनो भएको विषयवस्तुलाई व्यङग्योक्ति पारामा व्यक्त गरिएको छ । |
| (७५) 'यो बुझक्कडैबुझक्कड भएको देश हो' | **गफडीका गफ** सङ्ग्रहको 'यो बुझक्कडैबुझक्कड भएको देश हो' शीर्षकको निबन्धभित्र 'हल्लैहल्ला !', 'गफैगफ !', 'बिरालाका घाँटीमा घण्टी बाँध्ने कि ?' र 'पातमा पात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धमा हल्ला गर्नु, आफू केही नगर्नु, जिम्मेवारी अर्काका काँधमा हाल्नु अनि कोही बनाउने केही हडप्ने स्वभावप्रति व्यङ्ग्य गरिएको विषय प्रस्तुत छ । |
| (७६) 'पानीमा बसेर गोहीसँगको पाखुरा खैँचाइ' | **गफडीका गफ** सङ्ग्रहभित्र छयत्तरौं निबन्ध 'पानीमा बसेर गोहीसँगको पाखुरा खैँचाइ' शीर्षकको रहेको र यस शीर्षकअन्तर्गत 'लेखक हुँदाको शनिग्रह !', 'इमान–जमान रहँदाको शनिग्रह', 'पानीमा बसेपछि' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धमा साँचो कुरा लेख्नु शनिग्रह आइलाग्नु, इमानजमानपूर्वक काम गर्नु शनिग्रह लाग्नु हो । जुन पानीमा |

| | |
|---|---|
| | बसिन्छ त्यहाँको गोहीसित असल मितेरी लगाउनुपर्छ, पाखुरा खैँचे चिलिम भइन्छ भन्न सत्य तर तितो विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (७७) 'पुङमाङ कविका हरफनमौले काव्य' | **गफडीका गफ** सङ्ग्रहको सतहत्तरौँ क्रमको निबन्ध 'पुङमाङ कविका हरफनमौले काव्य' शीर्षकको रहेको छ । यस निबन्धमा 'काव्यपूर्वको भूमिका' र 'पातमा पात' उपशीर्षक छन् । प्रस्तुत निबन्धमा हास्यव्यङ्ग्य पारामा कविताबाट भद्रपुरमा मेची पुल बन्नु पर्ने विचार प्रस्तुत गरिएका छ । |
| **दोस्रो भाग** | |
| (७८) 'वर्ण चिनारी गफ : 'अ'' | यस सङ्ग्रहको अठहत्तरौँ निबन्ध 'वर्ण चिनारी गफ : अ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'अक्षर चिनारी', 'आदिवर्ण 'अ', 'अ'का चमत्कार', 'अभिनय चमत्कार' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । प्रस्तुत निबन्धको मुख्य विषय अवर्ण ओम (ब्रह्माविष्णुमहेश) जनाउने बहादुर अक्षर, अले कदेखि ज्ञसम्मका व्यञ्जन बन्ने र 'अ'ले अनिकाल, अभाव, अभिनय; 'अ' ले अनेता नेता, असाहित्यिक साहित्यिक सन्दर्भहरूसँग जोडिएको कुरा व्यक्त गरिएको छ । |
| (७९) 'वर्णचिनारी गफ : 'आ'' | सङ्ग्रहको उनासीऔँ क्रममा 'वर्णचिनारी गफ ! आ' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकअन्तर्गत 'स्वरवर्ण 'आ'को चिनारी' र 'पातमा पात' उपशीर्षकहरू छन् । यस निबन्धको मुख्य विषय 'आ' देवनागरी स्वरवर्णको दोस्रो, 'आ'बाट गफडी आवश्यकता र आशामा लठ्ठिएका र आज आएर आबारे केही कुरा आए, गए । आयो, गयो छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । |
| (८०) 'वर्णचिनारी गफ 'इ' र 'ई'' | सङ्ग्रहको असीऔँ निबन्ध 'वर्णचिनारी 'इ' र 'ई'' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'स्वरवर्ण 'इ'', ''इ' हेर्नोस् !', ''ई'का कुरा' र 'पातमा पात' उपशीर्षकहरू छन् । इमान धर्म गफगाफ, कालोधन्दा आदिलाई नै यस निबन्धको विषयवस्तु बनाइएको छ । |

| | |
|---|---|
| (८१) वर्ण चिनारीका गफ व्यञ्जन वर्ण कपुरी 'क'' | एकासीऔँ निबन्ध ' वर्णचिनारीका गफ, व्यञ्जन वर्ण कपुरी क'' शीर्षकको रहेको छ । यस निबन्धमा 'घुमिफिरी कपुरी 'क'', 'धर्मका कुरा', 'तम्राहाम्रा, सबका पारा' र 'पातमा पात' उपशीर्षकहरू छन् । व्यञ्जन वर्ण कपुरी 'क'का बारेमा सबै कुरा घुम्छन् र फिर्छन् तसर्थ कपुरी 'क' घुमिफिरी भएको भन्दै 'क' नजान्ने पहिलो सिटमा बसेको व्यक्ति हो भन्ने विषयवस्तु प्रस्तुत निबन्धमा दर्साइएको छ । |
| (८२) 'वर्ण चिनारीका गफ खरी 'ख'' | सङ्ग्रहको बयासीऔँ निबन्ध 'वर्णचिनारी गफ : खरी 'ख'' को शीर्षकमा रहेको छ । उक्त शीर्षकअन्तर्गत 'खरी 'ख'', 'पेट फाऱ्यो 'ख'', 'खरायो 'ख'का विविध रूप', 'खटपट' र 'पातमा पात' उपशीर्षकहरू छन् । यस निबन्धमा 'ख'बाट खज्मजिनु, खटपट, खसखस नेपालीमा बढेको तर खल्तीचाहिँ खाली भएको विषयवस्तु प्रस्तुत गरिएको छ । |
| (८३) 'वर्णचिनारीका गफ गाईगोडे 'ग'' | सङ्ग्रहको त्रियासीऔँ क्रममा पर्ने 'गाईगोडे 'ग' शीर्षकको निबन्धभित्र 'बुढापाकाको बुद्धि' र 'पातमा पात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धमा सुन्दर, शान्त विशाल देश असुन्दर, अशान्त र सङ्कुचित भएजस्तै 'ग'बाट गँगटो, गँजडी, गजधम्मेका साथै गाईप्राणी पनि बनेको विषयवस्तुलाई रमाइलो हास्यका साथ पेचिलो व्यङ्ग्यको पारामा प्रस्तुत गरिएको छ । |
| (८४) 'वर्णचिनारी गफ : घरजस्तो 'घ'' | **गफडीका गफ** सङ्ग्रहको चौरासीऔँ निबन्ध 'वर्णचिनारी गफ : घरजस्तो 'घ'' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'आफ्नो घर', 'नातावाद', 'पक्षपात र घुस !', ''घ' बारे विचित्र कुरा' र 'पातमा पात' उपशीर्षकहरू छन् भने उक्त निबन्ध दुई पृष्ठमा आबद्ध छ । गफको मुख्य विषय वर्णचिनारीमा 'घ' लाई घरजस्तो भनी पढिने; 'घ'बाट घुस, घरफटे गँवार लुटे, घडेरी, घाँडो, घुँडा टेक्नुका रमाइला कुरा हास्यव्यङ्ग्यात्मक पारामा प्रस्तुत गरिएको छ । |
| (८५) 'वर्णचिनारी गफ : मासगेडी 'ङ'' | सङ्ग्रहको पचासीऔँ निबन्ध 'वर्णचिनारी गफ : मासगेडी 'ङ'' शीर्षकको रहेको छ । यस निबन्धका 'ङार्रङुर गर्नु', 'ङिच्च पर्नु', 'ङ' का विविध |

| | |
|---|---|
| | रूप' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको मुख्य विषय वर्णचिनारीमा मासगेडी ङ भनी पढिने प्रसङ्गसँगै ङबाट ङार्रङुर्, ङिच्च, ङ्याउ बन्ने र काठमाडौँदेखि भद्रपुरसम्म ङ्याउङ्याउको नयाँ स्थितिप्रति व्यङ्ग्य गरिएको छ । |
| (८६) 'वर्णचिनारी गफ चरिचुच्चे 'च'' | सङ्ग्रहको छयासीऔँ निबन्ध 'वर्णचिनारी गफ चरिचुच्चे 'च'' शीर्षकको रहेको छ । यस निबन्धका 'चुच्चे ढुङ्गो उही टुङ्गो', 'रजतजयन्तीको शुभकामना', 'गुरु परम्परा' र 'पातमा पात' उपशीर्षकहरू छन् । यस निबन्धको मुख्य विषयवस्तु युग फेरिए पनि मान्छे नफेरिनु; चरिचुच्चे 'च' वा चुचे ढुङ्गो उही टुङ्गो हुन्छ । यसको मूल कारण स्वार्थान्धताले भएको ठहर गरिएको छ । |
| (८७) 'वर्णचिनारी गफ डोयछले 'छ'' | सतासीऔँ निबन्ध वर्णचिनारी गफ : डोयछले छ शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'डोयछले छ एउटा प्रश्नवाचक वर्ण', 'के धर्म यहाँ बाँकी छ ?', 'छ के छ ?' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको विषय छाते 'छ' बुझेका गफडीलाई डोयछले प्रश्न बोकेको; धार्मिक भावनाभन्दा स्वार्थभावले धर्मशाला बनेको यहाँ गरिबी र अभाव मात्र छ ! जस्ता कुराहरूप्रति व्यङ्ग्य गरिएको छ । |
| (८८) 'वर्णचिनारी गफ : डाडु 'ज' को चकचकी' | गफक्रम अठासीमा पर्ने 'वर्णचिनारी गफ : डाडु 'ज' को चकचकी शीर्षकअन्तर्गत 'जसका हातमा डाडु छ', 'जसको शक्ति ! उसको भक्ति !', 'जय–जय अगुवाहरूको' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । डाडुपुन्यु र शक्ति हुनेले देशमा रजाइ गरेको व्यङ्ग्य नै यस गफको विषयवस्तु रहेको छ । |
| (८९) 'वर्णचिनारी गफ : कुटीझर्‍यो 'झ' झगडा र झमेलाका कथा' | गफक्रम उनानब्बेमा रहेको 'वर्णचिनारी गफ : कुटीझर्‍यो 'झ' झगडा र झमेलाका कथा' शीर्षकअन्तर्गत ''झ'को चिनारी', 'झगडा र झमेला', 'उदाहरण' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको मुख्य विषय जहाँ 'ज' त्यहाँ 'झ', झाँक्रीले खाएको देश झुत्रेझुम्रे झुरूप्पै छन् । झ्वाँक देखाइयो, झर्कियो भने खेर जाइने र यहाँ सज्जन हुनुपर्ने कुरालाई व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ । |

| | |
|---|---|
| (९०) 'वर्णचिनारी गफ : गोरुसिङे 'ञ'' | **गफडीका गफ** सङ्ग्रहको नब्बेऔँ निबन्ध 'वर्णचिनारी गफ : गोरुसिङे ञ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'दिन बिग्रिएपछि', 'मैञा', 'ञाञाञाञा', 'उदाहरण' र 'पातमा पात ! वातमा वात' उपशीर्षकहरू छन् । गफको मुख्य विषय 'ञ' को रजाइँ सस्कृतमा भए पनि देवनागरीमा दिन बिग्रिएको तर ञाञा लेखिए राम्रो गफडी भन्छन् । बालकझैँ शिक्षक ञाञा गर्छन् तर कर्मचारी मजा गर्ने मात्र हैन मजा पनि लुट्छन् भन्ने भावप्रति व्यङ्ग्य गरिएको छ । |
| (९१) 'वर्णचिनारी गफ : अधकाट्टो 'ट'' | गफक्रम एकानब्बे क्रममा 'वर्णचिनारी गफ : आधकाट्टो 'ट'' शीर्षकको रहेको छ । उक्त शीर्षकअन्तर्गत 'पुर्खाको बुद्धि अहिलको पतन', 'ट्याङट्याङ, टालटुल' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको मुख्य विषय एकले अर्कालाई टोक्ने; यहाँ भण्डारी गुरुको अधकाट्टो 'ट' पढाइ आजको पतोन्मुख युगमा सही भएको ठहर र 'ट' बाट टालटुल बन्ने र गर्ने टपरे टपरटुइँयाप्रति व्यङ्ग्य गरिएको छ । |
| (९२) 'वर्णचिनारी गफ : कण्ठ मिलायो 'ठ'' ठीक कण्ठ मिलाएन ठाडै बेठीक | गफ क्रमको बयानब्बेऔँ निबन्ध 'वर्णचिनारी गफ : कण्ठ मिलायो 'ठ' ठीक, कण्ठ मिलाएन ठाडै बेठीक' शीर्षकको रहेको छ । यस शीर्षकका 'कण्ठ मिलाउन भुँडी फुलाऊ', 'नठस्क-नहच्क', 'ठग ! खुब ठग !' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको मुख्य विषय 'ठ' चिन्ने प्रसङ्ग्रमा ठमठम हिँड, गन्तव्यमा पुग्छौँ, भुँडी फुल्छ, ठालु बने आलु हुन्छौँ, एक्लै नबस, ठलमेलमा कुद आदि विषयवस्तुलाई व्यङ्ग्यभावमा प्रस्तुत गरिएको छ । |
| (९३) 'वर्णचिनारी गफ : डाङडुङे 'ड'' | गफ क्रम त्रियानब्बेमा रहेको वर्णचिनारी गफ : डाङडुङे 'ड' शीर्षकअन्तर्गत 'डाङडुङे ड र डमरू', 'ड का विभिन्न रूप' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यसमा डकार्ने र ढाडेका कारण डन्डिबियोझैँ घरी यता घरी उता, डम्फू बजाउने मालामाल भएको कुरा नै विषयवस्तु रहेको छ । |

| | |
|---|---|
| (९४) 'वर्णचिनारी गफ : कुकुरपुच्छ्रे 'ढ'' | **गफडीका गफ** सङ्ग्रहको चौरानब्बेऔ निबन्ध 'वर्णचिनारी गफ : कुकुरपुच्छ्रे ढ' शीर्षकमा रहेको छ । यस शीर्षकका 'कुकुरको पुच्छर र 'ढ'', 'हामो ढङ्ग' र 'पातमा पात' उपशीर्षकहरू छन् । यस निबन्धको मुख्य विषय १२ वर्ष ढुङ्ग्रामा हालेर ढुक्क बसे पनि बाहिर निकाल्दा स्वभावगत संस्कार परिवर्तन नहुनेझै ढाकछोप, ढुकुवा, ढिँडो खाने हुँदै प्रजातान्त्रिक जमानामा ढुङ्गा हान्न सिपालु हाम्रा प्रवृत्ति 'ढ'का समन्वयकारी छन् भन्ने व्यङ्ग्योक्ति रहेको छ । |
| (९५) 'वर्णचिनारी गफ : कोदाली 'त'' | गफ क्रम पन्चानब्बेमा 'वर्णचिनारी गफ : कोदाली 'त'' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'तत्त्वज्ञान', 'तँ, तिमी तपाईं, हजुरको', 'उँभौलीको तर्कशास्त्र', 'तबाट अरू तत्त्व ज्ञान' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धको मुख्य विषय तर्कशास्त्र जान्नुपर्ने, जुरुक्क उठी तुरुक्क, के जाती पनि चाकरीमा जानु तर्सनु पर्दैन, तालुमा आलु फल्छजस्ता हास्यव्यङ्ग्यहरू विषयवस्तुका रूपमा रहेको छ । |
| (९६) 'वर्णचिनारी गफ : घोरमुखा 'थ'' | **गफडीका गफ**को छयानब्बेऔँ निबन्ध 'वर्णचिनारी गफ : घोरमुखा थ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'थैलो र यसको चमत्कार', 'विवरण चमत्कारका', 'थुइय ! हरे ! शिव' र 'पातमा पात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धमा थैलोका कुरा आउँछन्, थपक्क हाकिम भए थैलो भर्नुपर्छ, थैलो दरो भए मात्र थर्मस र थर्ममिटर राख्न सकिन्छ भन्ने आदि विषयवस्तुलाई व्यङ्ग्यभावमा प्रस्तुत गरिएको छ । |
| (९७) 'वर्णचिनारी गफ दयाँली 'द'' | **गफडीका गफ**को सन्तानब्बेऔँ निबन्ध 'वर्णचिनारी गफ : दयाँली द' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'जदौं हजुर दशैंको !', 'यस दशाको', 'दरखानु', 'दशैंका कुरा ! दशाको चर्चा' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । यस निबन्धमा रेग्मीले 'द'बाट उठेका दसैं, दशा, हुनेखानेले दर खाने, दरो खान नपाई कति नेपालीले दर खाएको उल्लेखसँगै दूरदृष्टि, दुरबिन राखी दशालाई दसैंका रूपमा मनाउने व्यङ्ग्य विषयवस्तु बनाएका छन् । |

| | |
|---|---|
| (९८) 'वर्णचिनारी गफ : काँधलौरी 'घ'' | गफ क्रम अन्ठानब्बेमा 'वर्णचिनारी गफ : काँधलौरी 'ध'' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकअन्तर्गत 'धनमहिमा', 'धुइँधुइँ धर्मयुग', 'धन भए के हुन्छ ?' र 'पातमा पात' उपशीर्षकहरू छन् । गफको मुख्य विषयका रूपमा धनका धुपौरे, धर्मकर्म गरी धनार्जन गर्ने, धन भए धरमर नहुने प्रसङ्गका साथै सबै धनका पछि लागेको कुरालाई दर्साइएको छ । |
| (९९) 'वर्णचिनारी गफ : निगुर्मुन्टी 'न'' | **गफडीका गफ**को उनान्सय क्रममा 'वर्णचिनारी गफ : निगुर्मुन्टी न' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकअन्तर्गत 'नतमस्तक', 'काम होइन नाम', 'नमस्ते' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । महँगी, अभावले, अनैतिकताले सबेलाई नतमस्तक गराएको, नामका लागि काम गरेको, भ्रष्ट, ठग, घुस्याहालाई नमस्ते गर्नुपरेको तितो यथार्थ यस निबन्धको विषयवस्तु रहेको छ । |
| (१००) 'वर्णचिनारी गफ : पाटी 'प'' | गफक्रम सयमा 'वर्णचिनारी गफ : पाटी प' शीर्षकको निबन्ध रहेको छ । यस निबन्धअन्तर्गत 'जुग बदलियो', 'पन्चर ! पन्चर ! पन्चर !' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धको मुख्य विषय 'प' बाट बन्ने पञ्च, पत्रकार, प्रोफेसर, पण्डित, प्रशासक, प्रहरी आदि माल पड्काउने जुगका भएका, जुग पन्चर भएको कुरा रहेको छ । |
| (१०१) 'वर्णचिनारी गफ : छोरी बोक्यो 'फ'' | गफक्रम एक सय एकमा 'वर्णचिनारी गफ : छोरी बोक्यो फ' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकका 'सारै फँसियो', 'कहिले फक्रने ?', 'फणा उठाउँछन्', 'फन्फन्ती घुम्दा पनि !' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धको मुख्य विषयवस्तु सातातिना नेपाली फँसेका, ठूला पेडाका धाक लाउने, फकाफक धन थोपर्ने मात्र फक्रिएका आदि याथार्थिक कुरा रहेको छ । |
| (१०२) 'वर्णचिनारी गफ : बाटुलो 'ब'' | गफक्रम एक सय दुईमा 'वर्णचिनारी गफ : बाटुलो ब' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'बैंस डुब्यो !', 'बबुरो जीवन', 'बलिया कुरा' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धमा कतिको अक्षर चिन्दाचिन्दै |

| | |
|---|---|
| | बैँस डुबेको, बबुरो फुरा फलाक्ने, बिल्डिङबासी भएको आदि विषयवस्तुलाई व्यङ्ग्यभावमा प्रस्तुत गरिएको छ । |
| (१०३) 'वर्णचिनारी गफ भकारी भनिने 'भ'' | गफक्रम एक सय तीनअन्तर्गत 'वर्णचिनारी गफ : भकारी भनिने भ' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'खानको भकारी', 'भण्डारी भजनदल भन्डाफोर भएको छ' र 'पातमा पात' उपशीर्षकहरू छन् । 'भ'बाट भुइँफुट्टाको जगजगी, यो देशमा भण्डारी भजने र भाजुका कुरा सुन्दा गफडीलाई भतभती पोलेको, भतुवाको चर्तिकालाको भण्डाफोर गर्न मन लागेको आदि विषयवस्तु रहेको छ । |
| (१०४) 'वर्णचिनारी गफ : राम्रो 'म'' | **गफडीका गफ** सङ्ग्रहको एक सय चारमा 'वर्णचिनारी गफ : राम्रो म' शीर्षकको निबन्ध रहेको छ । यस निबन्धका 'राम्रो म', 'राम्रो मको थप विश्लेषण', 'राम्रो मका शाखा' र 'पातमा पात' उपशीर्षकहरू छन् । प्रस्तुत निबन्धको मुख्य विषय वर्णमालाको पच्चीसौँ वर्णबाट 'म' राम्रो हुनु सामाजिक प्रतिबिम्ब मानिनु, शिक्षक, कलाकार, पत्रकार सबै 'म' का शिकार भएका हामी व्याकरणमा सीमित भएको विषयवस्तुलाई हास्यमिश्रित व्यङ्ग्य पारामा प्रस्तुत गरिएको छ । |
| (१०५) 'वर्णचिनारी गफ : बुढो 'य'' | गफक्रम एक सय पाँचमा 'वर्णचिनारी गफ : बुढो 'य'' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकअन्तर्गत 'अथ बुढो सुँगाको महात्म्य !', 'तपाइँ नि', 'ठग्ने दावा' र 'पातमा पात' उपशीर्षकहरू छन् । बुढा सुँगाको स्मरण, बुढा (डेट आउट) खतरनाक हुने जसको भारतीय तथा नेपाली राजनीतिमा चर्तिकाला रहेको कुरा नै प्रस्तुत निबन्धको विषयवस्तु रहेको छ । उक्त कुराहरूलाई निबन्धकारले व्यङ्ग्य पारामा प्रस्तुत गरेका छन् । |
| (१०६) 'वर्णचिनारी गफ : खाँबे 'र'' | गफक्रम एक सय छमा 'वर्णचिनारी गफ : खाँबे र' शीर्षकको निबन्ध रहेको छ । यस शीर्षकअन्तर्गत 'नाना रङ्ग ! नाना रूप !', ''र' ले रोमाञ्च हुन्छ !', 'यहाँको रीति ! यहाँको नीति !' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । रूढिले खाएको बुढीले सिध्याएको रिस, राग रोगाक्रान्तमा सारङ्गीको ऱ्याइँऱ्याइँसँगै गफडीको बात बन्द भएको रमाइलो तथा व्यङ्ग्यात्मक विषयवस्तु प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । |

| | |
|---|---|
| (१०७) 'वर्णचिनारी गफ : हात भाँच्यो 'ल'' | गफक्रमको एक सय सातौँ निबन्ध 'वर्णचिनारी गफ : हात भाँच्यो 'ल'' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'ल....ल ! ल !', 'लक्ष्यभन्दा लक्ष्मी ठूलो !', 'यो लतारो ! यो ल्याङफ्याङ' र 'पातमा पात' उपशीर्षकहरू छन् । निबन्धको मुख्य विषयवस्तु अठ्ठाइसौँ व्यञ्जनवर्ण 'ल'बाट बनेको ल...ल हुन्छ भन्ने बहादुरको सकारात्मक उत्तरले लोदर लगाएको, सुधारको साटो ल्वात्त लक्कु तान्ने गरेको, लक्ष्यभन्दा लखपति बन्न मात्र अघि बढेको, लफुङ्गा, ल्याङफ्याङेले जमिन र आकाश ढाकेको विषयलाई व्यङग्य पारामा प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । |
| (१०८) 'वर्णचिनारी गफ : तलथोप्ली 'व' को वाह !' | **गफडीका गफ**को अन्तिम निबन्ध 'वर्णचिनारी गफ : तलथोप्ली 'व' को वाह !' शीर्षकको रहेको छ । यस शीर्षकअन्तर्गत 'वाह ! वाह !', 'सबै आफै वाह ! वाह गर्छन्', 'वाह ! वाहमा सबै हिँड्छन्' र 'पातमा पात' उपशीर्षकहरू रहेका छन् । उक्त निबन्धको मुख्य विषयवस्तु वाह ! वाहको जमाना, सबै कर्तव्य बिर्सेर वाह ! वाहमा छन् । विद्यार्थी वाह ! वाहमा आज नपढ्ने, शिक्षक आज नपढाउने, पत्रकार, सम्पादक तथा कर्मचारी कार्यकर्ता सबै वाहमा कुदेकाले गफडी पनी वाहीवाहीमा गफ गर्न बानी परिसकेको चर्चालाई व्यङ्ग्यभावमा प्रस्तुत गरिएको छ । |

## ५.४.४ भाषाशैली

**गफडीका गफ** निबन्धसङ्ग्रह दुई भागमा विभक्त रहेको छ । उक्त सङ्ग्रहमा १०६ वटा गफहरू आत्मपरक शैलीमा लेखिएका छन् । सङ्ग्रहभित्रका निबन्धहरूमा कवितात्मक पङ्क्तिहरू हुनाका साथै सरल, मिश्रित तथा संयुक्त तिनै प्रकारका वाक्यहरू प्रयोग गरेको देखिन्छ ।

निबन्धहरूमा प्रशस्त झर्रा तथा तत्सम शब्दहरू प्रयोग भएका छन् । जस्तै : तत्सम शब्दहरूमा श्रीमती, वक्तव्य (पृ. २७), शिक्षक, वज्रप्रहार (पृ. २९), महत्त्वाकाङ्क्षी, मनोविज्ञान (पृ. ७८), अस्त्र, पुण्य (पृ. १४१), अध्ययन, अनुसन्धान (पृ. १६१) आदिको प्रयोग गरिएको छ । त्यस्तै आगन्तुक शब्दहरूमा मोटर, बिल्डिङ, कन्जर्भेटिभ (पृ. २७), मास्टर, सिनेमा (पृ. ४९), केडिट आवर्स, लेसन प्लान (पृ. १२८) आदिको प्रयोग गरिएको छ । भुतुक्क (पृ. २८), टिमिक्क

(पृ. १९९), खत्रक्क (पृ. २२३), पटटट (पृ. २९९) आदि अनुकरणात्मक शब्दहरू पनि प्रयोगमा रहेका छन् । निबन्धहरू सरल भाषामा हास्यव्यङ्ग्यात्मक पाराका हुनाका साथै सामान्य शैलीको प्रयोग भएको पाइन्छ ।

### ५.४.५ निष्कर्ष

निष्कर्षमा **गफडीका गफ** निबन्धसङ्ग्रहले स्थानीय, क्षेत्रीय, राष्ट्रिय विषयवृत्तमा रहेका विकृति, विसङ्गतिका व्यापक आयामहरूलाई समेटेर हसाँउदै व्यङ्ग्यका तिखा र धारिला वाण हानेको पाइन्छ । गफडी तथा व्यङ्ग्य ऋषिका नामले चिनिने चूडामणि रेग्मीले उक्त सङ्ग्रहका निबन्धहरूमा कवि, साहित्यकार, पत्रकार, प्राध्यापक, शिक्षक, विद्यार्थी, नेता, मन्त्री, व्यापारी आदि समाजका जुनसुकै पेसा, तह र तप्काका मान्छेहरूमा रहेका नराम्रा पक्षहरूलाई औँल्याउँदै सुधारतर्फ सचेत हुन झक्झकाएका छन् ।

निबन्धको पहिलो भागमा समाविष्ट ७५ वटा निबन्धहरू स्थानीय तथा राष्ट्रिय क्षेत्रका भ्रष्ट प्रवृत्ति र स्वाङ पार्ने व्यक्तिहरूलाई व्यङ्ग्य गर्दै लेखिएका छन् भने दोस्रो भागका ३१ वटा निबन्धहरूमा वर्णचिनारी गफस्वरूप स्वर वर्ण र व्यञ्जन वर्णको रमाइलो प्रसङ्ग झिकी तिनीहरूमार्फत व्यङ्ग्य गरिएको पाइन्छ । निष्कर्षस्वरूप 'पातमा पात ! वातमा वात' थेगोको प्रयोग, 'ज्यू', 'केले कि पत्तोमें पात ! त्यो सज्जनो कि बातो में वात' को नेपालीकरण हो ।[२३]

**गफडीका गफ**मा सङ्कलित गफहरू ज्यादै छोटा विचारहरू, सङ्गठन खासै नभएका, निबन्ध भन्न पनि त्यति लायकका देखिँदैनन् । यस सङ्ग्रहका निबन्धहरू चूडामणि रेग्मी सम्पादकसमेत भएकाले भएकाले **युगज्ञान** साप्ताहिक पत्रिकाको पातो भर्ने बाध्यता भएर लेखिएका भान हुने गफहरू पाइन्छन् ।

## ५.५ 'आँखा र मनका पाइलाहरू' निबन्धसङ्ग्रहको विश्लेषण

चूडामणि रेग्मीको निबन्ध फाँटमा फक्रिएको पाँचौँ निबन्धसङ्ग्रह **आँखा र मनका पाइलाहरू** रहको छ । यस सङ्ग्रहभित्र विचारमूलक र संस्मरणात्मक विषयवस्तु भएका ३३ वटा निबन्धहरू सङ्कलित रहेका छन् । रेग्मीका २०२२ देखि २०६३ सालसम्म यत्रतत्र पत्रिकाहरूमा छरिएका निबन्धहरूलाई सँगालिएको यो सँगालो हो ।[२४]

---

२३. चूडामणि रेग्मी, **गफडीका गफ**, 'लेखक्यौली', (चन्द्रगढी : जुही प्रकाशन, २०६३) ।
२४. राधिका राय, **पूर्ववत्**, पृ. ।

### ५.५.१ परिचय

**आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रह निलो, सेतो र रातो रङको पृष्ठभूमिका शिरमा पहाडको टाकुराबाट सूर्योदयको दृश्य देखिने, माझमा आँखाले हेरिरहेको ६ वटा पदचिन्ह अङ्कित बाह्य आवरणको शिरमा **आँखा र मनका पाइलाहरू** राता, ठूला अक्षरमा र पुछारमा लेखकको नाम उल्लेख भएको छ । दोस्रो भित्री पातो खाली रहेको छ भने तेस्रो पातोको पहिलो पृष्ठको दायाँ शिरमा 'जुही प्रकाशन माला-३२' र त्यसमुनि ठूला अक्षरमा **आँखा र मनका पाइलाहरू** लेखिएको छ भने शीर्षकमुनि कोष्ठमा निबन्ध सँगालो र पुछारमा चूडामणि रेग्मी लेखिएको छ । तेस्रो पातोकै दोस्रो पृष्ठमा प्रकाशक, कृति, विधा, प्रकाशन, मिति, मूल्य रु, संस्करण, आवरण, कम्प्युटर सेटिङ, मुद्रक आदिको विवरण दिइएको छ । चौथो पाताको पहिलो पृष्ठमा 'समर्पण-उनान्सत्तरी वर्ष प्रवेशको अवसरमा मायालु वेदकुमारीलाई सस्नेह !' लेखी त्यसमुनि रेग्मी दम्पतिको अर्धकदको फोटो र अन्त्यमा चूडामणि रेग्मी उल्लेख छ । यही पातोको दोस्रो पृष्ठ र पाँचौं पृष्ठको पहिलो पृष्ठ देखि 'क', 'ख', गरी दुई पृष्ठ लामो 'लेखक्यौली' शीर्षकमा लेखकको मन्तव्य रहेको छ । पाँचौं पातोको दोस्रो पृष्ठ 'ग' मा निबन्धहरूको क्रम र त्यसपछि 'मन्तव्य' पातो रहेको छ ।

यसरी सङ्ग्रहभित्र पृष्ठ १ देखि पृष्ठ १०८ सम्म ३३ वटा निबन्धहरू र पृष्ठ १०९ देखि पृष्ठ १३४ सम्म विभिन्न व्यक्तिहरूको मन्तव्य संलग्न गरिएको छ । १३४ पृष्ठको पुस्तकको आवरण पृष्ठको पछिल्लो अन्तिम पृष्ठमा कमलमणि दीक्षित तथा डी. आर. पोखरेलले चूडामणि रेग्मी र उनको योगदानप्रति चर्चा गरिएका विचारहरू प्रस्तुत गरिएको छ ।

### ५.५.२ विषयवस्तु

**आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको विषयवस्तु यस प्रकार रहेको छ :

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'कस्तो अर्ती खानु ?' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहको पहिलो क्रममा रहेको 'कस्तो अर्ती खानु ?' शीर्षक निबन्ध छोटाछोटा १४ अनुच्छेद र दुई पृष्ठको आयतनमा रचना गरिएको छ । निबन्धले बाबुआमा, गुरु, नाइकेले दिने |

| | |
|---|---|
| | गरेका अर्ती र ती अर्ती मान्न लायक केकस्ता हुन् ? भन्ने बारे लेखकका धारणाहरू प्रस्तुत गरेको छ । परिस्थिति हेरी उपदेश, अर्ती सावधानीपूर्वक नलिँदा असफल हुनाले 'सोझो औँलाले घिउ आउँदैन' भनेर पेटको कुरा बाङ्गो चालले भन्ने चलनका व्यक्तिको अर्ती बाङ्गो चालले अर्थ बुझी साँचो ठहरे त्यस्तो कुरा खानुपर्छ भन्ने विचार लेखक पेस गर्दछन् । अर्ती दिनेहरू स्वयम् फुट्टो काम गर्ने, चरित्रहीन, डरलाग्दा हुन्छन् बरु अरूलाई सच्चरित्र, विनयशील बन्न अर्ती गर्छन् । त्यसैले अर्ती लिनेले जीवनोपयोगी भएर लिनुपर्छ भन्ने लेखकको विचार निबन्धमा प्रकटित भएको देखिन्छ । |
| (२) 'मास्टर चरो' | निबन्धसङ्ग्रह **आँखा र मनका पाइलाहरू**को दोस्रो निबन्ध 'मास्टर चरो' शीर्षकको रहेको छ । उक्त निबन्ध ११ अनुच्छेद र दुई पृष्ठमा संरचित रहेको छ । निबन्धमा मास्टरी पेसामा आबद्ध मान्छेरूपी चरो मास्टरी आकाशमा विचरण गरी गृहस्थीरूपी गुँडमा फर्कने, मासिक आयले नथेगी पेस्की, ट्युसनले आफ्नो बचेरा पाल्ने बिचरो प्राणीको हविगतको चित्रण गरिएको पाइन्छ । आफूजस्तै चरा, मन्त्री, डाक्टर, इन्जिनियर भएका तर मास्टर आफू उस्तै झुप्रे हुँदाहुँदा कुप्रे बनेको तितो सत्य पनि निबन्धमा प्रस्तुत भएको छ । नमस्तेमा मख्ख यो मास्टररूपी चरो रुप्पी, काग, भँगेरो बन्दै ट–न–न घण्टीको भरमा दौडने बाह्र वर्षपछि गधा उपाधि दिँदाको चिन्ता अनुभव गर्दै अन्त्यमा भुइँमुनि हुने विचार प्रकटित भएको छ । यसरी मास्टरी पेसामा पाइने आर्थिक दुरावस्थालाई निबन्धले मुख्य विषयवस्तुका रूपमा उठाएको छ । |
| (३) 'व्यङ्ग्य' | **आँखा र मनका पाइलाहरू** सँगालोको तेस्रो क्रममा 'व्यङ्ग्य' शीर्षकको निबन्ध रहेको छ । यो निबन्ध लामाछोटा ६ वटा अनुच्छेद र दुई पृष्ठमा आबद्ध भएको छ । निबन्धको मुख्य विषयवस्तु समस्त अस्तित्व नै व्यङ्ग्यमय भएको विचार प्रकटित भएको पाइन्छ । लेखक आफू स्वयम् ढाँट क्रियाकलापमा संलग्न भएको, पत्रकारिता जुनमा अनागरिकलाई |

| | |
|---|---|
| | नागरिक पारिँदाको दृश्य, पैसापैसा भन्दै पैसाको समस्याभित्र फन्फनिने लेखक निरीह प्राणी भएको, त्यसैगरी जोडजाडले लेखकसँग 'लेख देऊ' भन्नु सबै व्यङ्ग्य भएको विचार अभिव्यक्त भएको पाइन्छ । भद्रपुर, विराटनगर, काठमाडौँदेखि पहाड चर्मचक्षु र मनचक्षुले देख्न सक्ने विश्वगतिविधिभित्र नै मुस्कुराई रहेको आफैले आफैलाई ढाँटेको समाज र इतिहास प्रतिको व्यङ्ग्य आदि निबन्धको विषय मान्न सकिन्छ । |
| (४) 'यो भीड यो समुद्र !' | **आँखा र मनका पाइलाहरू**को चौथो निबन्ध 'यो भीड यो समुद्र' शीर्षकमा रहेको छ । यो निबन्ध छोटाछोटा दस अनुच्छेद र एक पृष्ठमा संरचित भएको छ । लघु आकारको यो निबन्धमा बढ्दो जनसङ्ख्या चुनौती तथा समस्या भएको, विदेशीतत्त्व हावी बन्दै गएको सङ्केत प्रस्तुत भएको पाइन्छ । सहर गगनचुम्बी घरले भरिएको, सडक भीडभाडयुक्त भएको, सिनेमा र होटलले बढाएको गुन्डागर्दी तथा विकृति र नेपालीपनको खस्कँदो गतिप्रति लेखकको चिन्ता बढेको विचार प्रकट भएको छ । फूलरूपी सहरभित्र सराबी, ठगी, तस्करी, महिलाप्रतिको दुर्व्यवहार आदि काँडाहरू बढ्दै गएको विचार प्रस्तुत निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् । |
| (५) 'पुरानो मदिरा' | निबन्धसङ्ग्रहको पाँचौ क्रममा सङ्गृहीत 'पुरानो मदिरा' शीर्षकको निबन्ध रहेको छ भने उक्त निबन्ध सात अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । निबन्धमा साहित्यिक रचना न फेसन हो न बजारू समान नै यो त भावुक हृदयको सृजन क्षणको सुन्दर नमुना हो, बौद्धिक खुराक हो, ताजाले तृप्ति दिन नसक्ने हुँदा यो पुरानो चाहिन्छ । सुरक्षित सामान पुरानो मदिरा हो भन्ने लेखकको विचार प्रकट भएको देखिन्छ । नेपाली सम्पादक प्रफ हेर्ने, लेख बटुल्ने, प्रकाशन खर्च जुटाउने, पत्रिका वितरण गर्ने इत्यादि अभिभारा वहन गर्ने, घुर्क्याउने, फुर्क्याउने र पैसा कुम्ल्याउने प्रवृत्तिका हुने हुँदा लेखक शोषित भएको धारणा निबन्धमार्फत प्रस्तुत भएको छ । |

| | |
|---|---|
| (६) 'छुने छिन' | **आँखा र मनका पाइलाहरू** सँगालाको छैटौँ स्थानमा अवस्थित 'छुने छिन' शीर्षकको निबन्ध लामाछोटा सोह्र अनुच्छेद र तीन पृष्ठमा आबद्ध छ । मानिसको हृदयलाई छुने क्षण केकस्तो हुन्छ भन्ने प्रश्नको उत्तरका रूपमा लेखकका तर्कहरू नै निबन्धले उठाएको प्रमुख विषय हो । 'छुनु' को अर्थ स्पर्श भएको, स्पर्श पनि भावनात्मक बाह्य दुई खाले भए पनि भावना अनुभूतिकै अर्थमा यो आएको पाइन्छ । लेखकको विचारमा उपन्यास, नाटक, कथा, कविता र सङ्गीतले कुनैकुनै पाषाण हृदयलाई छोइदिने, पहिलोपल्ट सगरमाथा पुग्ने तेन्जिङ शेर्पा, पहिलो पल्ट चन्द्र धरातल टेक्ने नील आर्मस्टङ, अमेरिका पत्ता लगाउने कोलम्बस आदिलाई ती क्षणहरूले छोएको ठहर छ । छुने दिनमा जातिको बन्धन, सीमाको बार, नैतिक पवित्रताको तगारो नहुने विचार पाइन्छ । 'छुने दिन'ले जस्तोसुकै पाषाण हृदयलाई पनि नछोइ छाड्दैन भन्ने विषयवस्तु निबन्धले प्रस्तुत गरेको पाइन्छ । |
| (७) 'अथातो घुमक्कड जिज्ञासा' | निबन्धसङ्ग्रहको सातौँ क्रममा पर्ने 'अथातो घुमक्कड जिज्ञासा' शीर्षकको निबन्ध बाह्र अनुच्छेद र तीन पृष्ठमा आबद्ध छ । निबन्धले 'बाह्रपटक पढेको भन्दा एकपटक हेरेको नै दिगो हुने, भ्रमणबाट प्रत्यक्ष हासिल गरेको ज्ञान राम्रो हुने विचारलाई मूल विषयवस्तुका रूपमा निबन्धकारले प्रस्तुत गरेका छन् । लेखक आफू ताप्लेजुङसम्म जाँदा खहरेको उकालो, दोखु पैरो, पहाडी विकट खोप्च्याङ, जाडो, ढाक्रे जीवन, भेषभूषा, खानपिन आदि कुराहरू प्रत्यक्ष अनुभूति गरेको स्मरण गर्दै घोकन्ते र रटन्तेभन्दा घुमन्ते विद्यार्थी तेजिला हुने विचार प्रकट गर्न पुग्छन् । घुमफिरका तितामीठा अनुभव सफा हृदयमा बिभ्ने, घुमक्कडका हृदयमा देशभक्ति र मानवीय भावनाप्रति आस्था जाग्ने विचारसमेत प्रस्तुत निबन्धमा प्रकट भएको छ । |
| (८) **'जुही** घरघरका टेबुलमा गमलाझैँ सजियोस्' | निबन्धसङ्ग्रहको आठौँ निबन्ध 'जुही घरघरका टेबुलमा गमलाझैँ सजियोस्' शीर्षकको रहेको छ । यो निबन्ध अठार अनुच्छेद र छ पृष्ठमा आबद्ध रहेको छ । यस निबन्धको मुख्य विषय पत्रकारिता जीवनका |

| | |
|---|---|
| | तितामिठा अनुभवहरू रहेका छन् । २०२१ सालदेखि त्रि. वि. वि.मा कार्यरत लेखकले पत्रकारितामा सँगसँगै अघि बढेको चर्चा गर्दै युज्ञज्ञान पत्रिका चलाउँदा पाएको हन्डरको चर्चा गर्दै आफू **नौलो पाइलो, छहारी, मोती** हुँदै **जुही** पत्रिकासम्म आइपुगेको चर्चा गरेको पाइन्छ । **जुही**को नयाँ अङ्क निस्कँदा झन्डै एक सन्तान जन्मेको आनन्द अनुभव हुने तर कसैकसैको **जुही**प्रतिको ठाडो आक्रमणबाट शिथिल हुनु परेको दुखेसो पाइन्छ । हाल लेखककै सम्पादकत्वमा सञ्चालित **जुही** पत्रिकाको खर्च धान्न नसक्ने अवस्थामा रहेकोले नातागोतामा सम्पादकले सित्तैमा बाँड्न नसिकने धारणाका साथै **जुही**का लेखकले पारिश्रमिक पाउन् र **जुही** घरघरका टेबुलमा गमलाझैं सजियोस्, बिकोस् भन्ने चाहनाको कामना गर्दछन् । यिनै भाव तथा विचार नै निबन्धको विषयवस्तु रहेको छ । |
| (९) 'हारजित र दृष्टिकोण' | निबन्धसङग्रहको नवौं क्रममा 'हारजित र दृष्टिकोण' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्ध नौ अनुच्छेद र दुई पृष्ठमा संरचित छ । निबन्धले हारजितको खेलमा स्वाभाविक रूपले स्वयम् घुँडा टेकेर हारेकोमा पछुतो नभएको तर जालझेल गरी हराएकोमा हार नमान्ने निष्ठाको जित मान्ने आफ्नो दृष्टिकोण उठाएको पाइन्छ । विभिन्न समयमा विभिन्न व्यक्तिले हारे पनि समयको पर्खाइ र निरन्तर सङ्घर्षले जीतलाई हारको दृष्टिकोण पेस गर्दै ९७ सालमा ४ सहिदले, सुखानीमा ५ सहिदले हारेका; यस्ता हार्नेको सङ्ख्या कला, पत्रकार, राजनीति, साहित्य आदि क्षेत्र भएका यद्यपि सत्य र सही दृष्टिकोणले विश्वमा बराबर जितेको इतिहासले सिद्ध गरेको प्रमाण रहेको तर्क लेखकद्वारा प्रस्तुत गरिएको पाइन्छ । |
| (१०) 'आँगनमा नहिँड्ने कुरा' | निबन्धसङग्रहको दसौं निबन्ध 'आँगनमा नहिँड्ने कुरा' शीर्षकको रहेको छ । उक्त निबन्ध ६ अनुच्छेद र दुई पृष्ठमा आबद्ध भएको छ । निबन्धमा लेखकले यस कालखण्डमा जे गर्दिन भन्यो त्यही गर्नुपर्ने जुन कुरा मान्दिन भन्यो त्यही मान्नुपर्ने विषयवस्तु प्रस्तुत गरेका छन् । लेखकले आफूले बाम विचार नछाड्ने भनेको र नछाडेको, पिउदिन भनी नपिएको, |

| | |
|---|---|
| | पत्नी छोडदिन भनी जोइटिङ्ग्रे भनिँदा पनि नछोडेको, उमेर नपुगी मर्दिन भनेकोमा करफोकबाट १०२ फिट तल खस्दा पनि जिबितै रहेको, यसपाली काठमाडौँ जाँदा कोठैमा बस्छु, पढ्छु भनकोमा त्यसपटक कवि लेखकका घर लुखुरलुखुर धाउनु परेको, टेक्दिन भनेको आँगन टेक्नु परेको अनि साधनारत हुन्छु भनेको सफल हुन नसकेको पो हो कि ? भन्ने आशङ्का परेको कुरा यस निबन्धमा व्यक्त गरेका छन् । यसरी निबन्धले 'वाचाबन्धन गरेको कुरा तोड्न विवश हुनुपर्छ' भन्ने लेखकको विचारलाई प्रतिपादन गरेको पाइन्छ । |
| (११) 'मेरो अड्वाङ्गे निर्णय' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहको एघारौँ निबन्ध 'मेरो अड्वाङ्गे निर्णय' शीर्षकको रहेको छ । यो निबन्ध सत्र अनुच्छेद र तीन पृष्ठमा संरचित रहेको छ । निबन्धमार्फत लेखकको स्वाभिमान तथा स्वतन्त्र निर्णय अड्वाङ्गे भएको, नमागी लेख नदिने, नझुक्ने, चाकरी र चाप्लुसी नगर्ने आदि हठवादी निर्णयहरू नै प्रस्तुत भएका छन् । पञ्चायतमा प्रशासनले बामपन्थी भएकै आरोपमा अपायक सरुवा गरिएको हुँदा प्राध्यापक पदबाट राजीनामा दिएको तर स्वीकृत नभएको, २०३६ सालतिर त्रि. वि. वि. ले विचार र आस्थाकै कारण बोलाई कागज गराइछाडेको, आफू पार्टीबाट टाढै रहेको तर बामपन्थी विचारबाट अलग नभएकाले धेरै आफन्त मित्रसँग बेमेल भए पनि सामान्य परिश्रमी भएर साहित्यकार भई लेख्ने हठपूर्ण निर्णय जारी रहेको लेखकको विचार निबन्धमार्फत प्रस्तुत गरिएको छ । |
| (१२) 'प्राज्ञिक आनन्द' | निबन्धसङ्ग्रहमा बारौँ क्रममा 'प्राज्ञिक आनन्द' शीर्षकको निबन्ध रहेको छ भने उक्त निबन्ध एघार अनुच्छेदमा संरचित रहेको छ । निबन्धको विषयवस्तुका रूपमा लेखकको प्राज्ञिक आनन्द रुचिपूर्ण र प्रमुख भएको धारणा पेस भएको छ । मान्छेका बाल्यावस्थादेखि प्रौढावस्थासम्मका विभिन्न रुचि तथा आनन्दहरू व्यक्तिपिच्छे फरक हुने गर्छन् । आनन्द उमेर, योग्यता, शक्ति र समयअनुसार अनेक हुने गर्दछन् । जस्तै |

| | |
|---|---|
| | बाल्यकालको आनन्द खेलमा, त्यसपछि घोडा, साइकल चढ्दाको आनन्द, उमेरमा दाम्पत्य जीवनको आनन्द इत्यादि आनन्दहरू हुन्छन् । लेखकलाई पढ्दाको आनन्द नै उत्तम आनन्द लागेको, यस्तो आनन्द देवकोटा, सम, हृदयचन्द्रसिंहले प्राप्त गरी लठ्ठिएका थिए । यस्तै भावनात्मक आनन्दमध्येको प्राज्ञिक आनन्द सर्वोत्तम भएको विचारलाई निबन्धले अगाडि सारेको देखिन्छ । |
| (१३) 'निर्भीक भएर लेख्नुहोस् !' | 'निर्भीक भएर लेख्नुहोस !' शीर्षकको निबन्ध **आँखा र मनका पाइलाहरू** सङ्ग्रहको तेरौं निबन्ध हो । उक्त निबन्ध ६ अनुच्छेद र दुई पृष्ठको लघु आकारमा संरचित छ । निबन्धमार्फत बोल्दा, लेख्दा, जेसुकै काम गर्दा पराधीन मानसिकता नलिई निर्भीक भई बोल्ने, लेख्ने काम गर्नुपर्छ भन्ने मुख्य विषय लेखकले प्रस्तुत गरेका छन् । लेखक १०४ बर्से र ३० बर्से शासनले निर्भीकतालाई लुरे पारेको धारणा राख्छन् । प्रजातन्त्रपछि पनि जागिर, ठेकापट्टा आदिबाट धेरैले इतिहास तुरेको, साहित्यको प्रचारमा हिँड्दा कटुवचनको आक्रमणबाट निर्भीकतामा वज्रपात भएको चर्चा निबन्धमा पाइन्छ । लेखकलाई आफ्ना सिद्धान्तनिष्ठ गुरुको निर्भीक भएर लेख्नोस् भन्ने अर्ती राम्रो लागे पनि आफू निम्सरो, विचरो भएकाले साधारण मान्छेकै रूपमा चुपचाप झोला भिरी पुस्तक बेच्न अविच्छिन्न बढेको अनुभव बताउँछन् । |
| (१४) 'पुरस्कृत मेरो सानो गन्थन' | निबन्धसङ्ग्रहको चौधौं निबन्ध 'पुरस्कृत मेरो सानो गन्थन' शीर्षकको रहेको छ । उक्त निबन्ध छोटाछोटा तेर अनुच्छेद र तीन पृष्ठमा आबद्ध भएको पाइन्छ । निबन्धमा लेखकले २०५३ सालको राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त गरेपछि मनमा उठेका शङ्का र पुरस्कार लिने लालचा भए पनि कृतज्ञ हुन नसकेको भावना प्रस्तुत गरेका छन् । पूर्व जानकारीबिना पुरस्कार दिनु, नसोधी बेहुलो बनाइनु सरह हुने, ऋषि तपोभङ्ग गर्ने इन्द्रको शैलीसँग मिल्ने धारणा लेखकको छ । चारैतिर हल्ला र बधाइका कुरा पहिले अनि पुरस्कार दिने प्रवृत्ति देख्दा लेखकलाई पुरस्कार नथापुझैं |

| | |
|---|---|
| | लागे तापनि एक गृहस्थी शिक्षकले पाए जति थाप्नै पर्ने तर्क रहेको छ । एउटा प्राज्ञिक स्तरको मान्छे जसले ४० वर्ष कलम घोटेको, लेखरचना सिर्जेकोलाई हलुका दसरा पुरस्कार शोभनीय नभएकाले लेखकले कृतज्ञता व्यक्त गर्न नसकेको विचार प्रस्तुत भएको पाइन्छ । |
| (१५) 'मेरा हस्स परेका बाचाहरू' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहमा सङ्गृहीत पन्ध्रौँ निबन्ध 'मेरा हस्स परेका बाचाहरू' शीर्षकको रहेको छ । यो निबन्ध तेर अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । निबन्धमा लेखकका असल कार्य गर्ने अठोट रहेकोमा असमर्थ हुँदा हस्स पर्नुपरेको मुख्य विषय प्रस्तुत भएको छ । २००७, ०१७, ०३६, ०४६ सालको दृश्य आँखामा सँगालेका लेखक बुढौलीतर्फ अघि बढिरहेको भए तापनि पहिले पनि बाचा गर्ने अद्यावधिक बाचा गर्न नछाडेको कुरा प्रस्ट पारिएको छ । यस्तै बाचामध्ये नभागी लेखक नपठाउने, चाकरी नगर्ने, गोष्ठी विरोधी, पदलोलुप नहुने आदि कार्य गरेकोमा धेरथोर मात्रामा ती बाचाहरूले आघात पुऱ्याएर हस्स पर्नुपरे तापनि प्रगतिवादी क्षेत्रमा लेख्न लगाउने बाचा गरेको र त्यसको परिणाम हेर्न बाँकी रहेको छ भनिएको छ । |
| (१६) 'आफ्नै कविता, आफ्नै जीवन : आफ्नै विवेचना' | निबन्धसङ्ग्रह **आँखा र मनका पाइलाहरू**मा सङ्कलित सोरौँ निबन्ध 'आफ्नै कविता, आफ्नै जीवन : आफ्नै विवेचना' शीर्षकको रहेको छ । उक्त निबन्ध आठ अनुच्छेद र दुई पृष्ठमा तयार पारिएको देखिन्छ । निबन्धमा पत्रकार व्यक्तित्वसमेत रहेका लेखकको **जुही** पत्रिकामा प्रकाशित कविता (जुन आफ्नो जीवनसँग सम्बन्धित हो) का माध्यमबाट आफूलाई चिनाएको र तिनै कविताको विवेचनासमेत भएको विषय निबन्धले प्रस्तुत गरेको पाइन्छ । **जुही** पत्रिका पुरस्कृत भएको, पत्रकारले माला लगाएको, **जुही**को पोको बोकेर नामी, बिजोग र फजिति पाएको, आफ्नो जीवनलाई नै कविताले व्यक्त गरेको कुरा प्रस्तुत गरिएको पाइन्छ । निबन्धमा कवितासमेत संलग्न गरी स्रष्टा तथा द्रष्टा व्यक्तित्व र पत्रकार व्यक्तित्वको चर्चा गरिएको छ । सृजना समसामयिक जीवनको |

| | |
|---|---|
| | सूक्ष्माणुले बन्ने सूक्ष्मानुभूति सिर्जन नै भावक बन्न नसक्ने तर कवितामा परेको तथ्य र यथार्थ कविता मानसिकतामा रल्लिएको हुन सक्ने ठहर लेखकको रहेको छ । |
| (१७) 'मुसाको रासलीला' | 'मुसाको रासलीला' शीर्षकको निबन्ध **आँखा र मनका पाइलाहरू** सङ्ग्रहको सत्रौं निबन्ध हो । उक्त निबन्ध आठवटा अनुच्छेद र तीन पृष्ठमा संरचित रहेको छ । निबन्धको मुख्य विषय लेखक अध्ययन गर्ने जनतन्त्र कोठामा मुसाले रासलीला रचेर विध्वंश गरेको कुराद्वारा पजेरोमो चढेर रासलीला गर्नेतर्फ गतिलो व्यङ्ग्यको प्रहार गरेको देखिन्छ । लेखकको स्वतन्त्र लेखपढ गर्ने, साहित्यप्रेमी वरिष्ठदेखिका कनिष्ठसम्म गफिने, साधुसन्तरूपी शोधार्थीलाई शोध गर्न बस्न दिने र नेपाली साहित्यको इतिहास बनेको, पत्रपत्रिकाको सम्पादन-वितरण गरिने जनतन्त्रको कोठामा साङ्ला, झिँगा र लामखुट्टेलाई प्रवेश गरिएको भए तापनि थाहै नपाई खुसुक्कै मुसाले मुसिनीलाई भित्र्याई पुस्तक पत्रिका मठुरी लिँडैंलिँड पारेर विध्वंश मच्चाएको देख्दा लेखक रुन मात्र नसकेको घटना स्मरण गरिएको छ । यसरी नै हाम्रा सचेत भनाउँदा नेताहरू सत्ता र भत्ता भेटपछि आफ्नी मुसिनीसँग पजेरोमा गुड्दै रासलीला गर्न थालेकोमा चोरेर, ढाँटेर वा छलेर अर्काको भण्डार निजश्व पार्ने मुसाको सिद्धान्त भएको ठहर लेखकको रहेको छ । निष्कर्षमा मुसाको रासलीलाको सोध 'लुटम् कृत्वा घृतम् पिवेत्' रहेको लेखकको धरणा रहेको छ । |
| (१८) 'मेरो खेल रुचि' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहको अठारौं निबन्ध 'मेरो खेल रुचि' शीर्षकको रहेको छ । उक्त निबन्ध लामाछोटा एघार अनुच्छेद र चार पृष्ठको आयतनमा रचिएको छ । निबन्धको प्रमुख विषयवस्तु लेखक बाल्यकालमा रुख चढ्ने खेल खेल्नेदेखि लिएर विभिन्न खेलहरूको वर्णन गर्दै यतिबेलाको उमेरमा क्रिकेटप्रेमी बनेको र भारतीय खेलाडीहरूमा क्रिकेट खेलाडीहरू नै विश्वप्रसिद्ध बनेको यथार्थ उल्लेख गरिएको छ । वि. सं. २०१२ देखि कविता, कथा, निबन्ध, भाषा र समालोचनादेखि |

| | |
|---|---|
| | विभिन्न पत्रिकाको सम्पादन-प्रकाशनमा समय खर्चेका लेखकको बाल्यकाल रुख चढ्ने, पाङ्ग्रा, खोपी, डन्डीबियो, फिरिरी सौइसोला आदि खेलमा बितेको देखिन्छ । अलिपछि बागचाल, तास खेले पनि त्यसलाई तामातुलसी गरेर त्यागेको कुरा निबन्धमा उल्लेख गरिएको छ । प्राध्यापनकै क्रममा भलिवल, व्याडमिन्टन, क्यारेमबोर्ड, चेसजस्ता खेल खेलेको र आजसम्म लेखकमा खेलप्रति प्रेम रहेको र त्यो क्रिकेट भएको कुरा निबन्धमार्फत जनाइएको छ । लेखक आफू बरालिने प्रवृत्तिको विरोधी भएर जीवनलाई जीवित राख्न खेल र सङ्गीतको महत्त्वपूर्ण योगदान हुने तर्कसमेत उक्त निबन्धमा प्रस्तुत गरिएको छ । |
| (१९) 'काङ्ग्रेसको पुच्छर' | 'काङ्ग्रेसको पुच्छर' शीर्षकको निबन्ध **आँखा र मनका पाइलाहरू** सङ्ग्रहको उन्नाइसौँ निबन्ध हो । यो निबन्ध छोटाछोटा एघार अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको छ । निबन्धमा लेखकको १०४ बर्से राणा शाहीको उद्योग खोल्यौँ र प्रजातन्त्र ल्यायौँ भन्ने भनाइजस्तै काङ्ग्रेसको पनि सोही अभिव्यक्ति सुन्दा र काङ्ग्रेस समर्थक पनि सोहीअनुरूप पाउँदा काङ्ग्रेसको पुच्छर भएको आरोप लगाइएको छ । हर क्षेत्रमा काङ्ग्रेसीकरण भएको भन्दै लेखक **गोरखापत्र**, साझा प्रकाशन, प्रज्ञाप्रतिष्ठान आदि क्षेत्रहरू काङ्ग्रेसी पुच्छरकै कारणले र राजाका कारण सखाप भएको आरोप लगाउन पुगेका छन् । त्यसै गरी **मधुपर्क**का ताँती रचनामा पुच्छरले पुच्छर झुन्ड्याएको, पाठ्यक्रममा तलदेखि माथिसम्म पुच्छर कोचरेको, लीला-लेखन, टापटिपे आयामेली लेखनले पत्रिकाको पाना भरेको र प्रगतिशील विचारलाई पाखा लगाइएको छ भन्दै यी सब हुनुमा मन्त्री, सचिवज्यूहरूको पुच्छरमा रहेर हो भन्ने खरो विचार निबन्धमार्फत लेखकले पोखेका छन् । |
| (२०) 'तेन्दुलकरले सतक ठोक' | निबन्धसङ्ग्रह **आँखा र मनका पाइलाहरू**भित्रको 'तेन्दुलकरले सतक ठोके' शीर्षकको निबन्ध एघार अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको छ । मुख्य विषयका रूपमा भारतीय खेलाडी सचिन तेन्दुलकरको क्रिकेट खेलमा |

| | |
|---|---|
| | चमत्कारको प्रसङ्गसँगै जीवनको पनि आरोह-अवरोह खेलजगत्‌झैँ हुने दोहोरो रूप चलिरहेको विचार निबन्धले प्रस्तुत गरेको छ । तेन्दुलकर जसले गवास्करपछि धुँवाधार मुङ्ग्रो चलाएर कप्तान भएर विश्व थर्काए, डाक्टरसँग बिहे गरे, फेरि खेलमा कमजोरी । त्यस्तै गरी जीवनमा पनि आशा-निराशा, सफलता–असफलता, उत्थान–पतनको क्रम चलिरहने विचार लेखकद्वारा दिइएको छ । नेपालमा पनि धेरै तेन्दुलकर रहेका लेखक तेन्दुलकर, नेता तेन्दुलकर । क्रिकेटखेल जस्तै रोग अन्य क्षेत्रमा पनि हुने जस्तै केही राजनीतिदल अहिले फरममा नरहेको चर्चा गर्दै भारतमा कति कथाकार, उपन्यासकार भए तर प्रेमचन्द नै सर्वश्रेष्ठ, नेपालमा देवकोटालाई कसैले जितेन । भारतमा कुनै बेला कस्ताकस्ता सांसद् थिए तर अहिले निरस सांसद छन् । नेपालमा पनि भारतकै भाइ सांसद् भएको आदि लेखकका सम्झनाहरू नै समग्र निबन्धको विषयवस्तु मान्न सकिन्छ । |
| (२१) 'गोष्ठी विचरणको एउटा कथा' | निबन्धसङ्ग्रहको एकाईसौं क्रममा 'गोष्ठी विचरणको एउटा कथा' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्ध लामाछोटा एघार अनुच्छेदहरू र ४ पृष्ठमा संरचित रहेको छ । निबन्धको मुख्य विषयवस्तु लेखक विभिन्न गोष्ठीमा जाँदाको वृत्तान्तको संस्मरण रहेको देखिन्छ । लेखकको बनारसमा जनसांस्कृतिक सभा गठनदेखि भाग लिने क्रम सुरु भई विराटनगर र झापा पसेको, तिनमा प्रमुख अतिथि, अतिथि र सहभागी भई गोष्ठीमा भेटिएका साहित्यिक मित्रसेनको भलाकुसारी, खानपिन, अनुभव आदान–प्रदान र हिँडडुलमा बितेको अब तीन वर्ष धान्नसके गोष्ठी स्वर्ण वर्ष पुग्ने हुँदा पुऱ्याउने अठोट पाइन्छ । २००९ सालमा देवपतनमा महापण्डित राहुल र महाकवि देवकोटाले भाग लिएको कविगोष्ठीको विशेषता अनुभव गरी लेखकको गोष्ठीतर्फ रुचि बढेको, २०११ सालमा सुन्दरीजल जाँदा प्र. मं. मातृकाप्रसाद वरिपरि कवि गोष्ठीमा देवकोटाले 'दाल, भात र डुकु' कविता हाउभाउका साथ पाठ गरेको देख्दा गोष्ठी धाउनेक्रम अघि बढेको धारणा निबन्धमा प्रस्तुत भएको देखिन्छ । |

| | |
|---|---|
| (२२) 'नकारात्मक आलोचना सकारात्मक गतिविधि' | निबन्धसङ्ग्रहको बाईसौँ क्रममा 'नकारात्मक आलोचना सकारात्मक गतिविधि' शीर्षकको निबन्ध रहेको छ भने उक्त निबन्ध एघार अनुच्छेद र तीन पृष्ठमा संरचित रहेको छ । निबन्धमा राजनीतिमा जस्तो साहित्यमा आलोचना सहने प्रवृत्ति नभए पनि लेखकले भने बनारसदेखि हाल भद्रपुर आएसम्म आलोचना सहँदै आएको र आलोचना गर्नेप्रति मित्रवत् व्यवहार गर्दै साधनारत रहेको आफ्नो स्वभाव प्रस्तुत भएको छ । लेखकले सबैभन्दा पहिले २०२२ सालमा चैनपुरमा पूर्वीय युवक भेलामा हिन्दी गीति कार्यक्रम चलाउँदा आलोचना सहनु परेको, त्यस्तै **पहिलो यात्रा** कथासङ्ग्रहका लागि समालोचक ताना शर्माको, झापामा प्रस्तावित वर्णविन्यासको आलोचना एक दुईदर्जन जतिले गरेको यद्यपि सकारात्मक चर्चा पनि भएको करा उल्लेख भएको छ । लेखकको विचारमा प्रत्यक्ष र स्पष्ट आलोचना गर्ने मित्र हुन् भने घुसघुस गरी विस्तार रुख सुकाउन हिङ हाल्नेहरूचाहिँ बैरी हुन् । पछिल्ला प्रवृत्ति विषालु सर्पका झैँ प्रवृत्ति भएको धारणा लेखक व्यक्त गर्दछन् । |
| (२३) 'गोष्ठी, वर्षा र अमर' | निबन्धसङ्ग्रहको तेईसौँ निबन्ध 'गोष्ठी, वर्षा र अभर' शीर्षकको रहेको छ । उक्त निबन्ध लामाछोटा सत्र अनुच्छेद र पाँच पृष्ठमा संरचित रहेको छ । निबन्धको मुख्य विषय लेखक २०५६ सालको मोती जयन्ती कार्यक्रममा भाग लिन शान्तिनगर जाँदा, कार्यक्रम गर्दा र आउँदाका घटना, दृश्य र अनुभवलाई स्मरण गर्नु रहेको देखिन्छ । २०५६ साल भदौ २४ गतेका दिन मोती जयन्ती कार्यक्रम भव्यताका साथ गर्ने निर्णय भई लेखकले साथीभाइलाई सम्पर्क गरेको र चन्द्र भण्डारी, तारा विविध, छविलाल खतिवडा, कोमल पोखरेल, कमल जङ्गली आदि गरिएका व्यक्तिहरू शान्तिनगर आदर्श मा. वि. मा भेला भएको कुरा निबन्धमा उल्लेख गरिएको छ । कार्यक्रम लेखककै प्रमुख आतिथ्यमा र प्रं. अ. शिवशर्माको सभापतित्वमा **आँखा** पत्रिकाको विमोचन, कविताबाचन गरी सम्पन्न हुने बेलामा वर्षा भई झन्डै अभर परेको घटना स्मरण गरेको |

| | |
|---|---|
| | पाइन्छ । निबन्धमा शान्तिनगरको पुरानो नाम 'इरौँटार' प्रकृतिका दृष्टिले भरिपूर्ण, पानीको भुलुलु आवाज गर्ने, अम्लिसो, बाँस, अदुवा, तोरी, मकै, धान लहलह हुने; ज्यादै रमणीय स्थल; पहाडी रानीले पुकारिएको पाइन्छ । यस जननीले तारा विविध, चन्द्र भण्डारी, चूडामणि वशिष्ठलाई जन्माएकी, राजदूत, अधिवक्ता, प्राध्यापक, न्यायाधीश, पत्रकार जन्माएकी भनी स्मरण गरिएको पाइन्छ । यसरी लेखकले शान्तिनगरको दृश्य, उपलब्धि, मोती जयन्ती कार्यक्रमको वर्णन गर्दै कार्यक्रमको अन्त्यमा वर्षाको कारणले तकलिफ भई ओरालोबाट लड्दैपड्दै आफ्नो दुलोमा पुगे पनि यहाँको दृश्यले पहाडी रानीको स्मरण भइरहेको अनुभव निबन्धमा प्रस्तुत भएको छ । |
| (२४) 'इटहरीमा अच्छा राई जयन्ती' | निबन्धसङ्ग्रहको चौबीसौँ निबन्ध 'इटहरीमा अच्छा राई जयन्ती' शीर्षकको रहेको छ । उक्त निबन्ध लामाछोटा एघार अनुच्छेद र तीन पृष्ठको संरचनामा संरचित रहेको छ । निबन्धको मुख्य विषय २०५७ साल कार्तिक २६ गते इटहरी नगरपालिकामा अच्छा राईको ७३ औँ जयन्तीमा भाग लिन जाँदाको अनुभव तथा घटनाको वर्णन रहेको छ । साहित्य गोष्ठीमा जाँगर चलाउने लेखक बिर्तामोडबाट इलाम-धरानको बसमा चढी १० बजे नै इटहरी पुगी छापाखाना गएर केही कविता पढी ११ बजे इटहरी नगरपालिका पुगेर अच्छा राई प्रतिष्ठानका अध्यक्ष जी. वी. लगुनद्वारा आतिथ्य ग्रहण गरेको उल्लेख छ । निबन्धअनुसार दिनको १२ : १५ मा पुरानै शैलीबाट सभापति जी. बी. लगनको र डा. नरेन्द्र चापागाईंको प्रमुख आतिथ्यमा सुरु भई लेखक प्रा. भानुभक्त पोखरले, अनिरुद्ध तिम्सिना, पीताम्बर भोला, न. पा. प्रमुख सर्वध्वज सावाँबाट अतिथिको आसन ग्रहण भएको, भरतराज शर्मा र भूषण हुमगाइँले अच्छा राईको योगदानको चर्चा, कवि भूषण, रामकृष्ण शर्मा र रामलाल अधिकारीबाट कविता वाचनका साथै अन्य थुप्रै व्यक्तव्यसहित अच्छा राईको व्यक्तित्वको चर्चा भएको विवरण उल्लेख गरिएको । लेखकको |

| | |
|---|---|
| | विचारमा गोष्ठी आदि साहित्यिक कार्यक्रम ढिलो सुरु हुनु, लामो हुनु भनेको खेती-पाती, व्यापार, व्यवसाय नबित्नेको कार्यक्रम जस्तो हुने गर्दछ । यिनै विचार, घटनाहरू नै निबन्धको प्रमुख विषयवस्तु रहेको छ । |
| (२५) 'एउटा रचना भेट्दा' | 'हराएका रचना भेट्दा' शीर्षकको निबन्ध **आँखा र मनका पाइलाहरू** सङ्ग्रहको पच्चीसौँ क्रममा रहेको छ भने उक्त निबन्ध लामाछोटा बार अनुच्छेदमा संरचित रहेको छ । निबन्धको मुख्य विषय लेखकका विभिन्न कथा, समालोचनात्मक लेख जुन आफ्नो सन्तान जत्तिकै प्रियवस्तुलाई भेट्दा खुशी लागेको भाव झल्किएको पाइन्छ । लेखकका केही छापिएका र नछापिएका रचनाहरू हराकोमा **नेपाली कथा साहित्य** माधव भण्डारीसँगको सहलेखनको कथासङ्ग्रहमा सङ्कलित ३/३ कथा 'साहित्य सेवक', 'नयाँ धामी' र 'सारी' भेट्दा हराएका सन्तान आफ्ना काखमा भएजस्तो अनन्दानुभूति भएको, पारिजातको समालोचनात्मक लेखको पत्रिका रमेश भट्टराईद्वारा भेट्दा बम्पर चिठ्ठा परेको अनुभूति भएको र अन्य रचनाहरू पनि पाइने आशामा लेखकमा रहेको विश्वास निबन्धमा व्यक्त गरिएको छ । अब कम्प्युटर घरछेउमै भएकाले हराउने समस्यारूपी भड्खालोमा नपरिएला भन्ने लेखकको धारणासमेत निबन्धले व्यक्त गरेको छ । |
| (२६) 'मेरो पनि धोको अधुरै रह्यो' | निबन्धसङ्ग्रहको छब्बीसौँ निबन्ध 'मेरो पनि धोको अधुरै रह्यो' शीर्षकको रहेको छ भने उक्त निबन्ध पत्रात्मक ढाँचामा आदि, मध्य र अन्त्यको क्रममा ६ पृष्ठको लामो आयतनमा संरचित छ । निबन्धको मुख्य विषय **चितवन पोष्ट** (दैनिक) (वर्ष ७, अङ्क १७०, २०६१) कार्तिक १५ गते आइतवारका दिन लेखक इन्द्र रेग्मीले लेखेको 'धोको अधुरै रह्यो' लेख पढेपछि निबन्ध लेखकलाई पनि चितवनका साथीहरूसँग बसेर विचार साटासाट गर्ने विचार, बाटोबन्द र समय अभावका कारण मिलाउन नसकेकोमा धोको रहेको गुनासोका साथै खनाल दम्पती (हरिहर खनाल र श्रीमती) अभिनन्दन कार्यक्रमलाई महत्त्व दिई आफ्नो पत्रलाई स्थान |

| | |
|---|---|
| | दिएको कृतज्ञताज्ञापन गरिएको पाइन्छ । निबन्धले हरिहर खनाल अभिनन्दनयोग्य महापुरुष हुन् । अभिनन्दित प्रतिभा खनाललाई चूडामणि रेग्मीले किन महत्त्वपूर्ण व्यक्तित्व बनाएका ? भन्नेहरूलाई उचित जवाफ दिएको कुरा उल्लेख गरिएको पाइन्छ । निबन्धमा काठमाडौँ बाहिरका प्रतिभाभन्दा यिनी कम नभएका दाबीका साथै निबन्धमा खनाल दम्पतीको अभिनन्दनको चर्चा चितवनका पत्रपत्रिका, एफ्. एम्.ले गरेकोमा कृतज्ञतासमेत दिएको कुरा उल्लेख गरिएको छ । |
| (२७) 'अचेल रमित हेर्न थालेको छु' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहको सत्ताइसौँ निबन्ध 'अचेल रमिता हेर्न थालेको छु' शीर्षकको रहेको छ । उक्त निबन्ध आठ अनुच्छेद तथा दुई पृष्ठमा संरचित रहेको छ । निबन्धले सेवानिवृत्त लेखक बल्लबल्ल फुर्सद भएकाले रमिता हेर्ने अवसर प्राप्त भई छोरा, नातिनातिनीको गतिविधिको र वरपरको रमित हेरेर मख्ख परेको, रमित हेर्न पाउनुपर्ने विचार प्रस्तुत गरेको छ । सानैमा बिहे भएकाले आफ्नो बिहेको रमित हेर्ने मौका नमिलेको भनी लेखक बताउँछन् । निबन्धअनुसार लेखक अचेल रेडियोलाई एफ्. एम्.ले पछार्ने महलमानी गरेको रमित, छोराहरूको भ्याटको चकमरको रमित, नातीहरू बोर्डिङ दौडिएको रमित, कहिले गीतवादीको रमित, कहिले गीतावादीको रमित हेरेको चर्चा पाइन्छ । लेखक अनिद्राका रोगी, पेन्सनपछि लठ्ठ भई साहित्यिक गोष्ठीमा दर्शक श्रोता भई रमित भई हेर्न पाउँदा परमानन्द प्राप्त भएको विचार निबन्धमार्फत व्यक्त गर्न पुग्दछन् । आनन्दमय जीवन बनाउन रमित हुन् र हेर्न पाउनुपर्दछ भन्ने धारणा नै निबन्धको विषयको रूपमा लिन सकिन्छ । |
| (२८) 'म, मेरी दिदी र कमल दीक्षित' | निबन्धसङ्ग्रहको अठ्ठाइसौँ निबन्ध 'म, मेरी दिदी र कमल दीक्षित' शीर्षकको रहेको छ । उक्त निबन्ध छोटाछोटा पन्ध्र अनुच्छेद तथा तीन पृष्ठमा संरचित भएको पाइन्छ । निबन्धमा लेखकको झर्रो नेपाली घरमा कमल दीक्षित आउँदा शार्दूलविक्रीडित छन्दमा रचेको 'मेरी दिदी' कविता |

| | |
|---|---|
| | कोकिलकण्ठधारी अञ्जना न्यौपानेले वाचन गरी सुनाउँदा छन्दोबद्ध कविता मन पराउने कवि कमल दीक्षितको छाती रसाएको र लेखक भावविभोर भएको कुराको स्मरण नै निबन्धको मुख्य विषय मान्न सकिन्छ । 'मेरी दिदी' कविताका लेखक खाँदबारी जाँदा प्र. जि. अ. कहाँ नबसी दिदीका घरमा बसेका अनि दीक्षित सामान्य होटलमा बसेका, दिदीलाई रुवाएर लेखक विराटनगर फिरेका थिए; छाती चिरिएथ्यो । आज लेखकलाई दिदीकै परिवेश भएको अनुभूत निबन्धमा झल्किएको पाइन्छ । त्यसैगरी दीक्षित कृष्णका रूपमा गोकुलमा आई वृद्धवनितासँग रमाएको सरह हर्षानुभूति रेग्मीलाई भएको विषय नै निबन्धमा प्रस्तुत भएको छ |
| (२९) 'बितेको समयलाई मिठो सलाम छ चूडामणिको' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहको उन्नीसौँ निबन्ध 'बितेको समयलाई मिठो सलाम छ चूडामणिको' शीर्षकको रहेको छ । उक्त निबन्ध चौध अनच्छेद तथा चार पृष्ठमा संरचित पाइन्छ । लेखकले सेवानिवृत्त भएपछिका तीन वर्ष (२०५५ मङ्सिरदेखि २०५८ वर्ष सम्मको) अवधिमा गरेका कार्यको समीक्षा र विगत जागिरे जीवनको संस्मरण नै निबन्धको मुख्य विषयका रूपमा पाइन्छ । जागिरे जीवनको व्यस्त समयमा थाँती रहेका लेखन, प्रकाशनका कार्य गर्नु, गोष्ठी समारोहमा भागलिनु, पेन्सने जीवनको दिनचर्या बनेको कुरा लेखक व्यक्त गर्न पुग्छन् । पेन्सने जीवनको सुरुमा सञ्चयकोष आदिले ऋणी नभए पनि पछिल्ला दिनहरूमा आफ्नो घरव्यवहारको सामान्य खाँचो टार्न नसकेको; प्रेयसी पत्नीसँग बढी समय समय बिताएको र मुक्तिको आभाष भएकाले आनन्दित भएको विचार निबन्धमार्फत लेखक पस्किन पुगेको देखिन्छ । |
| (३०) 'गाईघाट जाँदाको सम्झना' | निबन्धसङ्ग्रहको तीसौँ निबन्ध 'गाईघाट जाँदाको सम्झना' शीर्षकको रहेको छ भने उक्त निबन्ध उन्नाइस अनुच्छेद र पाँच पृष्ठमा संरचित भएको छ । लेखक आफ्नो गृह चन्द्रगढीदेखि गाईघाटसम्म जाँदाका दुई दिनका घटना र अनुभवहरू नै निबन्धको मुख्य विषय रहेको पाइन्छ । लेखक २०४७ पुष २१ गते शनिबार ७ : ३० बजेतिर **जुही**को झोला |

| | |
|---|---|
| | बोकी लेखनाथ चोकबाट बिर्तामोड हुँदै थोत्रे बसमा सिटबिना असुविधापूर्वक बसभित्रका मान्छेका इराकका गफ, अमेरिकाका शक्तिका कुराका साथै नरनारीका फ्रायडवादी क्रियाकलापका दृश्य हेर्दै ३ बजे लाहान पुगेका, लाहानबाट ट्रकमा चढी खुँइकिएर बल्ल ५ बजेको वीरगन्ज बसबाट गाईघाट पुगेको घटना प्रस्तुत गरिएको छ । रेग्मी गाईघाटमा बेहाल भएको, चित्रबहादुर श्रेष्ठकोमा पुगेपछि बिस्कुट खाएर रात बिताएको अनि बोक्सेको उकालो चढेको घटनावृत्तान्त लेखकले प्रस्तुत गरेका छन् । बाटामा पर्ने चुरे पहाड, खोलानाला, जङ्गल सिमेन्ट कारखाना आदिको दृश्यको रोचक वर्णनसमेत निबन्धमा प्रस्तुत गरिएको छ । |
| (३१) 'धनकुटामा नयाँ भएर' | 'धनकुटामा नयाँ भएर' शीर्षकको निबन्ध **आँखा र मनका पाइलाहरू** सङ्ग्रहको एकतीसौँ निबन्ध हो । निबन्धको मुख्य विषय लेखक लगभग २५ वर्षपछि पहिले आफूले पढेको ठाउँ धनकुटामा जाँदा पहिले र अहिलेको तुलनात्मक फरकको स्मरण, बाटामा पर्ने भेडेटार, लेउतीको तेर्सो, धनुकटा माझको सल्लाघारी, लहरै घर, नेवारप्रधान समाज, बिहिबारे हटिया आदिको वर्णनदेखि धनकुटाको शैक्षिक, साहित्यिक तथा पत्रिका आदि पक्षको वर्णन रहेको देखिन्छ । लेखक सानो छँदा गाउँबाट धनकुटा पढ्न आउँदा देखेका कलधारा, राणाका दरबार, बुटको आवाजसँग मान्छेको हिँडाइले बेग्लै आनन्द दिने तर पहाडे भएर पनि जाडोसँग डराउने गरेको स्मरण प्रस्तुत भएको छ । धनकुटाका साहित्यकार शिवकुमार श्रेष्ठ, उपेन्द्र पागल, गोविन्दराज भट्टराई, गङ्गाधर कट्टेल, अशेष मल्ल आदि साहित्यिक प्रतिभाको जिल्ला र **च्याब्रुङ, विश्रान्ती, निर्माण, चिन्तनधारा** आदि पत्रिका यहाँबाट प्रकाशित हुने गरेको र पहिलेभन्दा धनुकुटा धेरै परिवर्तित पाएको अनुभवसमेत निबन्धमा लेखक व्यक्त गर्दछन् । |

| | |
|---|---|
| (३२) 'एउटा कथा भयो, एउटा कथा पनि' | निबन्धसङ्ग्रहको बतीसौँ निबन्ध 'एउटा कथा भयो, एउटा कथा पनि' शीर्षकको रहेको छ । उक्त निबन्ध एघार अनुच्छेद र चार पृष्ठमा संरचित भएको छ । निबन्धको मुख्य विषय एउटा सत्य तथा यथार्थ कृतिकारको पनि विरोध भएको तर लेखकजस्ता सही मूल्याङ्कनकर्ता ती विरोधीपक्षका भिनामसिना आलोचनाबाट कति पनि विचलित नभए हरिहर खनालजस्ता ओजनपूर्ण साहित्यकारको कथाको उच्च मूल्याङ्कन आफैमा एउटा कथा भएको संस्मरण देखिन्छ । निबन्धमा सप्तगण्डकी क्याम्पस भरतपुरका प्राध्यापक हरिहर खनालको 'धेरै जययराजहरू र एउटा प्राध्यापकको डायरी' शीर्षक कथा तितो र यथार्थ भएकाले र कथाकार खनाल शिष्ट, सज्जन, ओजनपूर्ण व्यक्तित्वसमेत भएकाले २०६१ भदौ १२ मा अभिनन्दन समारोहबीच अभिनन्दन गर्ने क्रममा लेखकलगायत सहभागीहरूलाई हामीलाई जयराज बनाउने खनाललाई तपाईंहरू अभिनन्दन गर्ने ? भनी ग्याखऱ्याखती मात्र पारेका होइन, झन्डै कार्यक्रम बिथोलेको स्मरण गर्दै हरेक संस्था र राजनीतिमा जयराज प्रवृत्ति हावी भएको विचार व्यक्तिएको पाइन्छ । लेखक र खनालबीच प्रकाशन र चिठी आदान-प्रदान हुने क्रममा खनालबाट **देशभित्र देख खोज्दै** कथासङ्ग्रह र **युगका पदचापहरू** निबन्धसङ्ग्रह र लेखकले परिजातमा 'मेरो एउटा कथा'को प्रतिलिपि दिएको चर्चा निबन्धले गरेको पाइन्छ । लेखकले आफ्नो पत्रिकामा पुरुषनाथ शर्मा, ध. च. गोतामे, भक्तबहादुर नेपाली आदिको विषय रोजिसेकेको, धुमन्ते हुँदाका परिचित हरिहर खनाल अभिनन्दन अङ्कका रूपमा **यथार्थ कुरा** को ४४ औं अङ्क प्रकाशित गर्न युद्धस्तरमा कार्य प्रारम्भ गरेको र यस क्रममा खनाललाई अन्तर्वार्ताको लागि प्रश्न पठाएको, कमल दीक्षित, श्यामप्रसाद, आनन्ददेव भट्ट, माधवप्रसाद पोखरेल आदिदेखि लिएर आवश्यक पर्ने लेखकसँग फोन र चिठीद्वारा सम्पर्क गरेको आदि बेलीविस्तार पनि निबन्धमा उल्लेख गरिएको छ । |

| | |
|---|---|
| (३३) 'पत्रकारिता गर्दाका अनुभव' | **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहमा सङ्गृहीत 'पत्रकारिता गर्दाका अनुभव' शीर्षकको निबन्ध अन्तिम क्रममा रहेको छ । यो निबन्ध १२ अनुच्छेद र पाँच पृष्ठमा आबद्ध रहेको छ । निबन्धको मुख्य विषयवस्तु लेखकले पत्रकारिता गर्दा देखेभोगेका र अनुभव गरेका सत्यतथ्य तथा यथार्थ कुराको चर्चालाई लिइएको छ । लेखकको विचारमा आज पत्रकारिता शक्ति, धन र सत्ताको पक्षपाती भएको, असाहित्यिक माथि उठेको, साहित्यिक प्रतिभा पछि परेको, राजधानीका लेखक तथा पत्रकारको महत्त्व बढेको, मोफसलको महत्त्व फिका भएको कुरा निबन्धमा उल्लेख छ । लेखक स्वयम् ठाकछोप भएका कारण चाकरी-चाप्लुसी नजान्ने, सत्तापक्षको विमुख भएको सत्य र तितो अनुभव व्यक्तिएको पाइन्छ । शक्तिशाली धनवान् प्रचारतन्त्रीका हातमा आज अखबार रहेकाले तथाकथित आधुनिक साहित्यको प्रचार महत्त्व रहेको अनुभव लेखकले निबन्धमार्फत बाँड्न पुगेका छन् । यसरी अखबार सत्य, तथ्यपूर्ण नभई पीत पत्रकारिता हाबी भएको असल प्रगतिशील विचार र प्रगतिशील अखबारले चुन्न नपाएको ठहर लेखकको रहेको छ । यस्तै आफ्ना अनुभव निबन्धमार्फत लेखकले वितरण गर्न पुगेका छन् । |

### ५.५.३ भाषाशैली

**आँखा र मनका पाइलाहरू**मा सङ्कलित ३३ वटा निबन्धहरू आत्मपरक शैलीमा सरल, मिश्र र संयुक्त तिनै प्रकारका वाक्यहरूको संयोजनबाट तयार पारिएका भए तापनि 'मेरो पनि धोको अधुरौ रह्यो' निबन्ध भने पत्रात्मक शैलीको पाइन्छ ।

निबन्धहरूमा '**जुही** घरघरका टेबुलमा गमलाझैँ सजियोस्', 'आफ्नै कविता, आफ्नै जीवन ! आफ्नै विवेचना' र 'गोष्ठी वर्षा र अभर'मा कविताका अंशहरू पनि संलग्न छन् ।

निबन्धहरूमा प्रशस्त ठेट झर्राशब्दहरूका अतिरिक्त तत्सम शब्दहरू : अभिप्रायः, उपदेश, उच्छृङ्खल, परन्तु, सच्चरित्र, विद्यार्थी (पृ. १-३), एकान्त, आकाश, नवीनतम, दृश्य, पदोन्नति (पृ. १६-१७), अनुभूति, विपक्ष, विवेचना, शाश्वत (पृ. ४५-४६), अतिथि, गोष्ठी,

मूल्याङ्कन (पृ. ५८-५९), अनुभव, याचना, प्रशासक (पृ. १०४-१०६), आदिको प्रयोग पाइन्छ । निबन्धसङ्ग्रहमा आगन्तुक शब्दहरू : मास्टर (पृ. १), इन्टरभ्यू, स्पेसलिस्ट (पृ. २२), तारिफ (पृ. ७३), कन्डक्टर, ट्रक, होटल (पृ. ९२), प्रोफेसर (पृ. ९३), जेनेटर, ब्याग (पृ. ९४) अखबार (पृ. १०८) आदिको प्रयोग भएको पाइन्छ ।

अनुकरणात्मक शब्दहरू– धुरुक्क, टनन (पृ. १-२), टुप्लुक्क (पृ. १२), भुतुक्क (पृ. १५), च्वास्स (पृ. २२), थपक्क (पृ. २९), छडछड (पृ. ५३), झल्याक–झुलुक (पृ. ८९), छ्याङ्ङ (पृ. १०६) को प्रयोगले अभिव्यक्ति झरिलो र प्रभावकारी भएको छ भने उखानहरू 'सोझो औँलाले घिउ आउँदैन' (पृ. ३), 'अघि मरि सासु अहिले आए आँसु' (पृ. १०४), ईख नभएको छोरो र विष नभएको सर्प काम लाग्दैन (पृ. १०६), आदि र 'गोता खानु' (पृ. ८७), 'मुख लाग्नु', 'सिलिटिमुर खानु' आदि टुक्काको सार्थक र सुन्दर प्रयोग पाइन्छ ।

भाषा, वाक्य, संरचना र शब्दछनौट अनि सरल, सहज र रुचिपूर्ण हुनाका साथै सामान्य शैलीको प्रयोग भएको देखिन्छ ।

## ५.५.४ निष्कर्ष

चूडामणि रेग्मीले आफ्ना आँखाले नियालेका, मनले चालपाएका र पाइलाहरूले टेकेका, अनुभव गरेका जिन्दगीका जटिलता र सरलताका क्षणहरू, हाँसो र आँसुका अनुभूतिहरू, उन्माद र विस्मतका क्षणहरू नै **आँखा र मनका पाइलाहरू**मा व्यक्तिएको पाइन्छ ।

'कस्तो अर्ती खानु ?' शीर्षकको पहिलो निबन्धमा अर्ती उपदेश पनि यो जमानामा सही सत्य नहुने र बुझेर मात्र खानुपर्ने, 'मास्टर चरो'रूपी गगनमा विचरण गर्ने र बेलुका साँझमा गुँडमा बस्न आउने बबुरो पंक्षीको रूपमा वर्णन गरिएको छ । 'कसैले नमागी लेख नदिने', कसैसँग नझुक्ने हठपूर्ण निर्णयलाई रेग्मीले अडबाङ्गे निर्णय भनेका छन् भने 'व्यङ्ग्य'मा अर्जुन पुत्र लेखक देशलाई चाहिएको विचार पाइन्छ । 'प्राज्ञिक आनन्द'मा बाल्यकालदेखि प्रौढकालसम्ममा पाएका आनन्दमध्ये पढ्दाको आनन्द नै उत्तम आनन्द मानिएको छ भने 'निर्भीक भएर लेख्नोस्'मा निर्भीकतापूर्वक काम गर्ने, बोल्ने लेख्ने वचनबद्धता प्रकट भएको छ । 'पुरस्कृत मेरा गन्थन'मा थाहै निदई पुरस्कार दिनेप्रति बेठीक ठान्दै तर पनि पुरस्कार चाहिँ नछोड्ने अभिव्यक्ति छ भने 'हस्स परेका बाचा'मा गर्छु भनेको काम गर्न नसक्दा हस्स भएको वर्णन पाइन्छ । 'मुसाको रासलीला'मा अर्काको विध्वंश गर्ने मुसाको कैरनबाट पजेरोमा चढेर

रासलीला गर्नेप्रति व्यङ्ग्य गरिएको पाइन्छ । त्यस्तै 'मेरो खेल रुचि'मा बाल्यकालदेखि विभिन्न खेलमा रुचि भएका रेग्मीलाई बुढेसकालमा क्रिकेटप्रति रुचि बढेको अभिव्यक्ति पाइन्छ । 'गोष्ठी, वर्षा र अभर' अनि 'गाईघाट जाँदाको सम्झना'मा क्रमशः शान्तिनगर र गाईघाटका यात्रालाई स्मरण गरिएको घटना पाइन्छ । 'हराएका रचना भेट्दा'मा आफूले रचेका सामग्री हराएर पुनः भेट्दाको खुशी अभिव्यक्त भएको छ भने 'अचेल रमित हेर्न थालेको छु'मा सेवानिवृत्त जीवन फुर्सदिँलो हुँदा नाति, छोराछोरी र यस्तै घटना हेर्दै दिन काटेको विचार पाइन्छ । 'एउटा भयो एउटा कथा पनि'मा रेग्मीद्वारा सम्मानित कथाकार हरिहर खनालका कथा र सम्मानका कथा स्मरण गर्न पुगेको पाइन्छ भने 'पत्रकारिता गर्दाको अनुभव'मा पत्रकारिता क्षेत्रको बजारु, प्रवृत्ति र पीत पत्रकारिताप्रति चिन्ता प्रकट भएको अभिव्यक्ति पाइन्छ ।

यसरी समग्रमा सङ्ग्रहमा यात्राविवरण, भावनामय स्मरण र विचारात्मक, विश्लेषणात्मक, विवरणात्मक शैलीमा निबन्धहरू रचना भएका र चूडामणि रेग्मीले भोगेका जीवनका भोगाइ निबन्धमा झल्किएको पाइन्छ ।

## ५.६ 'बितेकाहरूको सम्झना' निबन्धसङ्ग्रहको विश्लेषण

**बितेकाहरूको सम्झना** (२०६३) चूडामणि रेग्मीको सत्तरी वसन्तमा प्रवेश गरेको अवसरमा प्रकाशित उनको निबन्ध फाँटको छैटौं सन्तानको रूपमा लिन सकिन्छ । निबन्धसङ्ग्रहमा २१ जना स्वर्गीय व्यक्तिहरूको बारेमा संस्मरण गरिएका संस्मरणात्मक निबन्धहरू रहेका छन् ।

### ५.६.१ परिचय

**बितेकाहरूको सम्झना** (२०६३) निबन्धसङ्ग्रहको बाह्य आवरण हरियो रङको पृष्ठभूमिमा अटो साइजको एक्काईस व्यक्तिहरूका फोटाहरूलाई गोलो आकारमा राखिएको छ । बीचमा ठूला सेता अक्षरमा रातो छायाँ परेको **बितेकाहरूको सम्झना** लेखिएको छ । दायाँ पुछारमा नीलो भुइँमा सेतो रङमा चूडामणि रेग्मी नाम उल्लिखित भएको देखिन्छ । सङ्ग्रहको दोस्रो पातोको प्रथम पृष्ठमा दायाँ शिरमा 'जुही प्रकाशन पुस्तक माला -३४', त्यसमुनि ठूला अक्षरमा **बितेकाहरूको सम्झना**सँगै तल कोष्ठमा 'पथिक कवि स्मृति (लघुकाव्य) समेत २१ वटा निबन्धहरूको सँगालो लेखेर दायाँ पुछारमा लेखकको नाम चूडामणि रेग्मी उल्लेख भएको छ ।

दोस्रो पाताको दोस्रो पृष्ठमा शिरमा ठाउँ छोडी बीचदेखि क्रमशः पुस्तकको नाम, विधा, लेखक, प्रकाशक, प्रकाशन मिति, संस्करण, छापिएको स्थान, मोल रु., प्रबन्ध, कम्प्युटर, मुद्रकको विवरण दिइएको छ । तेस्रो पातोमा 'समर्पण उज्यालो संसारमा हिँड्न सधैँ प्रेरणा दिने आमाबुबालाई' लेखिएको र त्यसमुनि आमा खिलेश्वरी रेग्मी तथा बुबा पीताम्बर रेग्मीको युगल अर्धकदको फोटो राखिएको र त्यसमुनि नाम, मृत्यु, सम्बत् (१९५५–२०३५) र (१९५४–२०३६) उल्लिखित गरिएको छ । तेस्रो पातोकै दोस्रो पृष्ठदेखि 'लेखक्यौली' सुरु भई चौथो पातोको प्रथम पृष्ठसमेत खर्चिएको छ । चौथो पातोको दोस्रो पृष्ठमा कमल जङ्गलीको फोटो दायाँ संलग्न गरी प्रबन्धक्यौली दुई पृष्ठमा समावेश भएको छ । पाँचौँ पातोको दोस्रो पृष्ठमा निबन्धहरूको शीर्षक र पृष्ठको सूची दिइएको छ । जसअनुसार पृष्ठ ९ देखि ६६ सम्म विभिन्न २१ वटा निबन्धहरू र पृष्ठ ६७ देखि पृ. ८० सम्म **पथिक कवि स्मृति** लघुकाव्य समावेश गरिएको छ । पृष्ठसंङ्ख्या १ देखि सुरु हुनुपर्नेमा एकैचोटि ९ देखि सुरु भएको छ ।

निबन्धसङ्ग्रहभित्रका विभिन्न २१ वटा निबन्धहरूमा प्रत्येक व्यक्तिका फोटा र जन्म, मृत्यु उल्लेख हुनु यस सङ्ग्रहको छुट्टै विशेषता रहेको छ । सङ्ग्रहको अन्तिम पृष्ठ (बाहिरी आवरण) मा कमल–जयकलाको युगल फोटा राखी कमल–जयकला स्वर्ण विवाहोत्सव विशेष २०५८ लेखिएको छ भने त्यसमुनि आचार्य परिवारका ६ सदस्यीय ग्रुपफोटो समावेश गरिएको छ ।

## ५.६.२ विषयवस्तु

निबन्धसङ्ग्रहका शीर्षक तथा तिनका विषयवस्तु यस प्रकार प्रस्तुत गरिन्छ :

| शीर्षक | विषयवस्तु |
|---|---|
| (१) 'लक्ष्मण गुरु : सानो सम्झना' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना** सङ्ग्रहको पहिलो निबन्ध 'लक्ष्मण गुरु : सानो सम्झना' शीर्षकमा रहेको छ । यो निबन्ध लामाछोटा तीन अनच्छेद र एक पृष्ठमा संरचित रहेको छ । लेखक विराटनगर पढ्दाका नेपाली गुरु : स्व. लक्ष्मण शास्त्रीको स्मरण नै निबन्धको मुख्य विषयवस्तु रहेको छ । निबन्धअनुसार स्व. पं. लक्ष्मण शास्त्री (वि. सं. १९६४–२०५०) लेखक मोरङ कलेज विराटनगरमा बी. ए. पढ्दा |

| | |
|---|---|
| | उनलाई नेपाली पढाउने, रसिक र शृङ्गार रस सुहाउँदा कुरा गर्दागर्दै जे पनि भन्न बाँकी नराख्ने स्वभावका थिए भनी स्मरण गरिएको छ । एक दिनको कुरो हो – एकजना विद्यार्थीले गुरुका बारेमा प्रिन्सिपललाई पोल लगाउने कुरा गरेको र गुरु झन्काहा भएकाले –जा ! जा ! त्यो मैलै सिँगान पुछेको गोपाललाई पोल ला भनेको रमाइलो प्रसङ्ग स्मरण गरिएको छ । त्यसैगरी निबन्धमा अन्य अग्निप्रसाद रिजाल, विश्वराज पाण्डे, ध्रुवनारायण, दुर्गाबहादुर वर्मा गुरुहरूको स्मरण गरिएको छ । |
| (२) 'काशीबहादुर श्रेष्ठलाई सम्झदा' | **बितेकाहरूको सम्झना** निबन्धसङग्रहभित्र सङ्गृहीत दोस्रो निबन्ध 'काशीबहादुर श्रेष्ठलाई सम्झदा' निबन्ध लामाछोटा गरी जम्मा आठ अनुच्छेद र दुई पृष्ठमा संरचित रहेको छ । निबन्धमा वि. सं. २०१० देखि पढ्न बस्दा नेपाली साहित्यिक पत्रिका **उदय**का सञ्चालक काशीबहादुर श्रेष्ठ (वि. सं. १०६८–२०४६) लाई चिनेको, लेखकका बाबुआमा पनि २२ वर्ष जति काशी बस्दा काशीबहादुरसँग निकट सम्बन्ध भएको विगतको संस्मरण नै विषयवस्तुका रूपमा प्रस्तुत भएको छ । साहित्य, पत्रकारिता क्षेत्रका अग्रणी व्यक्तित्व श्रेष्ठके घर दुर्गाघाटबाट चोक जाँदा बाटोमा पर्ने हुँदा लेखकको बराबर भेट हुने, श्रेष्ठ कमिज, पाइजामा र चप्पल लगाउने र आँखामा चश्मा लगाउने, लम्बे नभए पनि कागखुट्टे, सधैँ हातमा झोला बोक्ने, ढाड कुप्रेजस्ता, ठीक्क बोल्ने, हँसमुख, मिलनसार, नम्रभाषी, कर्मठ र त्यागी रहेको कुरा उल्लेख गरिएको छ । काशी नेपाली र नेपाली साहित्यको थलोको रूपमा **युगवाणी**, **दीपक**का सम्पादक नारायणप्रसाद भट्टराई, **आमा**का ललितजङ्ग सिजापति आदि धेरै व्यक्तिहरू बसेको उल्लेख गरिएको छ । काशी नेपाली भाषासाहित्यको उर्वर थलो जहाँ **वीरसिक्का**देखि **सुन्दर**, **माधवी** हुँदै **झ्यालबाट**, **युगवाणी** आदि पुस्तक र पत्रपत्रिका छापिने थलो, महाकवि देवकोटा तथा लेखकजस्ता थुप्रै पहाडी युवकहरूको भव्य थलो, झर्रोवादीहरूको सेरोफेरोमा **नौलो पाइलो** जन्माउने थलो, **छात्रवाणी**, **उजेली**, **सन्देश** आदि पत्रिका फल्ने थलोका रूपमा समेत अविस्मरणीय भएको चर्चा उक्त निबन्धमा प्रस्तुत गरिएको छ । |

| | |
|---|---|
| (३) 'मेरो मूल प्रेरक बुबा पीताम्बर रेग्मी' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**भित्र तेस्रो क्रममा राखिएको 'मेरा मूल प्रेरक बुबा पीताम्बर रेग्मी' शीर्षकको निबन्ध लामाछोटा १५ अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । निबन्धमा लेखकका पिता पीताम्बर रेग्मी (१९५४–२०३६) को स्वभाव र प्रेरक व्यक्तिको स्मरण नै मुख्य विषय रहेको पाइन्छ । स्व. रेग्मी लिखितम धनीका नामबाट शाकाहारी, आस्तिक, गीतवादी रहेका तर छोरो (लेखक) चाहिँ निबन्धकार मांसाहारी, नास्तिक भएकाले बाबुको बिब्ल्याँटो भएको ठहर गरिएको छ । लेखकका मूल प्रेरणाका स्रोत पिता रेग्मी धर्मात्मा, ज्ञानदाता, सहयोगीसमेत थिए । डिठ्ठा बाजे भनेपछि सबैले चिन्ने, देशविदेशको कुराको सुझबुझ भएका, सबैलाई आपतविपदमा सहयोग गर्ने, संयमी तथा उपकारी व्यक्तिका रूपमा थिए भनी स्मरण गरिएको पाइन्छ । यता लेखक भने नास्तिक, मार्क्सका दाह्री छाम्ने भए पनि अर्कतव्यदेखि डराउने प्रेरणा पाएकोमा पुज्य बुबालाई असल प्रेरकका रूपमा शिर झुकाएर सम्झने विषय तथा श्रद्धासमेत निबन्धले प्रस्तुत गरेको छ । |
| (४) 'आमालाई एकदिन सम्झदा उठेका भावनाका तरङ्ग' | निबन्धसङ्ग्रहको चौथो क्रममा सङ्गृहीत 'आमालाई एकदिन सम्झदा उठेका भावनाका तरङ्ग' शीर्षकको निबन्ध आठ अनुच्छेद र दुई पृष्ठमा आबद्ध भएको छ । निबन्धको मूल विषयको रूपमा लेखककी आमा स्व. खिलेश्वरीदेवी रेग्मी (वि. सं. १९५५–२०३५) को संस्मरण रहेको पाइन्छ । आमा पुरुषतन्त्रको जाँतोमा पिसिएकी, पतिव्रता, व्रतालु, सतीपरम्परावादी, एकदर्जन सन्तानकी जननी भई आठआठ सन्तान गुमाएको पीडाले ग्रसित, गानो पीडित, नातागत एक धरती नै भएकी भनी रेग्मीले स्मरण गरिएको छ । आमालाई सम्झने क्रममा आमा सन्तानहरूको सबैभन्दा प्रिय नातेदार भएर पनि जानीनजानी उनलाई सन्तानले पीडा दिइरहेका हुन्छन् भन्ने लेखकको विचार प्रस्तुत भएको देखिन्छ । लेखकले पनि आमालाई पुल्पुलिएर दुःख दिएको महसुस गर्न |

| | |
|---|---|
| | पुगेका देखिन्छन् । पुरुषप्रधान हाम्रो देशका आमाहरू लोग्नेलाई पतिपरमेश्वर ठान्ने, सन्तान ईश्वरका वरदान स्विकार्ने विचारधाराहरू बोकेका देखिन्छन् । लेखककी आमा सङ्गिनी प्रिया, **रामायण**, **महाभारत**का श्लोक कण्ठ गरी वाचन गर्ने गर्थिन् । यसरी आमालाई सम्झदा लेखक भावुक तथा आमाको हृदयविदारक मृत्युबाट मुटु छियाछिया भएको अनुभूतिसमेत निबन्धमा प्रस्तुत भएको छ । |
| (५) 'ठूली दिदी : एक सम्झना' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**मा सङ्गृहीत 'ठूली दिदी : एक सम्झना' शीर्षकको निबन्ध यस सङ्ग्रहको पाँचौ निबन्ध हो । यो निबन्ध एघार अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । लेखककी ठूली दिदी देवप्रिया दाहाल (१९७२–२०६२) को स्मरण गर्दै उनका दःख, पीडाबाट लेखकलाई चोट पुगेको स्मरण नै निबन्धको मुख्य विषय रहेको पाइन्छ । दिदीको पेटमा बच्चा रहेको बेला १९९५ सालतिरै पति घुमाउँदा झन्डै ७ दशक लामो वैधव्य जीवन बिताउनु पर्दा एकातिर पारिवारिक बोझ र अर्कोतिर सामाजिक अवहेलना सहनु परेको कुरा उल्लेख छ । मादीका बिर्तावाल धनी दाहाल परिवारमा पुगेकी भए पनि छोराछोरीको पठनपाठन, बिहेकाजका कारण अभावग्रस्त बन्न पुगेकी दिदीलाई पछि छोरा बल्लभमणि दाहालबाट आर्थिक सहयोग पुगेको जानकारी निबन्धले गराएको पाइन्छ । ठूली दिदी आनोमानो घिउ खाएकी, माइतीलाई नचिढ्याउने, इष्टमित्रकी हाइहाइ थिएन् भन्दै उनी बाबुकै तिथिका दिन मर्छु भन्थिन् । नभन्दै २०६२ भाद्र शुक्ल प्रतिपदाकै दिन बितेकी थिइन् भन्ने रहस्य निबन्धले खुलाएको देखिन्छ । रक्तचाप र मधुमेह पीडित दिदीको मृत्युमा लेखक आफू जान नसकेको र घरमै बसी श्रद्धा एवम् दुःख मनाएको कुरा स्मरण गरिएको छ । मर्नै पर्ने मानवीय स्वभाव भएकाले मर्नेलाई मनैले रुनुबाहेक के नै दिन सकिन्छ र ? भन्ने निष्कर्षमा पुगी केवल स्मरण र श्रद्धा गर्ने गरेको लेखकको विचार निबन्धले प्रस्तुत गरेको छ । |

| | |
|---|---|
| (६) 'भानिज बल्लभमणि दाहालको निधनमा दुई शब्द' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**भित्रको छैटौँ निबन्ध 'भानिज बल्लभमणि दाहालको निधनमा दुई शब्द' शीर्षकको रहेको छ । उक्त निबन्ध सात अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको पाइन्छ । लखेकद्वारा भानिज डा. बल्लभणि दाहाल (१९९१–२०६०) को निधनको स्मरणमा केही शब्द पोख्नु नै निबन्धको मुख्य विषय मान्न सकिन्छ । लेखकका भानिज ६९ वर्षमा बितेकाले लेखकलगायत त्रि. वि. का विद्यार्थीहरू, ८८ वर्षिया वृद्धा आमा, नातेदार र आफन्तजन शोकाकुल भएको स्मरण निबन्धमा गरिएको छ । डा. दाहाल लेखककी जेठी दिदीका छोरा हुन् । उनी भाषामर्मज्ञ, उदारहृदयी, दृढनिश्चयी, लेखकसमेतका साहित्यक्षेत्रका प्रेरक रहेको कुरा स्मरण गरिएको छ । त्रि. वि. वि. का विभागका प्राध्यापक, उपप्राध्यापक तथा सहप्राध्यापक, परराष्ट्र मामिलाका जानकार व्यक्तित्व दाहालको निधनले नेपालीहृदय गाँठो परेको स्मरण लेखक निबन्धमार्फत प्रस्तुत गर्न पुगेका देखिन्छन् । |
| (७) 'भानिज लेखनाथ चापागाईँलाई सम्झनुपर्दा' | **बितेकाहरूको सम्झना**भित्रको सातौँक्रममा पर्ने 'भानिज लेखनाथ चापागाईँलाई सम्झनुपर्दा' शीर्षकको निबन्ध आठ अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । लेखकका माहिला बडाबाकी माहिली छोरी पुतली भनिने दिदीका छोरा लेखनाथ चापागाईं (१९८४–२०६२) को सम्झना गर्दै उनको स्वभाव र व्यक्तित्वको चर्चा नै निबन्धको मुख्य विषय रहेको छ । दिङलाबासी लेखनाथ चापागाईंसँग लेखक **रघुवंश**, **कौमुदी** पढ्न बस्दा आत्मीय बनेका लेखककै अभिभावकसरहका तिख्खर प्रतिभा आवाल ब्रह्मचारी गुरुमहाराजका मार्गमा हिँड्ने, सुमार्गी थिए भन्ने कुराको चर्चा निबन्धले गरेको पाइन्छ । निबन्धमा लेखकले पाँच सालको सुरुमा काठमाडौँमा मोहन शमशेरको राज्यभिषेक आफ्नै आँखाले हेरेको, श्री ३ ले हात्तीका हौदामा दुई मोहोरका बोरा राखी मुठीले फालेका कुवाले २/४ मोहर टिपेर दिएको समेत स्मरण सँगालिएको छ । लेखकका बुबाआमासँग बद्रीकेदार गएको सम्झनाका आधारमा लेखक |

| | |
|---|---|
| | २००३ र ४ सालका बीचमा दिङ्गला बसेको हुनुपर्ने अनुमान गरिएको देखिन्छ । विधवा दिदीका एक मात्र छोरा चापागाईंपछि विराटनगर बस्दा समाजसेवा, डा. नरेन्द्र चापागाईं स्मृति प्रतिष्ठानमा संलग्न, सुमार्गी भएको धारणा निबन्धमा प्रस्तुत गरिएको छ । |
| (८) 'मैले जानेबुझेका पं. नयनराज पन्त' | निबन्धसङ्ग्रहको आठौं क्रममा सङ्गृहीत 'मैले जानेबुझेका पं. नयनराज पन्त' शीर्षकको निबन्ध दुई पृष्ठमा संरचित रहेको छ । निबन्धको मुख्य विषयवस्तु लेखकको जानकारीमा पं. नयनराज पन्त (१९७०–२०५९) केकस्ता थिए भन्ने दर्साइएको छ । निबन्धमा पं. कुलचन्द्र गौतम, पं. सोमनाथ सिग्द्याल र योगी नरहरिनाथझैँ पं. नयनराज पन्त पनि संस्कृतका धुरन्धर, नेपाली भाषासाहित्यमा ठूलो योगदान दिने विभूति भएका र नेपालको इतिहास र ज्योतिषका क्षेत्रमा विशेष चिन्तनमनन गर्ने गरेका थिए भन्ने उल्लेख गरिएको छ । गोपाल पाण्डे र पं. नयनराज पन्तको **धनमूल ल्याउने रीति** (२०३७) र **प्राचीन र नवीन गणितको तुलना** (२०३९) को गहन अध्ययन भए विज्ञानका क्षेत्रमा ठूलो लाभ हुने विचार लेखकको पाइन्छ । **शारदा**कालीन कवि पं. सिग्द्यालपरम्पराकै शास्त्रीयतावादी कवि जसको 'बहादुर शाहको आखिरी तरङ्ग' प्रसिद्ध राष्ट्रियतावादी कविताका साथै इतिहास संशोधन मण्डलका संस्थापक, **गल्लीमा फ्याँकिएका कसिङ्गर** (२०१८), **जयरत्नाकर** नाटक (२०१४) प्रकाशन भएका कुराको उल्लेख निबन्धमा पाइन्छ । पं. पन्त विचार तथा आचार दुबैले आदर्शवादी विद्वान्, प्राज्ञ, तनमनधनले शोध–अनुसन्धानमा समर्पित भएकाले यिनको प्रशंसा कमल दीक्षितले **नेपाली** त्रैमासिक र हंशपुरे सुवेदीको **श्री पन्तका साधना** (२०१८) मा मुक्तकण्ठले प्रशंसा गरेको संस्मरण निबन्धले प्रस्तुत गरेको छ । |

| | |
|---|---|
| (९) 'झापाली साहित्यिक आन्दोलनमा प्रा. डा. नरेन्द्र चापागाईँको योगदान' | **बितेकाहरूको सम्झना** सङ्ग्रहको नवौँ निबन्ध 'झापाली साहित्यिक आन्दोलनमा प्रा. डा. नरेन्द्र चापागाईँको योगदान' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्ध एघार अनुच्छेद र तीन पृष्ठमा आबद्ध रहेको छ । निबन्धले प्रा. डा. नरेन्द्र चापागाईँले झापाली साहित्यिकाशमा छरेको साहित्यिक प्रकाश तथा नेपाली भाषा, पत्रपत्रिका विमोचनका कार्यको संस्मरण गरेको विषय प्रस्तुत गरेको पाइन्छ । वि. सं. १९९८ सालमा भोजपुर दिङ्लामा जन्मेका प्रा. चागागाईँले झापाको भूमिबाट लेखका अरे । उदेक लाग्दा कुराहरू **गजवष्टक** (२०५६), **बाइस समालोचना** (२०५७) वा राधिका रायको एकाङ्कीसङ्ग्रह **जीवनको इच्छा** (२०५९) आदिमा भूमिका लेखेर होस् लेखकका समालोचना पुस्तकदेखि सरोज ओली, तेराखको उपन्यास आदिको विमोचन गरेर होस्, झापाली साहित्यकारका विभिन्न साहित्यरचनाको समीक्षा गरेर होस् वा लेख लेखेर झापाली साहित्य क्षेत्रमा ठूलो योगदान पुऱ्याएको चर्चा गरिएको छ । लेखकको विचारमा पूर्वाञ्चलका मोतीराम भनिन योग्य व्यक्ति चापागाईँ मार्क्सवादी सौन्दर्यशास्त्रका ज्ञाता थिए । उनको मृत्युले झापाका सङ्घसंस्था र साहित्यकार तथा साहित्यानुरागीहरू शोकाकुल भएको धारणा निबन्धमा प्रस्तुत गरिएको पाइन्छ । |
| (१०) 'नेपाली भाषा र साहित्य क्षेत्रका अमूल्य निधि प्रा. डा. नरेन्द्र चापागाईँ' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**मा सङ्गृहीत 'नेपाली भाषा र साहित्य क्षेत्रका अमूल्य निधि प्रा. डा. नरेन्द्र चापागाईँ' शीर्षकको निबन्ध लामालामा तीन अनुच्छेद र तीन पृष्ठमै आबद्ध रहेको छ । निबन्धले प्रा. डा. नरेन्द्र चापागाईँ (१९९८–२०६१) प्रमुखतः पूर्वाञ्चलको विराटनगरमा बसी नेपाली भाषासाहित्य क्षेत्रमा अहोरात्र लागी परेका; उनको योगदान र सम्झनालाई मुख्य विषयको रूपमा उठाएको देखिन्छ । भोजपुरको दिङ्लाका सम्पन्न नारायण वंशी चापागाईँहरूमध्ये निर्धन र अभावग्रस्त परिवारमा हुर्केका डा. चापागाईँले रोग र अभावसँग जुद्धै पिण्डेश्वर महाविद्यालयबाट संस्कृत व्याकरणमा शास्त्री, निजी रूपमा स्नातकोत्तर |

| | |
|---|---|
| | गरेका, २०३० सालदेखि त्रि. वि. सेवाअन्तर्गत प्राध्यापन, निजी अध्ययन-अनुसन्धानमा लगनशील भई लागेको चर्चा निबन्धमा पाइन्छ । डा.चापागाइँले २०५५ सालमा भाषाको अनुकरणात्मक शब्द जस्तो कठिन विषयमा लगभग बीस वर्ष लगानी गरी विद्यावारिधि गरेको उल्लेख छ । यस्तै गरी आवाल ब्रह्मचारी बालागुरु पडानन अधिकारीलगायत बाबु भनावीशङ्कर, गुरु टीकाप्रसाद वस्ती, महानन्द सापकोटा र बालकृष्ण पोखरेल आदिबाट प्रभावित र प्रेरित भई भाषा र साहित्यका लागि **छामछायाँ** (२०२४) मा 'शीतका कणहरू' कविता, ईश्वर बरालको **पिँजडाको सुगाको आर्थी विश्लेषण** पुस्तकमा भूमिका २०३३ सालमा, 'सुत्केरीको चीत्कार' कथा (२०३४), **शब्द, वाक्य र अभिव्यक्ति** (२०३५) भाषासम्बन्धी पुस्तक आदि विषयलाई विभिन्न पत्रपत्रिकामा प्रकाश पारेको कुरा चर्चा गरिएको पाइन्छ । उनका २०३० सालपछि पाँच वर्षमै भाषाका ३ र साहित्यका २ गरी पाँच पुस्तकहरू प्रकाशित भएको भन्ने स्पष्ट्याइएको छ । स्नातकोत्तर क्याम्पस विराटनगरमा नेपालीका जुनसुकै विषय पढाउन पछि नपर्ने डा.चापागाइँ २०२८ देखि समालोचनामा प्रवेश गरी २०६० सम्ममा ७ वटा समालोचना पुस्तक निकाल्न सकेका भन्ने बुझिन्छ । डा.चापागाइँले मोतीराम भट्टदेखि आजसम्ममा विभिन्न विधाका साहित्य तथा समालोचनाका कृति उपर कलम चलाएको **काव्य समालोचना** (२०५२) मा तीनसय पातोको भूमिका नेपाली भूमिका साहित्यमा सबैभन्दा लामो आकारका प्रभाववादी, व्याख्यानात्मक समालोचना लेख्ने डा. चापागाइँको अर्को पक्ष प्रगतिवादी समालोचना हुनाको साथै डा. चापागाइँले विद्यार्थीलाई शोधकार्यमा झर्को नमानी निर्देशन दिने गरेको, लेखककै विषयमा बढी कलम चलाउने समालोचक पनि डा. चापागाइँ देखिएको तथ्य निबन्धमा प्रस्तुत भएको छ । २०६१ वैशाख १० गते सदाका निम्ति यस धरतीबाट बिदा भई सबैलाई शोकाकुल पार्नुका साथै नेपाली भाषामा ठूलो अभाव खड्किएको विचार उक्त निबन्धमा व्यक्त भएको पाइन्छ । |

| | |
|---|---|
| (११) 'साथी हरिश्चन्द्रलाई श्रद्धाञ्जली' | **बितेकाहरूको सम्झना** सङ्ग्रहको एघारौँ निबन्ध 'साथी हरिश्चन्द्रलाई श्रद्धाञ्जलि' शीर्षकको निबन्ध छोटाछोटा बार अनुच्छेद र तीन पृष्ठमा आबद्ध भएको छ । निबन्धको प्रमुख विषय लेखक बनारस पढ्दाका मिलनसार पहिले थर थाहा नभएका साथी हरिश्चन्द्र उपाध्याय (१९९३–२०६०) पछि अर्को साथीबाट पोखरेल थर खुल्न आएका सर्वोच्चका न्यायाधीशको मृत्युमा श्रद्धाञ्जलि रहेको देखिन्छ । पोखरामा नेपाली विषयको गोष्ठी (२०३९) मा भागलिन जाँदा लेखकले हरिश्चन्द्र अञ्चल अदालतमा अञ्चल न्यायाधीश रहेको प्रसङ्गको चर्चा गरिएको छ । लेखकलाई घरमा आउन निम्तो दिए पनि निस्वार्थ आफू कसैलाई दुःख नदिन नगएको भनी आत्मस्वभाव व्यक्त गरिएको छ । निबन्धमा लेखकका मित्रहरू कहाँकहाँ गई ठूलाठूला ओहोदा धारण गरेकोमा खुशी प्रकट गरेको तर अकस्मात मित्र हरिश्चन्द्र बितेको सून्दा आफूजस्तै निःस्वार्थी साथी गुमेको महसुस गर्दै लेखकद्वारा श्रद्धाञ्जलि अर्पण गरेको कुरा निबन्धले दर्साएको छ । |
| (१२) **'जुही** कार्यक्रममा थुन्से बोक्ने कवि नारी जयकला आचार्यको सम्झनामा केही शब्द' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**भित्रको बारौँ निबन्ध **'जुही** कार्यक्रममा थुन्से बोक्ने कवि नारी जयकला आचार्यको सम्झनामा केही शब्द' शीर्षकको रहेको छ । उक्त निबन्ध बीस अनुच्छेद र नौ पृष्ठमा आबद्ध रहेको छ । निबन्धले लेखकद्वारा सम्पादित **जुही**का कार्यक्रममा सबैभन्दा पहिले झर्रो नेपाली घरआँगनमा कथाकार राधिका रायलाई थुन्सेभरि उपहार दिने कवि जयकला आचार्यको स्मरण नै मुख्य विषय रहेको छ । कमल जङ्गलीकी पत्नी आचार्य (१९९८–२०६३) जसले कविताका दुई र कथाको एक पुस्तक लेखको **रुरु क्षेत्रसँग** कवितासङ्ग्रह र समाजसेवी टङ्क आचार्य (२०१८) तथा राधा शर्मा (२०२२) जस्ता सन्तानहरू मातृवियोगबाट व्याकुल हुँदा लेखकलाई विपनामै सपनाजस्तो लागेको अनुभव निबन्धमा व्यक्त भएको छ । लेखक चखेवा जोडीजस्ता |

| | |
|---|---|
| | कमल–जयकलाको जोडीले झर्रो नेपाली घरमा राधिका रायलाई नेपाली संस्कृति झल्किने थुन्सेमा उपहार दिएको, मिठो स्वरले कविता गाएर जयकलाले मन्त्रमुग्ध पारेको स्मरण गर्न पुग्दछन् । लेखककै स्वर्ण विविध महोत्सव (२०५६ मङ्सिर २६ गते) मा भाग लिएको, चन्द्रगढी गा. वि. सं.मा आयोजित २०५७ साल माघ १६ गतेको सम्मान समारोहमा माधव–रमा, नरेन्द्र–सरला, कोमल–धर्मा, होम–बिना सदम्पति रहेकोमा कमल–जयकलाले शून्य समय भनेर रमाइलो गरेको क्षणलाई स्मरण गरिएको पाइन्छ । २०६१ साल भदौ १ गते नारायणगढको हरिहर खनाल अभिनन्दन कार्यक्रममा ५९ थान पुस्तक उपहार दिने कमल–जयकला भएको क्षण अविस्मरणीय छ भनिएको छ । मधुमेह रोगले ग्रसित जयकलाको मृत्युले अब कमल एक्लिएका तर **यथार्थ कुरा** र **जुही**का पाताहरूमा विभिन्न गोष्ठीमा खिचिएका चित्रहरूले जयकला जीवित रहेको विचार निबन्धमा व्यक्तिएको पाइन्छ । |
| (१३) 'डिल्लीप्रसाद भट्टराईको कविता 'सानी छोरी हेर्दा' छोटकरी विचार' | **बितेकाहरूको सम्झना** सङ्ग्रहको तेरौँ निबन्ध 'डिल्लीप्रसाद भट्टराईको कविता 'सानी छोरी हेर्दा' छोटकरी विचार' शीर्षकको रहेको छ । उक्त निबन्ध चार अनुच्छेद र एक पृष्ठमा आबद्ध रहेको छ । उक्त निबन्धको मुख्य विषय प्रसिद्ध छन्दोबद्ध कवि डिल्लीप्रसाद भट्टराईद्वारा सिर्जना भएको कविता 'सानी छोरी हेर्दा' भित्रका श्लोकले सजीव ढङ्गले छोरीप्रतिको सुन्दर सहानुभूति छचल्किएको र यस्ता उनका थुप्रै कविता प्रकाशन हुन जरुरी रहेको विचार अभिव्यक्त भएको देखिन्छ । लेखकले कवि भट्टराईद्वारा रचित 'सानी छोरी हेर्दा' कविता २१ वर्षअघि छापिएको; जुन कवितामा कविले सानी छोरी आफ्नो जीवनको रमाइलो प्रभात र यसमा परिपूर्ण भए बास्नादार परिजात नै बन्ने भाव भएको नभन्दै छोरी स्नातकोत्तर गरेकी सफल छोरी कवि स्वर्ग भएकाले देख्न नपाएको भनी |

| | |
|---|---|
| | प्रकट गरेको पाइन्छ । कविका यस्ता छन्दोबद्ध कविताहरू थुप्रै छरिएर रहेका र सङ्कलित गरी सँगालोका रूपमा प्रकाशित हुनुपर्ने खाँचोलाई समेत निबन्धमार्फत औंल्याएको पाइन्छ । |
| (१४) 'साथी डा.गणेश भण्डारीलाई सम्झदा' | **बितेकाहरूको सम्झना**को चौधौँ क्रमको निबन्ध 'साथी गणेश भण्डारीलाई सम्झदा' शीर्षकमा रहेको छ । यो निबन्ध लामाछोटा आठ अनुच्छेदहरूमा संरचित रहेको छ । उक्त निबन्धको मुख्य विषयको रूपमा लेखक संस्कृत पढ्दा घनिष्ट साथी डा. गणेश भण्डारीको व्यक्तित्व तथा साहित्यकार्य प्रशंसनीय रहेको चर्चा गरिएको छ । निबन्धअनुसार संखुवासभा चन्दनपुरपछि विराटनगर बस्ने डा. गणेश भण्डारी (१९८९–२०५५) लेखकभन्दा जेठा दाजुका साथी जसले २०१० देखि नै रचना गर्न सुरु गरेका, लेखकसँग २०१५ सालमा विराटनगरमा पुस्तक घर स्थापना गरी **छहारी** र दुई पुस्तक छाप्दा मूल पुँजी सकिएको स्मरण उल्लेख छ । डा. भण्डारी एक बहादुर, गरिबी, अभाव, ताडना र तिरस्कारसँग लड्ने हिम्मती भाषाविद्, सम्पादक, प्रकाशक, लेखक, समालोचक, कवि, कथाकार आदि बहुमुखी प्रतिभाका धनी थिए भन्ने सम्झना गरिएको छ । भण्डारीले नेपाली भाषासाहित्यका उत्थानमा विराटनगरबाट प्रशंसकीय कार्य गरेको ठोकुवा लेखकले गरेको पाइन्छ । |
| (१५) 'घनश्याम खनाललाई सम्झदा' | निबन्धसङ्ग्रहको पन्ध्रौं निबन्ध 'घनश्याम खनाललाई सम्झदा' शीर्षकको रहेको छ भने उक्त निबन्ध छोटाछोटा आठ अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको छ । निबन्धको मुख्य विषयको रूपमा २०३६ सालदेखि लगभग १०/११ वर्ष मेची क्याम्पसका प्रमुख घनश्याम खनाल (१९८९–२०५२) को स्मरण तथा उनको व्यक्तित्व र कृतित्वको चर्चा रहेको पाइन्छ । क्याम्पस प्रमुख स्व. खनाल लेखकका बनारस पढ्दा देखिकै मित्र रहेको, लेखककै माध्यमबाट २०२५ सालदेखि नेपाल आएका, साथीभाइसँग मिलनसार, सहनशील, उदारमना, विकाशप्रेमी व्यक्तित्वका रूपमा निबन्धमा रेग्मीले चर्चा गरेका छन् । निबन्धमा खनालले मेची |

| | |
|---|---|
| | क्याम्पसको चतुर्दिक विकास विज्ञान भवननिर्माण गरेको आदि कार्यको चर्चा पाइन्छ । गान्धीवादी खनाल प्रगतिशील विचारक र **कीचकबध**का शोधकर्ता, केही कविता, कथा र लेखका स्रष्टाका रूपमा स्मरण गरिएको छ । |
| (१६) 'देवीप्रसाद उप्रेती मेरो सम्झनामा' | **बितेकाहरूको सम्झना** सङ्ग्रहको सोरौँ निबन्ध 'देवीप्रसाद उप्रेती मेरो सम्झनामा' शीर्षकको रहेको छ भने उक्त निबन्ध सानासाना एघार अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको छ । निबन्धको मुख्य विषयवस्तु झापा घैलाडुब्बा निवासी जमिन्दार देवीप्रसाद उप्रेती (१९६९–०४९) को व्यक्तित्व र स्वभावको स्मरण गरिएको छ । निबन्धमा लेखकका नजरमा उप्रेती बहुश्रुत, बहुपत्नी, शिक्षाप्रेमी, सुधारप्रेमी, मितभाषी, महादानी, साधारण, गम्भीर तथा सूक्ष्मदर्शी रहेको स्मरण निबन्धमा पाइन्छ । उप्रेतीको बुढेसकालमा भने अलि नरमाइलो गोदामको कुनामा कयौँ महिना बसेकाले लेखकको मनमा बुढेसकाल परिभाषाहीन, अभिशापमय हो कि ? भन्ने प्रश्न उब्जिएको विचार प्रकट भएको छ । |
| (१७) 'स्वयम्भूलाल श्रेष्ठको सम्झना' | **बितेकाहरूको सम्झना** सङ्ग्रहमा सत्रौँ क्रमको 'स्वयम्भूलाल श्रेष्ठको सम्झना' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्ध सात अनुच्छेद र तीन पृष्ठको आयतनमा फैलिएको छ । स्वयम्भूलाल श्रेष्ठलाई सम्झदै उनका भाषिक तथा साहित्यिक योगदानको चर्चा गर्नु नै निबन्धले अँगालेको विषय हो । निबन्धका अनुसार स्वयम्भूलाल श्रेष्ठ (१९८७–२०४३) २०२१ सालदेखि झापाको मेची महाविद्यालय भद्रपुरका प्राध्यापक भएपछि महाविद्यालयबाट प्रकाशित **धारा** पत्रिका (२०२४) का समिति सचिव रहेको दर्साइएको छ । लेखकसँग राजनैतिक विचारका विरोधी भएर पनि  सुगुण र इमान्दारिताका कारण श्रेष्ठ स्मरणीय, नि:स्वार्थ, समाजसेवीका रूपमा रहेको लेखकको विचार पाइन्छ । श्रेष्ठले **मोती** (२०२३), **युगज्ञान** साप्ताहिक ३-४२ (२०२९) र ३-५१ (२०२९) मा प्रकाशित मोतीरामसम्बन्धी लेख, **सत्तलको खोजी** सङ्ग्रहबारे दुई लेख, |

| | |
|---|---|
| | नेपाली 'झ' बारे प्रकाशित भएका 'तामाङ भाषा : एक अध्ययन' (**गरिमा**, २०३२) आदि लेखेको कुरा उल्लिखित छ । स्वयम्भूलाल श्रेष्ठ र एस्. एल्. शर्माका पुस्तकका भाषिक लेखहरूले नै झापामा भाषिक चिन्तन बढाएको, लेखक आफू, द्रोण पौडेल, होमनाथ सुवेदीले आधिकारिक रूपमा भाषाको क्षेत्रमा कलम चलाउने क्रममा द्रोणको एक, लेखकको तीन र श्रेष्ठको भाषासम्बन्धी 'नेपाली भाषासित अरू भाषाको समता' एउटा लेख रहेको कुरा निबन्धमा उल्लेख रहेको छ । यसरी नेपाली भाषा तथा साहित्यिक गतिविधिमा श्रेष्ठ झापा जिल्लामा निःसन्देह श्रेष्ठ रहेको धारणा लेखकले व्यक्त गरेका छन् । |
| (१८) 'श्यामको सानो सम्झना' | निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**मा अठारौँ क्रममा 'श्यामको सानो सम्झना' सात गद्यात्मक अनुच्छेद तथा एक श्लोक कवितालाई दुई पृष्ठमा आबद्ध गरिएको छ । निबन्धको मुख्य विषय श्यामकृष्ण उपाध्याय (१९८७–२०४६) को संस्मरण तथा साहित्यिक, सम्पादक व्यक्तित्वको चर्चा गरिनु रहेको छ । साहित्यमा 'केटो' कविताबाट पाइला चालेका उपाध्याय **युवक** पत्रिकाको सम्पादक थिए भन्ने निबन्धले बताएको छ । यदाकदा लेखक तथा डा. ऋषिकेश शाहसँग सम्बन्ध राम्रो नभएको; त्यस्तै भवानी घिमिरे र वसन्तबाबुसँग हुने गरेको कुरा निबन्धमा उल्लेख भएको पाइन्छ । उहाँ जेठो पत्रकारको अतिरिक्त कवि, कथाकार, निबन्धकार तथा कलाकार व्यक्तित्व जसको कलम र कुची दुबै चल्ने गरेको तथ्य निबन्धमा प्रस्तुत भएको पाइन्छ । प्रजातान्त्रिक विचार धाराका श्रेष्ठमा जेजति राग, द्वेष, कला र साहित्यको आलोकले झलमल्ल भएको विचारसहित लेखकको श्रेष्ठलाई श्रद्धासुमन अर्पण भएको जानकारी निबन्धमा पाइन्छ । |
| (१९) 'अन्वेषक तथा सृजनशील पत्रकार एस्. एल्. शर्मालाई सम्झना गर्दा' | **बितेकाहरूको सम्झना** सङ्ग्रहको उन्नाइसौँ क्रममा लामाछोटा नौ अनुच्छेद र चौध पृष्ठमा आबद्ध भई सङ्गृहीत 'अन्वेषक तथा सृजनशील पत्रकार एस्. एल्. शर्मालाई सम्झदा' शीर्षकको निबन्ध रहेको छ । उक्त निबन्धको मुख्य विषयका रूपमा पत्रकार एस्. एल्. शर्माको अन्वेषण |

| | |
|---|---|
| | तथा सृजनशील व्यक्तित्वको महिमाको स्मरण गरिएको छ । एस्. एल्. शर्मा (१९८३–२०६०) लेखकभन्दा १० वर्ष जेठा, लेखक भद्रपुर आएपछि चिनजान भएका व्यक्ति, बनारसबाट **दीपक** मासिक पत्रिकामा २०१३/१४ सालतिर उनका र लेखकका रचना छापिएदेखि दुबैको नाम सुनेजानेको चर्चा निबन्धमा गरिएको छ । शर्मा, लेखक दुबैका प्रेरणास्रोत देवकोटा नै मानिएको पाइन्छ भने शर्मा झापामा आउँदा कालापानी अवस्थामा रहेको लगभग ५५ वर्ष शर्माले साहित्य सुजनामा र पत्रकारितामा जीनव बिताएको कुरा उल्लेख गरिएको छ । त्यस्तै आधा शताब्दीभन्दा ज्यादा साहित्य, सामाजिक, राजनीतिक एवम् अनुसन्धानका क्षेत्रमा उनको योगदानको चर्चा निबन्धले गरेको पाइन्छ ।<br><br>हिन्दी र नेपाली भाषामा कलम चलाउने शर्माका नेपालीमा **खोजखाज** (२०२६), **गवेषण** (२०४६), **अनुसन्धान** (२०५८) र **ताजपरिया समाज ऐतिहासिक अध्ययन** (२०५६) आदि पुस्तकहरू प्रकाशित रहेको कुरा निबन्धमा उल्लेख गरिएको छ । **मेची सन्देश**, **दुबो** पत्रिकाको सम्पादन/प्रकाशनका साथै स्वतन्त्र पत्रकारका रूपमा विभिन्न पत्रिकामा समसामयिक विषयमा कलम चलाएका शर्माले लेखकको पुस्तक **कृति र कृति** (२०५६) को भूमिकामा 'पूर्वाञ्चलका मोतीराम चूडामणि रेग्मी' भनेको कुरा स्मरण गरेका छन् । झापाबाट प्रकाशित **कन्काइ प्रवाह**, **युगज्ञान**, **आँखा** आदि पत्रपत्रिकामा अनेकौं विषयको लेख र साहित्यिक सिर्जना प्रकाशित गर्ने शर्मा जाँगरिला, विनोदप्रिय, प्रायः कुर्तासुरुवाल, चप्पल र चस्मा लगाउने व्यक्तिको रूपमा निबन्धमार्फत लेखक सम्झन पुग्छन् । शर्माको अन्त्यले झापामा अँध्यारो मात्र होइन, स्वाभिमानमा स्वतन्त्र पत्रकार तथा अन्वेषकको खाँचो परेको आफ्नो विचार व्यक्तिएको पाइन्छ । लेखकले निबन्धमा शर्माका सम्पूर्ण सिर्जना र खोजहरूलाई योग्य व्यक्तिबाट अध्ययन-अनुसन्धान गरी समुचित मूल्याङ्कन गनुपर्ने आशासमेत राखिएको छ । |

| | |
|---|---|
| (२०) 'जनक हुमागाईँलाई सम्भदा' | **बितेकाहरूको सम्झना** सङ्ग्रहमा बीसौँ क्रममा सङ्गृहीत 'जनक हुमगाईँलाई सम्झदा' शीर्षकको निबन्ध पाँच अनुच्छेद र दुई पृष्ठमा आबद्ध रहेको लघु आकारमा आबद्ध रहेको छ । निबन्धको प्रमुख विषय काभ्रे, बलथली निवासी लेखकका प्यारा मित्र जनकप्रसाद हुमगाईँ ( १९९४–२०६३) को स्वभाव, व्यक्तित्व तथा साहित्यकारिताको स्मरण गरिएको छ । मूलतः कवि स्व. जनकप्रसाद हुमगाईँ समालोचक, शोधकर्ता, सम्पादक थिए भन्ने कुरा निबन्धबाट स्पष्ट हुन्छ । झापामा भिजेका हुमगाईँ प्रगतिशील विचारधाराका, जनकप्रसाद महानन्दझैँ कडा र निर्भीक, आजीवन श्यामप्रसादका विचारबाट प्रभावित रहेको कुरा उल्लेख गरिएको छ । हुमगाईँले श्यामप्रसादका हितमा काम गरेका **मेरा डायरीका पाना** (सन् १९९१) मा श्यामप्रसादले लगभग पातैपिच्छे जनकप्रसाद हुमगाईँको सहयोगको विचार, काम, योगदान र यात्राको चर्चा गरेको कुरा निबन्धमा उल्लेख गरिएको छ । लेखकको बुझाइअनुसार जनकप्रसाद राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्नसक्ने, हठी तर रचनात्मक थिए भनी भनिएको छ । उनको आकृति, लवाइखुवाइ सम्झदै लेखक हुमगाईँ काला, अग्ला, झोला र छाता साथै बोक्ने, कमिजसुरुवाल, कोट, इस्ककोट, टोपी लगाउने, घुमक्कडका रूपमा अर्थ्याइएको छ । जनकप्रसादले नेपालीभाषा विषयक एक पुस्तिकाप पनि प्रकाशित गरेको, जनक प्रगतिशील बन्न अरूलाई प्रेरणा दिने बहुमुखी प्रतिभाका धनी भएको चर्चा स्मरण निबन्धमा गरिएको छ । |
| (२१) 'पढ्दाका साथी पं. दुर्गाप्रसाद शास्त्रीको निधनमा दुई शब्द' | **बितेकाहरूको सम्झना** निबन्धसङ्ग्रहको अन्तिम एक्काईसौँ क्रममा सङ्गृहीत 'पढ्दाका साथी पं. दुर्गाप्रसाद शास्त्रीको निधनमा दुई शब्द' शीर्षकको निबन्ध चार अनुच्छेद र दुई पृष्ठमा समाहित भएको छ । निबन्धको मुख्य विषय लेखकका साथी पं. दुर्गाप्रसाद शास्त्रीको निधन **कान्तिपुर** पत्रिकामा पढ्दा उनका बारेमा उठेका स्मरणकारी भावतरङ्गको दृश्यचित्र रहेको पाइन्छ । निबन्धका अनुसार वाराणसेय |

| | |
|---|---|
| | संस्कृत छात्र परिषद्ले निकालेको **छात्रदूत** (२०१२) पत्रिका पल्टाउँदा पं. शास्त्री (१९९२–२०६१) लेखकका साथी रहेको छर्लङ्ग भएको कुरा प्रस्तुत गरिएको छ । लेखक पत्रिका बेच्ने र घुम्ने क्रममा धुलिखेल जाँदा भेटेका शास्त्री सञ्जीवनी मा. वि. का शिक्षक रहेका उनले चूडामणि हाम्रा साथी भनी चिनाएको आलो स्मरण निबन्धले गरेको छ । पं. शास्त्रीले **छात्रदूत** मा 'समाजले के भन्लान् ?' कथा लेखेर प्रकाशित भएको जसको भाव समाजमा जागरण ठूलो ओखती हो भन्ने कुराको स्मरणको प्रस्तुति निबन्धमा रहेको छ । पं. शास्त्रीपछि सञ्जीवनी मा. वि. प्र. अ.समेत भई कार्य गरेका, काभ्रेली राजनीतिमा संलग्न प्रजातान्त्रिक आन्दोलनका सर्जक, समाजसेवी आदि प्रसिद्ध व्यक्तिको रूपमा शास्त्रीलाई लेखकले स्मरण गरेको देखिन्छ । पं. शास्त्रीजस्ता समाजसेवक तथा शिक्षासेवकको स्मरणले लेखकलाई तत्कालीन बनारस र तत्कालीन नेपालको स्मरण गराएको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । |

## ५.६.३ भाषाशैली

आत्मपरक शैलीमा बितेका बीस जना व्यक्तिहरूको स्मरण गर्दै लेखिएको **बितेकाहरूको सम्झना** निबन्धसङ्ग्रहभित्रका २१ वटा निबन्धहरूमा सरल, मिश्र तथा संयुक्त तिनै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

सङ्ग्रहका विभिन्न निबन्धहरूभित्र तत्सम शब्दहरू : अथ, इति, यदाकदा, दुर्भाग्य, सौभाग्य (पृ. ९), चीरहरण, निष्कर्ष (पृ. १४), कष्ट, मृत्यु (पृ. १६), दुःख, दृष्टि (पृ. १९), वैधव्य (पृ. १७), न्यायाधीश (पृ. ३५), विद्यार्थी (पृ. ३४), श्रद्धाञ्जलि (पृ. ३६), सम्पादन, प्रकाशन, प्रसिद्ध, शशी, पीडा, पराकाष्ठा, कटिबद्ध, प्रभात, पारिजात, शुद्ध (पृ. ४६), चतुर्दिक (पृ. ५०), विज्ञान, अध्ययन (पृ. ५१), शुभेच्छा (पृ. ६३), योगदान (पृ. ६६), शिक्षा (पृ. ६६) आदि तथा आगन्तुक शब्दहरू : कलेज (पृ. ९), प्रुफ (पृ. १०), सिगरेट, डिग्री (पृ. १२), अप्रेसन (पृ. १७), जुल्फी (पृ. ४७), क्याम्पस, मोटर साइकल (पृ. ५०, ५१), अदालत (पृ. ३४), रजिस्ट्रर (पृ. ३४), सायद (पृ. ३५), चेम्बर (पृ. ३५) आदिको प्रयोग भएको देखिन्छ ।

अनुकरणात्मक शब्दहरू : झिलिक्कमिलिक्क (पृ. ३५), भ्वाट्ट (पृ. ३६), स्वाँस्वाँ (पृ. १५), पुकुपुकु (पृ. १५) र द्वित्व शब्दहरू : हाँसीहाँसी (पृ. २१), कतिकति (पृ. २०), लामालामा (पृ. २३), खासखास (पृ. ५१), भर्खरभर्खर (पृ. ६३), कताकता (पृ. ६५) तथा द्विरूक्ति शब्दहरू : फुर्तीफार्ती (पृ. २३), शोधखोज (पृ. ३२), यदाकदा (पृ. ५७) आदिको प्रयोग भएको पाइन्छ ।

त्यसै गरी सङ्क्षिप्त शब्दहरू बी. ए., पं. (पृ. ९), डी (पृ. १२), त्रि. वि. वि. (पृ. १८), प्रा. (पृ. ३१), डा. (पृ. ३३), स्व. (पृ. ३४), बी. एस्सी. (पृ. ५०), मा. वि. (पृ. ६५), प्र.अ. (पृ. ६६) आदिको प्रयोग भएको पाइन्छ ।

निबन्धभित्र कविताांशहरू पनि राखिएको पाइन्छ । जस्तै : मन्यै स्वभाव हो हाम्रो रुनुबाहेक लोकमा (पृ. १९) । चूडामणि रेग्मीको प्रस्तावित वर्णविन्यासको प्रयोग पनि यी निबन्धमा गरिएको छ । निबन्धसङ्ग्रहका निबन्धहरूमा भाषा सरल, बोधगम्य नै पाइनुका साथै सामान्य शैलीको प्रयोग भएको पाइन्छ ।

## ५.६.४ निष्कर्ष

चूडामणि रेग्मीले **बितेकाहरूको सम्झना** (२०६३) निबन्धसङ्ग्रहभित्र आफन्त, नातेदारहरू र गुरुहरू एवम् उनका शुभचिन्तक तथा समर्थक र विरोधी दुबै खाले साथीभाइ, साहित्यकार, पत्रकारहरूको मृत्युपश्चात् सम्झने क्रममा उनीहरूका व्यक्तित्व तथा कृतित्वहरूलाई अगाडि ल्याएर जीवन्त राखिएको पाइन्छ । सङ्ग्रहमा सङ्गृहीत ‘आमालाई एकैछिन सम्झदा : उठेका भावनाका तरङ्ग’ र ‘ ठूली दिदी : एक सम्झना’ शीर्षकका निबन्धहरूले नेपाली समाजको पुरुषप्रधान सामाजिक परम्पराका दुःख र कष्ट सहन बाध्य नेपाली चेलीहरूको पीडा र दर्दलाई राम्ररी प्रस्ट्याएको देखिन्छ । आफ्ना गुरु र आमाबुबाहरू जीवनमा प्रेरणाका स्रोत हुन् भन्ने अभिव्यक्ति तथा स्मरण ‘मेरा बुबा डि. पीताम्बर रेग्मी’ शीर्षक निबन्धमा पाइन्छ । देश विकास तथा साहित्य उत्थान अनि समाजको परिवर्तनका लागि लागी पर्ने साहित्यिक व्यक्तिहरू, कोही शिक्षक होस्, चाहे पत्रकार भएर अथवा खोज–अनुसन्धाता भएर होस् अथक रूपमा समाजको क्रान्तिमा लागी परेको हुन्छ भन्ने दृष्टान्त ‘पढ्दाका साथी दुर्गाप्रसाद शास्त्रीको निधनमा दुई शब्द’ निबन्धले प्रस्तुत गरेको छ ।

मृत्यु अवश्यम्भावी छ, त्यसैले मर्नेले मर्नेलाई के दिन सकिन्छ, केवल श्रद्धासुमन मात्र भन्दै रेग्मी भावविह्वल भएर थुप्रै स्वर्गीयहरूप्रति श्रद्धाञ्जलि दिएका छन् । मृत्युपछिका

काजक्रिया, सतीप्रथा, पुरानो काम नलाग्ने रूढिपरम्पराले समाजलाई पछिपार्ने विचार निबन्धहरूमा व्यक्त गरेको देखिन्छ ।

सङ्ग्रहमा रहेका सबै निबन्धहरूमा चूडामणि रेग्मीका विपक्षीहरू जो उनका आलोचक तथा आस्था र सिद्धान्त विरोधी थिए । तिनीहरूको समेत राम्रो पक्षको प्रशंसा गर्दै एउटा नेपालीत्व दृष्टिकोणलाई अँगालिएको पाइन्छ ।

# छैटौँ परिच्छेद
# उपसंहार तथा निष्कर्ष

शोधपत्रको पहिलो परिच्छेदमा 'शोधपरिचय'अन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्त्व र उपयोगिता शोधकार्यको सीमाङ्कन, शोधसामग्रीको सङ्कलनविधि र शोधपत्रको रूपरेखा राखिएको छ ।

दोस्रो परिच्छेदमा 'चूडामणि रेग्मीको सङ्क्षिप्त परिचय' शीर्षकमा चूडामणि रेग्मीको जन्म वि. सं. १९९३ साल चैत्र महिनाको २९ गते बिर्ता डि. पीताम्बर रेग्मी तथा माता खिलेश्वरी रेग्मीका एघारौं सन्तानका रूपमा संखुवासभा जिल्लाको बाना गाउँमा भएको थियो । उनको शिक्षादीक्षा प्रारम्भमा लुवाकोट निवासी श्री डम्बरबल्लभ शास्त्री गुरुबाट र त्यसपछि चारमहिनाजति दिङ्गलाका प्रसिद्ध गुरु पं. डिल्लीप्रसाद अधिकारीसँग भएको थियो । त्यसपछि खाँदबारीमा आधार पाठाशालामा पढाउने शिक्षक पं. हरिप्रसाद भण्डारीसँग गुरुकै घरमा बसी दुई वर्षजति **लघुकौमुदी** र **रघुवंश** आदिको अध्ययन गरेको देखिन्छ । २००९ सालमा काठमाडौँ गई पहिले पं. लोकनाथ ढकालका सहयोगबाट अध्ययन गर्दै रानीपोखरी पाठशालाबाट संस्कृत साहित्यमा सम्पूर्णमध्यमा परीक्षामा अनुत्तीर्ण भएपछि दाजु र बुबाको सल्लाहअनुसार बनारस अध्ययन गर्न गई बनारसस्थित वाराणसेय संस्कृत विश्वविद्यालयबाट रेग्मीले सन् १९५४ मा सम्पूर्णमध्यमा, सन् १९५६ मा शास्त्री र सन् १९९५ मा साहित्याचार्य (स्नातकोत्तर) गरेको देखिन्छ ।

चूडामणि रेग्मीको विवाह वि. सं. २००६ सालमा वेदकुमारी दाहालसँग सम्पन्न भई रेग्मीका तीन छोरीहरू रचना, मालती र कोपिला तथा दुई छोराहरू प्रदीप र हेमन्त रहेका छन् । उनी २०२१ सालदेखि झापाको भद्रपुरमा डेरा बस्दै आएको र हाल आफ्नै निजी घर झापाको चन्द्रगढीको लेखनाथ चोकस्थित झर्रो नेपाली घरमा बस्दै आएको पाइन्छ ।

जागिरका क्रममा रेग्मीले वि. सं. २०१७ देखि शिक्षण सेवा चैनपुरस्थित भोला कलेजबाट प्रारम्भ गरी वि. सं. २०१९/२० मा विराटनगरस्थित जनता हाईस्कुल र २०२१

सालदेखि २०५५ सालसम्म भद्रपुरस्थित मेची महाविद्यालय (हाल मेची बहुमुखी क्याम्पस) मा नेपाली विषयको प्रोफेसर र विभागीय प्रमुख पदमा रही २०५५ मङ्सिरदेखि सेवानिवृत्त जीवन बिताइरहेका छन् ।

चूडामणि रेग्मीको कलम साहित्यमा बनारसमा विद्यार्थी छँदादेखि चलेको देखिन्छ । २०१२ सालमा **छात्रदूत** पत्रिकामा 'गोडा भए जुत्ताको के खाचो ?' कथाबाट सुरु गरी कविता तथा निबन्ध, समालोचना, भाषा र व्याकरणमा समेत पुस्तक प्रकाशित गरी सकेका उनका २१ वटा पुस्तकहरू प्रकाशित रहेका छन् । पत्रकारिता पुरस्कार (२०४४) द्वारा सम्मानित रेग्मी राष्ट्रिय शिक्षा समिति पुरस्कार (२०४५), त्रिभुवन विश्वविद्यालय सेवापदक (२०४६), महानन्द पुरस्कार (२०४८), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), मदन पुरस्कार स्वर्ण वर्ष सम्मान (२०६३), डा. नरेन्द्र चापागाईं स्मृति पुरस्कार (२०६४) आदि २५ वटा भन्दा बढी सम्मान तथा पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ ।

झट्ट हेर्दा कठोरजस्ता देखिने रेग्मी कोमल हृदयका, निर्भीक तथा स्पष्ट वक्ता, अग्लो, मोटो शरीरका देखिन्छन् । चूडामणि रेग्मीलाई चिन्नेजान्नेहरू साहित्य तथा लेख लेख्नका लागि सबैमा उत्प्रेरणा जगाउने उत्प्रेरक व्यक्तित्वका रूपमा मान्दछन् । कथा, कविता, निबन्ध, एकाङ्की, समालोचना, भाषा र व्याकरणमा स्थापित भएका रेग्मीको पत्रकार, सम्पादक तथा प्रकाशकको व्यक्तित्व पनि  महत्त्वपूर्ण रहेको पाइन्छ । बनारस छँदैदेखि नै बनारसबाट प्रकाशित झर्रोवादी आन्दोलनको सम्बाहक र अभियन्ता भनेर चिनिने **नौलो पाइलो** (२०१३) पत्रिकासँग आबद्ध रेग्मी झापा आएपछि नेपाली साहित्य परिषद् झापाको प्रकाशन **मोती**  (२०२४) का दुई अङ्कसम्म सम्पादक, **धारा** (२०२४), **शारदा श्री** (२०२५), **अध्ययन** (२०२६) जस्ता विभिन्न पत्रिकाहरूको सम्पादक, साहित्यिक पत्रकारको रूपमा परिचित रेग्मीले २०२६ साल असोज २४ गतेदेखि **युगज्ञान** साप्ताहिक अखबारको समेत प्रकाशन गरेको देखिन्छ ।  त्यसैगरी रेग्मी वि. सं. २०३८ सालदेखि **जुही** त्रैमासिक पत्रिकाको प्रकाशक तथा प्रत्यक्षअप्रत्यक्ष रूपमा सम्पादक रहँदै आएका र हाल स्वर्णाङ्क प्रकाशित **जुही** प्रकाशन गरेर निरन्तर अघि बढाइरहेका छन् । रेग्मीको सम्पादत्वमा २०५२ सालदेखि **यथार्थकुरा** पाक्षिक विचार प्रधान साहित्यिक पत्रिका पनि प्रकाशित हुँदै आइरहेको छ ।

तेस्रो परिच्छेदमा 'चूडामणि रेग्मीको निबन्धयात्रा' शीर्षकअन्तर्गत झापामा बसाइ सरेपछि २०२२ सालमा **भानु** पत्रिकामा 'कस्तो अर्ती खानु ?' निबन्ध प्रकाशित गरी रेग्मीले निबन्धयात्राको थालनी गरेको र त्यस समयलाई प्रथम चरण मानी उनले **साधना** निबन्धसङ्ग्रह (२०३०), **धूनमा घुन** (२०३५), **गफडीका गफ** (२०६३) र **आँखा र मनका पाइलाहरू** (२०६३) आदि सङ्ग्रहमा पर्ने निबन्धहरूमध्ये माथिका सुरुका तीनवटा सङ्ग्रहका सम्पूर्ण निबन्धहरू अनि **आँखा र मनका पाइलाहरू**मा सङ्कलित 'कस्तो अर्ती खानु ?', 'मास्टर चरो', 'व्यङ्ग्य', 'यो भीड यो समुद्र', 'पुरानो मदिरा', 'छुने दिन', 'अथातो घुमक्कड जिज्ञासा', '**जुही** घरघरका आँगनमा गमलाझैँ सजियोस्', शीर्षकका ८ वटा निबन्धहरू यस चरणका निबन्ध मानिएको छ । यस चरण (२०२२ सालदेखि २०४६ सालसम्म) का निबन्धहरूमा सुरुसुरुका निबन्धहरू छोटाछोटा सिकारुले घरायसी पाराले वर्णन गरेझैँ लाग्ने निबन्धहरू र उत्तरकालका निबन्धहरू अभ्यस्त लेखनीका परिष्कृत भइसकेका, तत्कालीन पञ्चायती व्यवस्थाप्रति असन्तुष्ट विचारलाई गफडी, चर्खे आदि छद्म नामले व्यङ्ग्य गरिएका, विचारप्रधान निबन्धहरूले तत्कालीन स्वार्थी, चाकरी, चाप्लुसी, नातावाद, सत्तामोह आदि प्रकृतिलाई विषयवस्तु बनाइएका र ती प्रकृतिमा सुधारको अपेक्षा भएका सन्देशमूलक निबन्धहरू पर्दछन् । यस चरणका रेग्मीका निबन्धहरू केही स्वच्छन्द र बढी यथार्थोन्मुख प्रगतिशील प्रवृत्तिका देखिन्छन् ।

चूडामणि रेग्मीको निबन्ध लेखनको दोस्रो चरण २०४७ सालदेखि सुरु भई २०६० सम्मको १४ वर्षको अवधिलाई मानिएको छ । यस कालमा पर्ने मुख्य निबन्धहरू **घुमेका कुरा** ( २०५६) मा सङ्गृहीत १३ वटा यात्रासंस्मरणात्मक निबन्ध तथा **आँखा र मनका पाइलाहरू** मा सङ्गृहीत  २०५१ सालको 'हारजित र दृष्टिकोण' निबन्धदेखि २०६० सालको 'बितेको समयलाई सलाम छ चूडामणिको' शीर्षकसम्मका १९ वटा निबन्धहरू पर्दछन् । यस चरणमा 'आँगमा नहिँड्ने कुरा', 'मेरो अडबाङे निर्णय', 'मुसाको रासलीला', 'काङ्ग्रेसको पुच्छर' र **घुमेका कुरा**हरूको आधारमा २०४६ सालपछिको देशमा बुर्जुवा प्रजातान्त्रिक व्यवस्थाको आगमन, यसको प्राप्ति र अप्राप्तिलाई मुख्य विषय मानी लेखिएका निबन्धहरू पर्दछन् । निबन्धमा रेग्मीको लेखनी परिपक्व प्रौढ मानसिकता बोकेर भाषासाहित्य र देश विकास गर्नुपर्ने, दलीय पानी बाराबारको घेराबाट माथि उठ्नुपर्ने, गरिब बिपन्नको जीविकोपार्जनमुखी बन्नुपर्ने

अभिव्यक्ति दिँदै देशदर्शनमा हिँडेको यात्रात्मक, पत्रात्मक त विचारात्मक निबन्धद्वारा मध्यमार्गी यथार्थवादी प्रगतिशील प्रकृति प्रस्तुत हुन्छ ।

रेग्मीको निबन्ध यात्राको तेस्रो चरण २०६१ देखि २०६३ सम्मको काललाई तेसो चरण मान्दा **आँखा र मनका पाइलाहरू**का 'मेरो पनि धोको अधुरै रह्यो'लगायतका ५ वटा र **बितेकाहरूको सम्भना** (२०६३) का २१ वटै निबन्धहरू पर्दछन् । यी निबन्धहरूमा कुनै आस्था र सिद्धान्तको आडमा नरही व्यक्ति र वस्तुलाई वस्तुवादी, मानवीय तथा नेपालीपनले हेरिनुपर्ने मानवतावादी, देशप्रेम प्रवृत्ति भल्किएको देखिन्छ ।

चोथो परिच्छेदमा चूडामणि रेग्मीका **साधना** (२०३०), **धूनमा घुन** (२०३५), **घुमेका कुरा** (२०५६), **गफडीका गफ** (२०६३), **आँखा र मनका पाइलाहरू** (२०६३) र **बितेकाहरूको सम्भना** (२०६३) ६ वटा निबन्धसङ्ग्रहभित्रका निबन्धहरूलाई तिनीहरूको विषयवस्तु, भाषशैली र प्रस्तुतिका आधारमा विश्लेषण गरिएको छ । विचारमूलक निबन्धहरूमा 'जूवा', 'धुला र शीतका गीतहरू', 'भूतघर ?', 'बानी', 'तर्साउने त्र', 'जुनकुरा बिर्सिइन्न', 'घोरिने बेला', 'आफ्नो साथी आफू', 'साँचो कुराको जिली गाँठी', 'यो उही हो ?', 'हिउँदको रमभम' 'धूनमा घुन', 'ढुङ्गो पनि रसाउँछ', 'साथको साथी', 'आजकाल बजारमा देखिनु हुन्न नि !', 'पैसा हात परेको बेला', 'कस्तो अर्ती खानु ?', 'मास्टर चरो', 'व्यङ्ग्य', 'यो भीड यो समुद्र !', 'छुने दिन', 'पुरानो मदिरा', 'जुही घरघरका टेबुलका गमालाभैँ सजियोस् !', 'हार, जित र दृष्टिकोण', 'आँगनमा नहिँड्ने कुरा', 'मेरो अड्बाङे निर्णय', 'प्राज्ञिक आनन्द', 'निर्भीक भएर लेख्नास् !', 'पुरस्कृत मेरो सानो गन्थन', 'मेरा हस्स परेका बाचाहरू', 'आफ्नै कविता आफ्नै जीवन आफ्नै विवेचना', 'मेरो खेल रुचि', 'तेन्दुकरले शतक ढोके' 'नकारात्मक आलोचना', 'सकारात्मक गतिविधि', 'हराएको रचना भेट्दा', 'अचेल रमित हेर्न थालेको छु', 'बितेको समयलाई मिठो सलाम छ चूडामणिको', 'एउटा कथा भयो एउटा कथा पनि', 'पत्रकारिता गर्दाको अनुभव', 'गोष्ठी विचारको एउटा कथा' निबन्धहरू पर्दछन् । त्यस्तैगरी व्यक्तिसंस्मरणात्मक निबन्धहरूमा **आँखा र मनका पाइलाहरू**बाट 'म, मेरी दिदी र कमल दीक्षित' एउटा र **बितेकाहरूको सम्भना** (२०६३) बाट 'लक्ष्मण गुरु : सानो सम्भना', 'काशीबहादुर श्रेष्ठलाई सम्भदा', 'मेरा मूल प्रेरक बुबा डि. पीताम्बर रेग्मी', 'आमालाई एकैछिन सम्भदा उठेका भावनाका तरङ्ग', 'ठूली दिदी : एक सम्भना', 'भानिज डा. बल्लभमणि दाहालको निधनमा दुई शब्द', 'भानिज लेखनाथ

चापागाईँलाई सम्झनु पर्दा', 'मैले जानेबुझेका पं नयनराज पन्त', 'झापाली साहित्यिक गतिविधिमा प्रा. डा. नरेन्द्र चापागाईँ', 'साथी हरिश्चन्द्रलाई श्रद्धाञ्जलि', '**जुही**का कार्यक्रममा थुन्से बोक्ने कवि नारी जयकला आचार्यको सम्झनामा केही शब्द', 'डिल्लीप्रसाद भट्टराईको कविता 'सानी छोरी हेर्दा', 'छोटकरी विचार', 'साथी गणेश भण्डारीलाई सम्झदा', 'घनश्याम खनाललाई सम्झदा', 'देवीप्रसाद उप्रेती : मेरो सम्झनामा', 'स्वयम्भूलाल श्रेष्ठको सम्झना', 'श्यामको सानो सम्झना', 'जनकप्रसाद हुमगाईँलाई सम्झदा', 'अन्वेषक तथा सृजनशील पत्रकार एस्. एल्. शर्माको सम्झना गर्दा', 'साथी दुर्गाप्रसाद शास्त्रीको निधनमा दुईशब्द' गरी जम्मा २२ वटा निबन्धहरू पर्दछन् ।

यात्रा संस्मरणात्मक निबन्धहरूमा **साधना** निबन्धसङ्ग्रह (२०३०) भित्रको 'मुसाको दुलो' १, **घुमेका कुरा** निबन्धसङ्ग्रह (२०५६) भित्रका 'दिङ्गला जाँदाको सम्झना', 'विद्वान् बनेर खाँदबारी गएँ ! कवि बनेर चन्द्रगढी फिरे !', 'जानकीको साम्राज्य जनकपुर धाम', 'हजुर ! नेपालगन्ज !', 'दाङ आमाको काखमा दुई दिन विश्राम', 'तानसेन रमाइलो', 'भगवान बुद्धको जन्मस्थलमा एकदिन', 'चक्रव्यूहको अभिमन्युः बनेपा', 'विदुरमा चार घण्टा', 'पोखरा प्रवास २०५२ को सम्झना', 'इटहरी-धरानका केही सम्झना', 'विराटनगर बसाइ २०५४ को सम्झना', 'आश्चर्यमय दार्जिलिङ यात्रा' गरी १३ वटा निबन्ध र **आँखा र मनका पाइलाहरू**भित्रका 'गोष्ठी, वर्षा र अभर', 'इटहरीमा अच्छा राई जयन्ती', 'अथातो घुमक्कड जिज्ञासा', 'गाईघाट जाँदाको सम्झना', 'धनकुटामा नयाँ भएर' आदि शीर्षकका १५ वटा गरी जम्मा १९ वटा निबन्धहरू राखिएका छन् ।

हास्यव्यङ्ग्य निबन्धहरूमा **साधना** सङ्ग्रहकाबाट 'झिँगो र मह', 'स्वाँगे नेता', 'सस्तोमा सस्तो' ३ वटा र **धूनमा घुन**बाट 'छुट्टीका दिन', 'भाग्गे र जुद्धे', 'कुरा गरिन् खानका' ३ वटा; **आँखा र मनका पाइलाहरू**बाट 'मुसाको रासलीला', 'काङ्ग्रेसको पुच्छर' २ वटा; **गफडीका गफ** (२०६३) निबन्धसङ्ग्रह भाग (१–२) का विभिन्न शीर्षक गरी १० वटा निबन्धहरूलाई राखिएको छ भने पत्रात्मक निबन्धमा **आँखा र मनका पाइलाहरू**बाट 'मेरो पनि धोको अधुरै रह्यो' शीर्षकको निबन्ध गरी जम्मा ९० वटा निबन्धहरू र दईभाग गरी ९२ निबन्धहरूलाई ५ प्रकारमा विभाजन गरिएको छ ।

विचारमूलक निबन्धहरूमा समाजका दुष्प्रवृत्ति, स्वार्थीभावना, आत्मबोधलाई निर्भीक र स्वच्छन्द भई आफ्ना विचार तथा सुधारको सन्देश अभिव्यक्ति दिएको पाइन्छ भने व्यक्तिसंस्मरणात्मक निबन्धहरूमा आफन्त, नातेदार (आमाबाबुलगायत) गुरु, मित्रहरूप्रतिहरूको सम्झना तथा श्रद्धा व्यक्तिएको पाइन्छ । यात्रा संस्मरणात्मक निबन्धमा नेपालको विभिन्न ठाउँ तथा दार्जिलिङ यात्राका क्रममा देखेका, दृश्य, घटना र आफ्ना भावनाहरू पोखिएका पाइन्छन् भने हास्यव्यङ्ग्य निबन्धमा राष्ट्रिय–अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय विकृतिविसङ्गतिप्रति व्यङ्ग्य वाण हान्दै परिष्कार अपेक्षाको अभिव्यक्ति पाइन्छ । एउटा मात्र पत्रात्मक शैलीको निबन्धबाट आफ्नो भाव वा विचार प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा चूडामणि रेग्मीका विभिन्न ६ वटा निबन्धहरूको विश्लेषण गर्ने क्रममा रेग्मीको पहिलो निबन्धसङ्ग्रह **साधना** (२०३०) को विश्लेषण पुस्तकको परिचय, त्यसभित्र सङ्कलित १२ वटा निबन्धहरूले अँगालेको विषयवस्तु, भाषाशैलीको विश्लेषण गरी निष्कर्ष समेत दिइएको छ । यस निबन्धसङ्ग्रहभित्रका 'जूवा', 'धुला र शीतका गीतहरू', 'भूतघर ?', 'बानी', 'तर्साउने त्र', 'जुनकुरा बिर्सिइन्न', 'घोरिने बेला', 'आफ्नो साथी आफू' शीर्षकका निबन्धहरूमा विषयवस्तुका रूपमा सामाजिक संस्कार, रूढिवादी परम्परा, व्यक्तिका स्वार्थी भावना तथा दुश्चरित्रको चर्चा गर्दै सुधारको अपेक्षा गरिएको विषयलाई मुख्य विषयका रूपमा लिइएको छ । 'मुसाको दुलो' निबन्धमा शान्तिनगर डाँडाको यात्रालाई स्मरण गरिएको विषयवस्तु पाइन्छ । **साधना** सङ्ग्रहकै 'झिगो र मह', 'स्वाँगे नेता', र 'सस्तोमा सस्तो' शीर्षक निबन्धमा मानिसको झिँगे प्रवृत्ति, नेताको समाजसेवी स्वाङ र सस्तो बजारु कलाकारिताप्रति व्यङ्य विषयलाई उठाइएको छ । सम्पूर्ण सङ्ग्रहका निबन्धहरूको भाषा सरल तथा तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दहरूको प्रयोग गरी सरल, मिश्र र संयुक्त वाक्यहरूको संयोजनमा सामान्य शैलीमा लेखिएको छ ।

**धूनमा घुन** (२०३५) निबन्धसङ्ग्रहभित्रका 'साँचो कुराको जिली गाँठी', 'यो उही हो?', 'हिउँदको रमझम' 'धूनमा घुन', 'ढुङ्गो पनि रसाउँछ', 'साथको साथी', 'आजकाल बजारमा देखिनु हुन्न नि !', 'पैसा हात परेको बेला' शीर्षकका निबन्धमार्फत व्यक्ति वस्तुलाई यथार्थताको कोणबाट हेरिनुपर्ने, समयसँगै वस्तु व्यक्तिमा भएको परिवर्तन, हिउँदयामको रमाइलो, लेख्ने लहड, बजार कृत्रिमता र ठगहरूको थलो भएको विचार मुख्य विषयवस्तुका रूपमा रहेको

पाइन्छ । 'छुट्टीका दिन', 'भाग्गे र जुद्धे' र 'कुरा गरिन् खानका' शीर्षकका निबन्धहरूको मुख्य विषयवस्तु मान्छेको अल्छी र खाक्रो फुइँ, भाग्यवादी नेपालीपरम्परा, खानु मान्छेको आवश्यक कुरा र खाने क्रममा नखाने चीजहरू खाएका दृष्टान्तहरूको चर्चा रहे पनि मुख्यतः व्यङ्ग्यकै प्रधानता पाइन्छ । यस सङ्ग्रहमा रेग्मीले आत्मपरक शैलीमा झर्रा, तत्सम, अनुकरणमूल, आगन्तुक आदि शब्दको प्रयोग गरी सरल, मिश्र तथा संयुक्त वाक्यले सरल भाषामा र सामान्य शैलीको प्रयोग गरेका निबन्धहरू रहेका छन् ।

**घुमेका कुरा** (२०५६) निबन्धसङ्ग्रह विश्लेषणको क्रममा सबैभन्दा पहिले निबन्धसङ्ग्रहको छोटो परिचय र निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको शीर्षकगत विषयवस्तु र भाषाशैलीको व्याख्या गरिएको छ । यसभित्रका तेरवटै निबन्धहरूमा रेग्मीले विभिन्न ठाउँहरू दिङ्गला, खाँदबारी, जनकपुर, नेपालगन्ज, दाङ, तानसेन, लुम्बिनी, बनेपा, विदुर, पोखरा, इटहरी, धरान, विराटनगर र दार्जिलिङ आदि ठाउँमा घुम्दा त्यहाँको प्राकृतिक, भौतिक, शैक्षिक, सांस्कृतिक, साहित्यिक पाटोलाई संस्मरणका रूपमा वर्णन गरी यात्रामा घटेका घटना र ती ठाउँप्रतिको आफ्नो भावानुभूतिलाई मुख्य विषय बनाएर प्रस्तुत गरिएको देखिन्छ । निबन्धसङ्ग्रहका निबन्धहरू आत्मपरक (धेरै) र वस्तुपरक (थोरै) शैलीमा लेखिएका छन् । निबन्धहरूमा प्रयोग भएका तत्सम, झर्रा, अनुकरणात्मक, आगन्तुक र सङ्क्षिप्त शब्दहरू; सरल, मिश्र र संयुक्त वाक्यमा प्रयुक्त गरिएको पाइन्छ । भाषा सरल हुनाका साथै सामान्य शैलीको प्रयोग गरिएको देखिन्छ भने रेग्मीको प्रस्तावित वर्णविन्यासको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ ।

**गफडीका गफ** (२०६३) निबन्धसङ्ग्रहको विश्लेषणमा पुस्तकको बाह्य परिचय, त्यसपछि दुईभागमा रहेका गफ शीर्षकको नम्बरगत विषयवस्तु र भाषाशैलीको विश्लेषण गरिएको छ । यस सङ्ग्रहभित्रका दुई भागमा १०६ गफहरू रहेका छन् । ती गफहरूमा समाजमा व्याप्त विकृति र विसङ्गति, दुराचार, स्वार्थी प्रवृत्ति, चाकरी, चाप्लुसी, सत्तालिप्सा आदिप्रतिको व्यङ्ग्य र ती प्रवृत्तिबाट माथि उठ्नुपर्ने सन्देशयुक्त विषयवस्तु रहेको पाइन्छ । गफको भाषा सरल, तत्सम, आगन्तुक, अनुकरणात्मक शब्द प्रयोग गरी संयुक्त, मिश्र तथा सरल वाक्यमा संरचित भएको पाइन्छ । बोधगम्य सामान्य व्यङ्ग्यात्मक शैलीमा निबन्धसङ्ग्रह लेखिएको छ ।

**आँखा र मनका पाइलाहरू** (२०६३) निबन्धसङ्ग्रहको विश्लेषणको क्रममा सर्वप्रथम निबन्धसङ्ग्रहको बाह्य परिचयसहित विषयवस्तु र भाषाशैलीको वर्णन–विश्लेषण गरिएको छ । 'कस्तो अर्ती खानु ?', 'मास्टर चरो' 'व्यङ्ग्य', 'यो भीड यो  समुद्र !', 'पुरानो मदिरा',

'छुने दिन', 'अथातो घुमक्कड जिज्ञासा', '**जुही** घरघरका टेबुलमा गमलाझैँ सजियोस्', 'हारजित र दृष्टिकोण', 'आँगनमा नहिँड्ने कुरा', 'मेरो अड्वाङ्गे निर्णय', 'प्राज्ञिक आनन्द', 'निर्भीक भएर लेख्नुहोस् !', 'पुरस्कृत मेरो सानो गन्थन', 'मेरा हस्स परेका बाचाहरू', 'आफ्नै कविता, आफ्नै जीवन : आफ्नै विवेचना', 'मुसाको रासलीला', 'मेरो खेल रुचि', 'काङ्ग्रेसको पुच्छर', 'तेन्दुलकरले शतक ठोक', 'गोष्ठी विचरणको एउटा कथा', नकारात्मक आलोचना सकारात्मक गतिविधि', 'गोष्ठी, वर्षा र अमर', 'इटहरीमा अच्छा राई जयन्ती', 'एउटा रचना भेट्दा', 'मेरो पनि धोको अधुरै रह्यो', 'अचेल रमित हेर्न थालेको छु', 'म, मेरी दिदी र कमल दीक्षित', 'बितेको समयलाई मिठो सलाम छ चूडामणिको', 'गाईघाट जाँदाको सम्झना', 'धनकुटामा नयाँ भएर', 'एउटा कथा भयो, एउटा कथा पनि', 'पत्रकारिता गर्दाका अनुभव' शीर्षक निबन्धहरूमा क्रमशः अर्ती बुझेर खानु, मास्टर निरीह चरो भएको, समस्त अस्तित्व व्यङ्ग्य, मान्छेको सङ्ख्या वृद्धिले बढेको भिड र प्रदुषण, सुरक्षित सामान पुरानो मदिरा भएको, बाल्यकाल स्मरणकारी हुने, ताप्लेजुङ यात्राको स्मरण, **जुही** पत्रिका बिकेर **जुही** लेखकले पारिश्रमिक पाऊन्, आफ्ना विचारहरू स्वाभिमान भएका, आफ्ना हठ निर्णयहरू, प्राज्ञिक आनन्द सर्वोत्तम आनन्द भएको, सिद्धान्तनिष्ठ निर्भीक हुनुपर्ने, असलकाम गर्ने अठोटमा घात पुगेको, नेताहरूको सत्ता र शक्ति दुरूपयोग कार्य, क्रिकेट खेलप्रतिको रुचि, काङ्ग्रेसीकरण र पुच्छ्रेप्रवृत्ति, भारतीय क्रिकेट खेलाडी विश्वकै चर्चित र नेपाल–भारतको भाइ सांसदयुक्त भएको धारणा, विभिन्न साहित्यिक गोष्ठी जाँदाको अनुभव, राम्रो काममा नकारात्मक आलोचना हुँदा पनि दृढ रहेको विचार, २०५६ सालमा शान्तिनगर गोष्ठीमा जाँदाको स्मरण, अच्छा राईको ७३ औँ जयन्तीको अनुभव स्मरण, पुराना रचना भेट्दाको आनन्दानुभूति, चितवनमा धेरै साहित्यकारलाई भेटी गफगाफ गर्ने धोको पूरा नभएको विचार, सेवानिवृत्त रेग्मीको जीवन नाति स्कुल गएको रमित, गीतावादी गीतवादीको रमिते बनेको, झर्रो नेपाली घरमा कमल दीक्षितको आगमन र मेरी दिदी कविता वाचन– श्रवण, गाईघाट जाँदा परेको दुःखको स्मरण, धनकुटाको अहिलेको परिवेश र पहिलेको

परिवेशमा तुलनात्मक स्मरण र समीक्षा, हरिहर खनाल सम्मान, २०६१ भाद्रमा चितवन गएको कथा, परकारजीवनका तीतामीठा अनुभव आदि विषयवस्तु रहेको पाइन्छ ।

**आँखा र मनका पाइलाहरू** (२०६३) आत्मपरक शैलीमा लेखिएको विचारमूलक तथा संस्मरणात्मक र एक पत्रकात्मक (मेरो पनि धोको अधुरै रह्यो) निबन्धभित्र सरल, मिश्र र संयुक्त वाक्यहरूको प्रयोग गरिएको देखिन्छ । निबन्धमा प्रशस्त झर्रा शब्दहरू तत्सम, आगन्तुक, अनुकरणात्मक शब्दहरूका साथै उखान र टुक्काहरूको समेत प्रयोग गरिएको छ । निबन्धहरू सरल र सहज भाषामा सामान्य शैलीको प्रयोग गरेर रचना गरिएको छ भने उक्त निबन्धहरूमा रेग्मीको प्रस्तावित वर्णविन्यासको पनि प्रयोग गरिएको छ ।

**बितेकाहरूको सम्झना** (२०६३) निबन्धसङ्ग्रहको विश्लेषणमा पुस्तकको परिचय दिँदै त्यसभित्रका निबन्धहरूको विषयवस्तु तथा भाषाशैलीको व्याख्या गरिएको छ । निबन्धसङ्ग्रहमा रहेका २० वटा निबन्धहरूमा २० जना व्यक्तिहरू पं. लक्ष्मण शास्त्री, काशीबहादुर श्रेष्ठ, बुबा डि. पीताम्बर रेग्मी, आमा खिलेश्वरीदेवी रेग्मी, देवप्रिया दाहाल, डा. बल्लभमणि दाहाल, लेखनाथ चापागाईं, पं. नयनराज पन्त, प्रा. डा. नरेन्द्र चापागाईं, हरिश्चन्द्र उपाध्याय, जयकला आचार्य, डिल्लीप्रसाद भट्टराई, डा. गणेश भण्डारी, घनश्याम खनाल, देवीप्रसाद उप्रेती, स्वयम्भूलाल श्रेष्ठ, श्यामकृष्ण उपाध्याय, जनकप्रसाद हुमगाईं, पं. दुर्गाप्रसाद शास्त्री र एस्. एल्. शर्मा आदिको स्वभाव र चरित्र, व्यक्तित्व तथा योगदानको बारेमा चर्चा गर्दै उनीहरूको मृत्युले पुऱ्याएको क्षतिबारे बताइएको छ । **बितेकाहरूको सम्झना** (२०६३) संस्मरणात्मक निबन्धसङ्ग्रहका निबन्धहरू आत्मपरक शैलीमा व्यक्तिहरूको सम्झना गर्दै लेखिएको छ । निबन्धसङ्ग्रहका निबन्धहरूमा तत्सम, झर्रा, अनुकरणात्मक, आगन्तुक, द्वित्व, द्विरूक्ति र सङ्क्षिप्त शब्दहरूको प्रयोग गरी सरल, मिश्र र संयुक्त तिनै प्रकारका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । भाषा सरल, सुबोध हुनुका साथै सामान्य शैलीको प्रयोग गरिएको छ ।

नेपाली निबन्ध इतिहासको चरण विभाजनलाई हेर्दा आधुनिक निबन्धको दोस्रो चरणमा उदाएका रेग्मी निजात्मक तथा विचारात्मक शैलीका निबन्धकार हुन् । उनका **साधना**, **धूनमा घुन**, **आँखा र मनका पाइलाहरू** निबन्धसङ्ग्रहमा सामाजिक विषयवस्तुमा आधारित भएका निबन्धहरू छन् । जुवा, तास, बानीव्यवहार, विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य गर्दै तिनीहरूबाट मुक्त हुन समाजसुधारको अपेक्षा गरिएका उपदेशमूलक निबन्धहरू पर्दछन् । रेग्मी

आफूले देखेका र भोगेका कुराहरूलाई जस्ताको तस्तै उतार्न सिपालु भएको कुरा 'घोरिने बेला', 'भूतघर' आदि निबन्धका आधारमा लिन सकिन्छ । समाजमा व्याप्त चाकरी, चाप्लुसी, चम्चागिरिसमेतको विरोधीस्वर उनका निबन्धमा पाइन्छ । चूडामणि रेग्मी स्वतन्त्र तथा स्वाभिमान विचार धाराका पक्षपाती, आफू कसैको गुलामी नगर्ने, निर्भीक भई लेख्ने निबन्धकार हुन् ।

चूडामणि रेग्मीको **घुमेका कुरा** निबन्धसङ्ग्रहभित्र यात्रासंस्मरणात्मक निबन्धहरूमा आफूले घुमेका ठाउँबाट पाठकलाई ती ठाउँको दृश्य, समाज, राजनीति, शिक्षा आदिको प्रत्यक्ष प्रसारणको रूपमा अनुभव दिलाउने तथा यात्रा बिसाएर फुर्सदको समयमा घोत्लिएर लेखेको भान हुने स्मरणकारी विषयवस्तु पाइन्छ । व्यक्तिसंस्मरणात्मक निबन्धसङ्ग्रह **बितेकाहरूको सम्झना**मा रेग्मीका परिवारजन, आफन्तजन, गुरुजन, मित्रजन तथा परिचित व्यक्तिहरूको सम्झना गर्दै उनीहरूको व्यक्तित्व तथा कृतित्वलाई झल्काएको पाइन्छ । उनका संस्मरणात्मक निबन्ध आफ्नो सेवानिवृत्त समयमा पत्रपत्रिकाको विक्रीवितरण र घुमक्कड जिज्ञासासमेत पूर्तिका लागि निस्कने क्रममा नेपालका जहाँजहाँ पुगे । त्यस ठाउँका परिवेश, प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक एवम् राजनैतिक आदि पाटाहरूलाई टपक्क टिपेर प्रस्तुत गरेको पाइन्छ । यस्तो यात्रामा लेखकको निजात्मक समवेदनाभित्रका विषयहरू पनि झल्किएका देखिन्छन् ।

चूडामणि रेग्मीका हास्यव्यङ्ग्य निबन्धहरूमा सामाजिक एवम् राजनीतिक विसङ्गतिले जन्माएका विकृतिहरूको निराकरणका निमित्त आरम्भ गर्ने अभियानको तयारीमा जुट्ने र आफूबाट समर्थित वैचारिक पक्ष सत्तारोहण भए पनि सापेक्षित रूपमा त्यसका प्राप्ति र अप्राप्तिको समीक्षा, स्वीकार वा वहिष्कारका औचित्य कायम रहने दृष्टिकोण निबन्धमा उद्घाटित भएको पाइन्छ । **गफडीका गफ** निबन्धसङ्ग्रहका हास्यव्यङ्ग्य निबन्धमा आत्मपरक शैलीमा देश, राष्ट्र र स्थानीय क्षेत्रका विसङ्गति, विकृतिलाई लेखकले व्यङ्ग्यको वाण हानेको पाइन्छ ।

चूडामणि रेग्मीका विचारात्मक, संस्मरणात्मक, हास्यव्यङ्ग्यात्मक वा व्यङ्ग्यात्मक आदि जुनसुकै निबन्धमा पनि समाजको तल्लो वर्गलाई माथि उठाउने चेतना र जागरणको ओखतीको काम गर्ने खालका विषयवस्तु भएकाले उनलाई बामपन्थी विचारबाट प्रभावित प्रगतिशील भएको मान्न सकिन्छ । उनी आफू सत्ताको चाकरी नगर्ने स्वाभिमानी भएका त्यसको परिणाम

आफूले भोगेको र बलैले स्वाभिमान बचाउन सक्षम बनेको पाइन्छ । सत्ताको चाकरी, चाप्लुसी गर्नेले आफूलाई धज्जी काटेको कटु अनुभव उनका निबन्धमा पाइन्छ । आफ्ना निबन्धमा निर्भीकतापूर्वक प्रगतिशील दृष्टिकोण प्रस्तुत गर्नु उनको निबन्धगत प्रवृत्ति हो । रेग्मी आफू झर्रोवादी भएकाले झर्रो नेपाली शब्दको प्रयोक्ता भएका र आफ्ना रचनामा प्रशस्त यस्ता शब्दहरू प्रयोग गरेको पाइन्छ । उनको प्रस्तावित वर्णविन्याससम्बन्धी आफ्नै अलग मान्यताअनुसार रचनामा हलन्त वहिष्कार गर्ने, चन्द्रबिन्दु र अनुनासिकमा शिरबिन्दुको प्रयोग, ए र ऐ को वहिष्कार गरी अे, अैजस्ता वर्णविन्याससम्बन्धी अनौठा प्रयोग रहेको पाइन्छ ।

स्पष्ट भाषा, शुद्ध नेपाली शब्दावली, सरस कथनशैली आदि चूडामणि रेग्मीका निबन्धगत विशेषता हुन् । गफ शैलीमा व्यङ्ग्यात्मक अभिव्यक्ति प्रकट गर्ने गफडी व्यक्तित्व बनेका रेग्मीले नेपाली निबन्धलाई सबल र सुदृढ बनाउने उल्लेखनीय कार्य गरेका छन् ।